सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० भदौ २०८२, मंगलबार (26 Aug 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ जिल्लाको आदेशविरुद्ध उच्च गए रवि

थुनाबाहिरै बसेर मुद्दा लड्न पाउनुपर्ने माग

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७१ बमोजिम थुनामुक्तिका लागि निवेदन



■ रविपत्नी निकिता भन्छिन्-

न्यायका हरेक ढोका ढकढक्याउँछु



मेरो श्रीमान् भन्नुहुन्छ- यो देशमा शक्ति पृथकीकरण समाप्त भएको धेरै भइसक्यो, एउटै रावणका फरक टाउका गन्न छाडिदेऊ । तर, श्रीमतीका रूपमा मेरो पनि जिद्दी छ- न्याय पाइयोस् कि नपाइयोस्, म संविधान र कानुनले अनुमति दिएका देशभित्र र बाहिरका न्यायका हरेक ढोका ढकढक्याउनेछु । बिगो तोकिदेऊ र त्योबराबरको बैंक जमानत लिएर जेलबाहिरबाट मुद्दा लड्न देऊ, मेरो आग्रह यत्ति हो । मैले हिजो पनि भनेकी हुँ र आज पनि भन्छु, मेरो श्रीमान्को जीवन सुरक्षित छैन । भैरहवा कारागारमा उहाँलाई कसरी राखिएको थियो, अब मैले केही भनिरहनुपर्दैन । यिनीहरूले किन जेल सार्न मानिरहेका थिएनन्, यिनीहरूको नियत के थियो, त्यो पनि बताइरहनुपर्दैन । आफैंले झुटा मुद्दा लगाएर, सत्ता र शक्तिको चरम दुरुपयोग गरेर जेलमा थुनेको एउटा बन्दीलाई प्रधानमन्त्रीदेखि महामन्त्रीसम्मले संसद्को रोस्टमबाट किन धम्क्याइरहेका होलान्, त्यो पनि अब मैले भनिरहनुपर्दैन ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ मा 'अदालतले धरौट, जमानत वा बैंक जमानत लिई तारिखमा राख्न सक्ने' व्यवस्था छ । त्यस्तै, दफा ७१ मा कारबाहीको जुनसुकै अवस्थामा पनि जमानतमा राख्न सकिने व्यवस्था छ । 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थाअनुसार दफा ६८ बमोजिम निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ,' उक्त दफामा भनिएको छ, 'दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ ।'

बुटवलमा **विष्णु घिमिरे**

बुटवलको सुप्रिम सहकारी ठगी मुद्दामा आफ्नो भागको बिगो बुझाउँदा पनि थुनामै पठाउने रुपन्देही जिल्ला अदालतको आदेशविरुद्ध रास्वपा सभापति रवि लामिछानेले उच्च अदालतको ढोका ढकढक्याएका छन् । लामिछानेले जिल्लाको आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७१ बमोजिम थुनामुक्तिको माग गर्दै उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा सोमबार निवेदन दिएका हुन् ।



■ सरकारी वकिलविना नै बमजनको थुनछेक बहस र धरौटीमा छाड्ने कास्की अदालतको आदेश विवादमा

आदेश रद्द नभए न्यायपरिषद् जाने पीडितहरूको चेतावनी

समाचार **पृष्ठ २**

दफा ६८ मा 'अदालतले धरौट, जमानत वा बैंक जमानत लिई तारिखमा राख्न सक्ने' व्यवस्था छ । त्यस्तै, दफा ७१ मा कारबाहीको जुनसुकै अवस्थामा पनि जमानतमा राख्न सकिने व्यवस्था छ । 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थाअनुसार दफा ६८ बमोजिम निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ,' दफा ७१ मा भनिएको छ, 'दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ ।'

उच्च अदालत तुलसीपुर, बुटवल इजलासका सूचना अधिकारी रामबहादुर कुँवरका अनुसार नक्खु कारागारमार्फत प्राप्त भएको लामिछानेको निवेदन सोमबार दर्ता भएको छ । मंगलबार बिदा रहेकाले बुधबार एकल इजलासमा सुनुवाइ हुने उनले बताए ।

सहकारी ठगीमा आफ्नो संलग्नता नभएको बताउँदै आएका रवि आफ्नो भागको बिगोबराबरको बैंक जमानत बचतकर्ताको बचत फिर्ताको सुनिश्चित आफूबाटै गर्नका लागि भएको दाबी गर्छन् । उनले आफ्नो भागको बिगोबराबरको जमानत लिएर रिहा गर्न माग गर्दै जिल्ला अदालत रुपन्देहीमा १९ साउनमा निवेदन दिएका थिए । सुप्रिम सहकारीको सामूहिक बिगो १० करोड ९९

» पृष्ठ २ मा क्रमशः

■ पर्यटन बोर्डमा बेथितिका चाङ

आठ वर्षदेखि भएन लेखा परीक्षण

आर्थिक गतिविधिमा गल्ती वा बेइमानी भए-नभएको पत्ता लगाउन तथा सुधारका नीति बनाउन बर्सेनि गर्नुपर्ने अन्तिम लेखा परीक्षण पर्यटन बोर्डले ०७४/७५ देखि गरेको छैन, ०८०/८१ को प्रारम्भिक लेखा परीक्षणले बोर्डमा अनियमितताका चाङ देखाएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

कुनै पनि सार्वजनिक संस्थानले आर्थिक गतिविधिमा गल्ती वा बेइमानी भए-नभएको पत्ता लगाउन तथा सुधारका लागि भावी नीति बनाउन हरेक वर्ष लेखा परीक्षण गर्नुपर्छ । तर, देशलाई पर्यटनको गन्तव्यस्थल बनाउने मूल उद्देश्य लिएर स्थापित नेपाल पर्यटन बोर्डले ०७४/७५ देखि लेखा परीक्षण गरेको छैन । यसका लागि बोर्ड कार्यकारी समितिले निर्णय गरेर महालेखा परीक्षकको कार्यालयलाई प्रस्ताव गर्नुपर्नेमा नगरेपछि लेखा परीक्षण नै हुन नसकेको हो ।

आठ वर्षसम्म लेखा परीक्षण नै नगरी बेथितिको चाङ लागेको बोर्डको नेतृत्वमा भने अधिकांश अवधि कार्यकारी प्रमुख (सिइओ) दीपकराज जोशी छन् । दोस्रो कार्यकालका लागि २० भदौ ०८१ मा नियुक्ति पाएका जोशी पहिलो कार्यकालमा पनि तीन वर्ष ०७४/७५, ०७५/७६ र ०७६/७७ मा बोर्डको नेतृत्वमा थिए । तर, उनले विगतमा मात्रै होइन, ०८१/८२ मा पनि लेखा परीक्षण गराउन चासो दिएका छैनन् । बोर्ड कार्यकारी (सञ्चालक) समितिको अध्यक्ष रहने पर्यटनसचिव हरिप्रसाद मैनालीले समेत बेवास्ता गरेपछि चालू आर्थिक वर्षका लागि पनि जोशीले १३ असारमा हतारमा एक अर्ब ५९ करोडको बजेट पारित गराएका थिए । जबकि बजेटको मस्यौदा पेस गर्ने क्रममा केही सञ्चालकले लेखा परीक्षण प्रतिवेदनमाथि चासो राखेका थिए ।

लेखा परीक्षण गराउन बोर्ड सञ्चालक समितिले सक्रियता नदेखाएको महालेखा परीक्षक तोयम राया बताउँछन् । 'सञ्चालक

» पृष्ठ २ मा क्रमशः

०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले उजागर गरेको छ बोर्डभित्रका यस्ता अनेक बेथिति

- एयरलायन्स कम्पनीहरूलाई अवैध रूपमा पर्यटन सेवा शुल्कमा छुट
- बोर्डको पैसामा मदिरा मस्ती
- डेढ करोडको सम्पत्तिको छैन बिमा
- नगरपालिकाहरूलाई दिएको १७ करोड ८८ लाखको पेस्की फस्यौट भएन
- ठमेलमा २०२४ को न्यु इयर फेस्टिभल मनाउन जथाभावी भुक्तानी
- खर्च विवरण परीक्षण नगरी सात करोड ५८ लाखको भुक्तानी
- सम्भाव्य नभएको संग्रहालय निर्माणमा एक करोड बजेट

आर्थिक वर्ष ०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले बोर्डभित्र अनेकन बेथिति देखिएको उजागर गरेको छ । तर, बोर्ड कार्यकारी समितिले त्यसलाई पारित नगर्दा अन्तिम लेखा परीक्षण हुन सकेको छैन । सुरुमा महालेखा परीक्षकको कार्यालयले संगठित संस्थाको लेखा परीक्षण गराउन नियुक्त गरी पठाएका लेखा परीक्षकले कैफियतसहित प्रारम्भिक प्रतिवेदन दिन्छन् । सो रिपोर्टलाई संस्थाको व्यवस्थापनले कार्यकारी समितिमा पेस गर्छ र समितिबाट पारित गरेपछि महालेखा परीक्षकको कार्यालयले त्यसलाई अन्तिम लेखा परीक्षण प्रतिवेदनको मान्यता दिन्छ । तर, पर्यटन बोर्ड व्यवस्थापनले प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनलाई कार्यकारी समितिमै पेस नै नगरी बेथितिलाई छोपिरहेको छ ।

● महालेखा परीक्षक **तोयम राया** भन्छन्-

लेखा परीक्षण गराउन बोर्ड सञ्चालक समितिले सक्रियता देखाएन



वर्षौंदेखि हुन नसकेको लेखा परीक्षण सम्पन्न नगरी सञ्चालक समितिका अध्यक्षले बजेट पारित गर्न दिनुहुँदैनथ्यो, यसमा सञ्चालक समिति नै बढी जिम्मेवार हुनुपर्ने हो । कानुनले पनि महालेखा परीक्षकलाई पूर्णाधिकार दिएको छैन । हदै भए लेखा परीक्षण नगर्ने अधिकारीलाई विभागीय कारबाही सिफारिस गर्न सकिन्छ ।

बोर्डका सिइओ **दीपकराज जोशी** भन्छन्- एक महिनाभित्रै लेखा परीक्षण टुंग्याउन लागेको छु



विभिन्न प्राविधिक कारणले हालसम्म पर्यटन बोर्डको लेखा परीक्षण हुन सकेको छैन । अब यसलाई अगाडि बढाउनुपर्छ । म एक महिनाभित्रै टुंगो लगाउन लागिपरेको छु ।

■ ०७५ यता ११ पर्यटनसचिव फेरिए, बोर्डको लेखा परीक्षणमा कसैले देखाएनन् अग्रसरता

पर्यटन बोर्डमा ०७५ यता ११ अध्यक्ष फेरिइसके । पर्यटन मन्त्रालयका सचिव बोर्डको अध्यक्ष रहने व्यवस्था छ । तर, हालसम्म कसैले पनि बोर्डको लेखा परीक्षणलाई पूर्णता दिन अग्रसरता देखाएनन् । यो अवधिमा कृष्णप्रसाद देवकोटा, मोहनकृष्ण सापकोटा, केदारबहादुर अधिकारी, यादवप्रसाद कोइराला, महेश्वर न्यौपाने, सुरेश रिजाल, भरतमणि सुवेदी, डा. दीपक काफ्ले, गणेशप्रसाद पाण्डे र विनोदप्रकाश सिंह पर्यटनसचिव भइसके । यीमध्ये अधिकांश पूर्वपर्यटनसचिवहरूले अवकाश पनि लिइसकेका छन् । हाल हरिप्रसाद मैनाली पर्यटनसचिवको रूपमा आएका छन् । यद्यपि, उनले लेखा परीक्षण प्रतिवेदन अधि बढाउनेभन्दा पनि बोर्डको बजेट खर्चलाई नै पहिलो प्राथमिकतामा राखे ।

७८ लाख घुस 'डिल'को अडियो तत्कालीन मन्त्री गुप्ताकै भएको पुष्टि

मुद्दा चलाउन अख्तियारलाई मिल्यो प्रमाण, तानिन सक्छन् घटनाको केन्द्रमा रहेका भूमिमन्त्री बलराम अधिकारी





नयाँ पत्रिका

७८ लाख घुस 'डिल' अडियो प्रकरणमा राजीनामा दिएका निवर्तमान संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तामाथि मुद्दा चलाउने प्रमाण अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जुटाएको छ । सार्वजनिक भएको घुस डिलसम्बन्धी अडियो उनकै भएको पुष्टि भएपछि आयोगले

» पृष्ठ २ मा क्रमशः

■ आन्तरिक असहमति र उपनिर्वाचनको डरले कांग्रेस एक कदम पछाडि

उपसभामुखविरुद्ध आचरणको प्रस्ताव अगाडि नबढाउने कांग्रेसमा समझदारी

नयाँ पत्रिका

उपसभामुख इन्दिरा रानाविरुद्ध पदअनुकूलको आचरण नगरेको प्रस्ताव अगाडि बढाउने गृहकार्यबाट प्रमुख सत्तारूढ कांग्रेस पछि हटेको छ । पार्टीभित्रकै विरोध, रूपन्देही- ३ को उपनिर्वाचन र सरकारविरोधी असन्तुष्टि चर्किएको भन्दै कांग्रेस शीर्ष नेताहरू प्रस्ताव 'स्थगन' गर्ने निष्कर्षमा पुगेका हुन् ।

सोमबार सभापति शेरबहादुर देउवानिवासमा बसेको संसदीय दल कार्यसमिति बैठकमा उपसभामुख रानाविरुद्ध प्रस्ताव अगाडि नबढाउने समझदारी भएको प्रमुख सचेतक श्याम घिमिरेले बताए । 'उपसभामुखको विषयमा अहिले केही पनि प्रक्रिया अगाडि बढ्दैन । अहिले आचरणसम्बन्धी केही पनि हुँदैन,' उनले भने, 'बैठकमा सामान्य छलफल गर्यौं र अहिले केही पनि नगर्ने भनेर स्पष्ट पार्यौं ।'

स्रोतका अनुसार बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले उपसभामुखविरुद्ध आचरणको प्रस्ताव अगाडि बढाउन अहिले उपयुक्त समय नभएको

» पृष्ठ २ मा क्रमशः

राज्य व्यवस्था समिति सभापति कांग्रेसलाई नै



दिलेन्द्र बडू र अम्बिका बस्नेत चर्चामा

उपसभामुखविरुद्धको प्रस्ताव अगाडि नबढ्ने भयो



● **श्याम घिमिरे**
प्रमुख सचेतक, कांग्रेस

बैठकमा सामान्य छलफल गर्यौं र अहिले केही पनि नगर्ने भनेर स्पष्ट पार्यौं । उपसभामुखको विषयमा अहिले केही पनि प्रक्रिया अगाडि बढ्दैन । आचरणसम्बन्धी केही हुँदैन ।

■ जापानिज इन्सेफ्लाइटिसको डरलाग्दो संक्रमण

चार महिनामै ८४ जनामा संक्रमण, १५ को मृत्यु

संक्रामक रोगमध्ये सबैभन्दा घातक मानिने जापानिज इन्सेफ्लाइटिसबाट चितवन र कपिलवस्तुमा बढी असर, क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट बच्न चिकित्सकको सुझाव

शिवहरि घिमिरे/नयाँ पत्रिका

गत वर्षको तुलनामा यस वर्ष जापानिज इन्सेफ्लाइटिसको संक्रमण र मृत्युदर ह्वात्तै बढेको छ । वैशाखदेखि ९ भदौसम्म ८४ जनामा संक्रमण देखिएकामा १५ जनाको ज्यान गएको छ । जबकि गत वर्षभर ८६ जनामा संक्रमण भएकोमा २५ जनाको मृत्यु भएको थियो ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार चार महिनाको अवधिमै १५ जनाको मृत्यु हुनु डरलाग्दो संकेत हो । उनका अनुसार सबैभन्दा धेरै चितवन र कपिलवस्तुका बिरामीको मृत्यु भएको छ ।

चिकित्सकहरूका अनुसार संक्रामक रोगमध्ये जापानिज इन्सेफ्लाइटिस

» पृष्ठ २ मा क्रमशः





■ स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख **डा. अभियान गौतम** भन्छन्-

जापानिज इन्सेफ्लाइटिस निकै घातक संक्रमण हो । यसबाट मृत्यु हुने दर पनि धेरै छ । क्युलेक्स प्रजातिको लामखुट्टेले टोक्यो भने यो संक्रमण हुने हो । असारदेखि असोजसम्मको मौसम यस्तो प्रकारको रोग सार्ने लामखुट्टेका लागि राम्रो मानिन्छ । क्युलेक्स प्रजातिको लामखुट्टेले कुखुरा, गाई, भैंसी, सुँगर र हाँस आदिलाई टोक्छ । त्यही लामखुट्टेले मानिसमा टोक्यो भने जापानिज इन्सेफ्लाइटिस हुन्छ । यस्तो प्रकारको लामखुट्टेले धान खेतमा बढी फुल पार्छ । त्यहीबाट बढी फैलिन्छ, त्यसैले सजग हुनैपर्छ ।

■ हुन सक्छ प्यारालाइसिस र मानसिक समस्यासम्म

क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट हुने जापानिज इन्सेफ्लाइटिसका कारण उच्च ज्वरो आउँछ । जोडले टाउको दुख्छ । होस, चेत हराउँछ । बोल्दाबोल्दै मानिस बेहोस हुन्छ । मुख्यतः दिमागमा असर गर्ने भएकाले मानसिक रूपमा विक्षिप्त पार्न सक्छ । कसैलाई त प्यारालाइसिस नै हुन्छ । शाखाका प्रमुख डा. गौतमका अनुसार छिटो उपचार भए निको हुने र ढिलो गर्दा मृत्यु हुने जोखिम हुन्छ । भ्याक्सिन लगाएको छ भने ९५ प्रतिशत सुरक्षित हुन्छ । बालबालिकामा बढी जोखिम हुने भएकाले उनीहरूलाई खोप अनिवार्य लगाउन आवश्यक रहेको डा. गौतम बताउँछन् । सरकारले जन्मेको १५ महिनाभन्दा माथिका बालबालिकालाई यो खोप नियमित खोप तालिकाअनुसार लगाउँदै आएको छ । यो खोप एकपटक मात्रै लगाइन्छ ।

■ जोगिने मुख्य उपाय सचेतता र खोप

चिकित्सकहरूका अनुसार लामखुट्टे नष्ट अभियानले मात्रै जापानिज इन्सेफ्लाइटिस नियन्त्रण हुँदैन । डेंगु गराउने एडिस प्रजातिको लामखुट्टे सानो भाँडाको पानी वा सफा पानीमा बस्छ । यसको नियन्त्रण गर्न सम्भव हुन्छ । तर, जापानिज इन्सेफ्लाइटिस गराउने क्युलेक्स टाइट्यानोरिंकस प्रजातिको लामखुट्टे नियन्त्रण गर्न कठिन छ । यो प्रजातिको लामखुट्टे पोखरी, धानखेत, जनावर भएको स्थान र धेरै पानी जम्मा भएको स्थानमा हुने भएकाले यसलाई नियन्त्रण गर्न गाह्रो हुन्छ । जापानिज इन्सेफ्लाइटिसबाट जोगिने मुख्य उपाय भनेको सचेतता र खोप नै रहेको चिकित्सकहरूको भनाइ छ ।

जडीबुटी राखिएको ट्रकमा भेटियो आठ करोडको भेप

जडीबुटी राखिएको ट्रकभित्र लुकाएर नेपालगन्जतर्फ लैजान लागिएको अवस्थामा दैलेखबाट ३९ हजार नौ सय थान भेप बरामद



नयाँ पत्रिका

हुम्लाको हिल्सा नाकाबाट तस्करी भएको आठ करोड रुपैयाँबराबरको विद्युतीय चुरोट (भेप) बरामद भएको छ । जडीबुटी राखिएको ट्रकभित्र लुकाएर नेपालगन्जतर्फ लैजान लागिएको अवस्थामा दैलेखबाट ३९ हजार नौ सय थान भेप राजस्व अनुसन्धान कार्यालय र सशस्त्र प्रहरीको टोलीले शनिबार बरामद गरेको हो ।

कर्णाली राजमार्गअन्तर्गत दैलेखको आठबिसकोट नगरपालिका- ६ बाट ना.अ.प.आ ८३ नम्बरको कन्टेनरमा ठुलो मात्रामा भेप बरामद भएको हो । कन्टेनरमा वन कार्यालयले सेतक चिनी भनेर टाँचा लगाएको थियो । यसमा ठुलो गिरोहको संलग्नताको आशंका छ ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थ चिलुवालका अनुसार भेपसहित तीनजना पक्राउ परेका छन् । 'जडीबुटी भनेर उनीहरूले भेप तस्करी गर्न खोजेको देखिन्छ,' उनले भने, 'हामीले सशस्त्र प्रहरीसँग मिलेर सुराकीको आधारमा उनीहरूलाई पक्राउ गरेका हौं, कोलहपुरस्थित कार्यालयले यसमा अनुसन्धान गरिरहेको छ ।'

हुम्लाको सिमिकोट गाउँपालिका- ५ घर भएका २७ वर्षीय छिरिङ लामा, मुगुको छत्यांक गाउँपालिका- ५ घर भएका ३२ वर्षीय जनक रोकाय र सोही ठाउँका २७ वर्षीय कन्टेनरचालक भूमि रोकाय भेपसहित पक्राउ परेका छन् । वनको

» पृष्ठ २ मा क्रमशः

NIMB AUTO LOAN @6.29% p.a.

■ सरकारी वकिलविना नै बमजनको थुनछेक बहस र धरौटीमा छाड्ने आदेश विवादमा

आदेश रद्द नभए न्यायपरिषद् जाने पीडितहरूको चेतावनी

जिल्ला न्यायाधिवक्ताले आइतबारै भनेकी थिइन्– थुनछेक बहसमा हामीलाई खबरै गरिएन, तर न्यायाधीशले बहसमा उपस्थित भएको भनेर आदेशमा उतारे सहायक न्यायाधिवक्ताको नाम

पोखरामा **रोहितराज पराजुली**

मुद्दा अभियोजन गर्ने निकाय सरकारी वकिलको कार्यालयका प्रतिनिधिको उपस्थितिविनै सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष ज्ञानबहादुर बमजनविरुद्धको मुद्दाको थुनछेक बहस र धरौटीमा छाड्ने कास्की जिल्ला अदालतको आदेश विवादमा परेको छ। मुद्दा दायरअघि नै फरार बमजन आइतबार अदालतमा हाजिर भएकै दिन बयान र थुनछेक बहस सकाएर १० लाख धरौटीमा छाड्ने आदेश भएको थियो। तर, थुनछेक बहसमा सरकारी वकिल नै उपस्थित नभएको भन्दै आदेश रद्द नभए न्यायपरिषद् जाने पीडितहरूले चेतावनी दिएका छन्।

सूर्यदर्शन सहकारीपीडित संघर्ष समितिले सोमबार पोखरामा पत्रकार सम्मेलन गर्दै न्यायाधीश शंकरबहादुर राईको एकल इजलासले बमजनलाई १० लाख धरौटीमा छाड्न गरेको आदेश खारेज गर्न माग गरेका हुन्। समितिका अध्यक्ष किरण श्रेष्ठले अभियोजनकर्ता सरकारी वकिलको कार्यालयका प्रतिनिधिको अनुपस्थितिमा धरौटीमा छाड्न दिएको आदेश बदर गर्दै सरकारी वकिलको उपस्थितिमा पुनः बयानसँगै थुनछेक बहस हुनुपर्ने माग गरे।

'सरकारी वकिल कार्यालयबाट बहस भएपछि जाहेरवाला र त्यसपछि प्रतिवादीले अनि पुनः सरकारी वकिलले जवाफी बहस गरेपछि त्यो सुनेर न्यायाधीशले आदेश दिने चलन छ। तर, ज्ञानबहादुर बमजनको हकमा सुरुमा प्रतिवादी र पछि जाहेरीवालाका कानुन व्यवसायीले बहस गरे। पुनः प्रतिवादीले जवाफी बहस गरेपछि न्यायाधीशले आदेश सुनाए,' उनले भने, 'हामी बयान लिनेदेखि बहस गर्दासम्म अदालतमा थियौँ, थुनछेक बहसका क्रममा सरकारी वकिल कार्यालयका कोही पनि आएर बहस गरेको देखेनौँ।'

तर, सोमबार आदेश उतार्दा जिल्ला अदालतले 'सरकारी वकिलको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता सुजाता पौडेलले बहस गरेको' उल्लेख गरेपछि चलखेलमा आदेश आएको आशंका पीडितहरूले गरेका छन्। जबकि जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले 'बमजनको बयान लिँदा सरकारी वकिल गए पनि थुनछेक बहसबारे जिल्ला अदालतबाट खबर नै आएकाले प्रतिनिधि उपस्थित हुन नसकेको' आइतबारै नयाँ पत्रिकालाई बताएकी थिइन्।

बहसमा संलग्न भएको भनेर आदेशमा नाम उल्लेख भएकी पौडेललाई यसबारे प्रश्न गर्दा भनिन्, 'तपाईंहरू (नयाँ पत्रिका)ले आइतबार हाम्रो म्याडम (जिल्ला सरकारी वकिलको कार्यालय कास्कीका जिल्ला न्यायाधिवक्ता कमला काफ्ले)सँग कुरा गरिसक्नुभएको होइन ?'

उहाँ (काफ्ले)ले त थुनछेक बहसका लागि आफूहरूलाई खबर नआएपछि नगएको भन्नुभएको थियो, पीडितहरूले पनि सरकारी वकिल कार्यालयबाट बहस गर्न कोही पनि आएनन् भनेका छन्, तर न्यायाधीशले गरेको आदेशमा तपाईंले बहस गरेको उल्लेख छ नि भनेपछि पौडेलले आत्तिँदै दुई शब्द बोलिन्, 'ए म इजलासमा गएँ।' यति भनेपछि फोन काटेकी उनले पुनः पटक-पटक गरेको फोन उठाइनन्।

पीडितहरूले सरकारी वकिलले बहस गरेको हो भने सिसिटिभी फुटेज देखाएर पुष्टि गर्न पनि चुनौती दिएका छन्। उनीहरूले भनेका छन्, 'सरकारी वकिल (पौडेल)ले बहस गरेको भनेर आदेशमा किन नाम लेखियो। अदालतमा सिसिटिभी छ होला, यदि सहायक जिल्ला न्यायाधिवक्ता गएको भए हामीलाई फुटेज देखाइयोस्, नभए हामी आइतबारको आदेश कुनै पनि हालतमा स्वीकार गर्दैनौँ। हामी उच्च अदालत र न्यायपरिषद्सम्म जान्छौँ।'

बहसका क्रममै पनि पीडित पक्षका कानुन व्यवसायी युवराज पराजुलीले इजलासमा 'सरकारी वकिल किन नआएको भनी प्रश्न गर्दा न्यायाधीश राईले आएर गइसक्नुभयो' भन्ने जवाफ दिएका श्रेष्ठले बताए। 'हामी सुरुदेखि अन्त्यसम्म इजलासमै छौँ। अनि न्यायाधीशले झुटो बोलेर हुन्छ ?' उनले भने, 'आएको भए हामीलाई प्रमाण चाहियो।' सरकारी वकिलले बहस नै नगरेका कारण बमजन छुटेको पीडितहरूको आरोप छ। 'ज्ञानबहादुरको कार्यकालका उपाध्यक्ष देवकुमार नेपालीलाई भन्दा कम धरौटी मागिएको छ। जिम्मेवारीका हिसाबले अध्यक्षसँग धेरै घरौटी मागिनुपर्ने होइन र ?' उनले प्रश्न गरे, 'फरार भनेको र रेड कर्नर नोटिस जारी गरिएका मानिस अमेरिकाबाट आउँछ, प्रहरीले कुनै पत्तै पाउँदैन, आएर अदालत हाजिर हुन्छ, एकै दिन बयान र बहस पनि सकिन्छ र धरौटीमा छाड्ने आदेश पनि हुन्छ,' श्रेष्ठले भने, 'हामी अदालतको सम्मान गर्छौं, तर यो सबै काम हेर्दा भएका सबै काम सेटिङमा भयो भनी भन्न मिल्ने कि नमिल्ने ?'

सहकारी ठगीमा फरार जिबी राईका जेठानसमेत रहेका बमजन मुद्दा चलेको आठ महिनापछि आइतबार कास्की जिल्ला अदालतमा उपस्थित भएका थिए।

■ **बयानमा समेत त्रुटि**

बमजनको बयानका क्रममा इजलासले विभिन्न १८ प्रश्न सोधेको थियो। १८ प्रश्नमध्ये नौ नम्बरमा 'तपाईंलाई तपाईंले गरेको मौकाको बयान व्यहोरा पढिबाची सुनाइन्छ के कसो हो खुलाइदिनुस्' भनेर इजलासले प्रश्न गरेको थियो। जवाफमा बमजनले 'उक्त बयान व्यहोरा देखाई पढिबाची सुनाउँदा सुनेँ, व्यहोरा तथा सहीछाप ठिक छ' भनी उत्तर दिएका थिए।

सहकारीपीडितले यसमा पनि प्रश्न गरेका छन्। संघर्ष समितिका अध्यक्ष किरण श्रेष्ठले भने, 'मौकाको बयान भनेको जिल्ला प्रहरीले पक्राउ गरेपछि लिने बयान हो, ज्ञानबहादुरलाई प्रहरीले कहिले पक्राउ गर्‍यो र उनले प्रहरीलाई कहिले बयान दिए र प्रहरीले कहिले बयान लियो ?' लिँदै नलिएको बयानका सम्बन्धमा इजलासले प्रश्न गरेर यस विषयलाई झन् विवादित बनाएको श्रेष्ठको भनाइ छ। बमजन आफैँ अदालतमा हाजिर भएकाले उनलाई प्रहरीले कहिले पक्राउ गरेर बयान लियो भन्दै पीडितले सोधेका छन्।

■ **८० वर्षीय पीडित भन्छन्– न्यायालयबाट मिलेमतोमा काम भएको छ**

पत्रकार सम्मेलनमा पुगेका ८० वर्षीय सहकारीपीडित भीमप्रसाद चपाईंले न्यायालयबाट मिलोमतोमा काम भएको आरोप लगाए। 'न्यायपालिकाबाट नै मिलेमतोमा काम हुन्छ भने हामीले कसको भरोसा गर्ने, हामीले न्याय पाएनौँ, यस्तै हो भने भावी पुस्ताले पनि पाउँदैनन्,' उनले भने। एक मुठी रगत रहेसम्म न्यायका लागि लड्ने बताउँदै उनले भने, 'शासकहरू गरिबलाई मासेर आफू मात्र बाँच्न पाउनुपर्छ भन्ने सोचका साथ अघि बढेका छन्। नेताहरूलाई कति पैसा चाहिने हो ?'

■ **रविलाई मात्र थुनेर हुँदैन**

संघर्ष समितिका अध्यक्ष किरण श्रेष्ठले सहकारी ठगीमा रवि लामिछानेलाई मात्र थुनेर केही नहुने बताए। 'यदि कोही दोषि छ भने थुन्नुपर्छ, थुन्न हुन्न भन्ने होइन,' उनले भने, 'तर, एकजनालाई लगेर थुन्ने, राजनीतीकरण गर्ने अनि सरकार चुप लागेर बस्ने काम भएको छ। रविलाई थुन्ने प्रहरीले ज्ञानबहादुरलाई पक्राउ गरेर किन अनुसन्धान नगरेको भन्दै प्रश्न गरेका श्रेष्ठले भने, 'ज्ञानबहादुरले ०६५ देखि सहकारी ठगीका काम गरेका हुन्। ज्ञानबहादुर दोस्रो जिबी हुन्।'

सहकारीको मुद्दा फास्ट ट्र्याकबाट छिनोफानो हुनुपर्ने उनले माग गरे। पीडितका कुरा लिएर एक वर्षअघि गृहमन्त्रीलाई भेट गरेको र पुनः एक वर्षपछि भेट गर्दासमेत कुरा एउटै रहेको बताउँदै श्रेष्ठले समस्या समाधानका लागि काम नभएको बताए। 'समस्या समाधानका लागि हामीले प्रधानमन्त्री, दलका नेताहरू, सबैलाई भेट गर्‍यौँ। तर, समाधानका लागि कसैबाट पनि पहल भएको पाएनौँ,' उनले भने।

७८ लाख घुस...

पृष्ठ १ बाट क्रमशः

उनीमाथि छानबिन तीव्र पारेको छ। सो अडियोकै आधारमा उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गर्न पर्याप्त प्रमाण पुग्ने भएपछि आयोगले उनलाई बयानमा बोलाएको छ। सार्वजनिक भएको अडियो पूर्वमन्त्री गुप्ताकै हो वा होइन भनेर आयोगले उनको स्वर परीक्षण (भ्वाइस टेस्ट) गराएको थियो। ल्याबबाट सो आवाज उनकै भएको रिपोर्ट आएको स्रोत बताउँछ। त्यसकै आधारमा आयोगले सो प्रकरणमा संलग्न सबैमाथि विस्तृत अनुसन्धान तीव्र पारेको हो। यसमा घुस लेनदेनको प्रमाण नभेटिए पनि लिने-दिने मनसाय प्रस्ट देखिएकाले त्यो भ्रष्टाचार निवारण ऐनअनुसार आकर्षित हुने स्रोत बताउँछ।

यो घटनाको केन्द्रमा भने बहालवाला भूमि व्यवस्थामन्त्री बलराम अधिकारी छन्। पैसा खाएर पनि अधिकारीले काम नगरिदिएको गुनासो सो अडियोमा गुप्ताले गरेका छन्। अधिकारीकै मन्त्रालयअन्तर्गत कास्की मालपोतमा कर्मचारी सरुवा, लिचिबारी जग्गाको स्वामित्व विवादको निरूपण तथा भूमि आयोगको अध्यक्ष नियुक्तिसम्बन्धी विषयमा त्यसरी घुस डिल भएको थियो।

बिचौलिया सुजन लामाले मन्त्री अधिकारीका छोरा र तत्कालीन भूमि व्यवस्थासचिव अर्जुन पोखरेललाई समेत आफूले सहयोग गरेको भनेर बोलेको अडियोसमेत बाहिर आइसकेको छ। सो विषयमा पनि आयोगले छानबिन गरिरहेको छ।

गुप्ताले कास्कीको भूमि आयोगको अध्यक्ष नियुक्तिका लागि २५ लाख र कास्की मालपोतका प्रमुख थमौती/सरुवाका लागि ५३ लाख गरेर ७८ लाख रुपैयाँको डिल गरेका छन् । यही डिल सार्वजनिक भएपछि आलोचनाका बिच गुप्ताले गत ३१ असारमा पदबाट राजीनामा दिएका थिए।

गुप्ताको अडियोसहितको उजुरी गत १० असारमै दर्ता भएपछि अख्तियारले अनुसन्धान अधिकृत नै तोकेरै छानबिन गरिरहेको छ। घुस प्रकरणसँग जोडिएको पोखराको लिचीधारीको जग्गाबारे विवरणसमेत अख्तियारले मगाएको छ। अख्तियारले कास्की मालपोतलाई पत्र काटेर जग्गासम्बन्धी कागजात र जग्गाको अवस्थालगायतका विवरण मागेको छ।

यो प्रकरणको केन्द्रमा रहेका भूमि व्यवस्थामन्त्री अधिकारी भने अझै पदमै छन्। उनीमाथिको मुद्दा बिचौलिया लामाको बयानका आधारमा भर पर्ने स्रोत बताउँछ। यसमा नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठसमेत आयोगको छानबिनमा छिन्। उनीसँग पनि आयोगले सोधपुछ गरिरहेको छ।

उपसभामुखविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

बताएका थिए। यस्तो कदम चाले त्यसले रूपन्देही- ३ को उपनिर्वाचनमा प्रभाव पार्ने भन्दै सभापति देउवाको ध्यानाकर्षण गराएका थिए। बैठकमा रूपन्देहीबाट फर्केका महामन्त्री शर्माले चुनावी परिवेशको ब्रिफिङ गरेका थिए। शर्मा उपनिर्वाचनमा पार्टीको अवस्था बुझ्न भन्दै रूपन्देही-३ गएका थिए। प्रमुख सचेतक घिमिरेले बैठकमा रूपन्देही- ३ को उनिर्वाचनबारे छलफल भएको, तर केही निर्णय नभएको बताए।

रानाविरुद्ध पदअनुकूलको आचरण नगरेको प्रस्ताव अगाडि बढाउन केही दिनअघि कांग्रेस-एमालेबिच सहमति भएको थियो। त्यसैअनुसार दुवै पार्टीले आफ्ना सांसदको खाली कागजमा हस्ताक्षर संकलन थालेका थिए। तर, कांग्रेस महामन्त्रीद्वय शर्मा र थापाले हस्ताक्षर गरेका थिएनन्। इतर समूहका नेता डा. शेखर कोइरालाले भने हस्ताक्षर अभियानमै असहमति जनाएका थिए। दुवै महामन्त्रीले उपसभामुखविरुद्धको प्रस्तावमा सार्वजनिक रूपमै पनि असहमति जनाएका छन्।

यसैबिच सभापति देउवा र कोइरालाले केही दिन अगाडि वान टु वान छलफल गरेका छन्। कांग्रेस-एमालेले ३ भदौमा उपसभामुख रानालाई हटाउन खाली कागजमा हस्ताक्षर गरेपछि सुरुमा डा. कोइरालाले विरोध गरेका थिए। त्यसपछि सभापति देउवाले बोलाएको पदाधिकारी बैठकमा पनि उनी गएका थिएनन्। ६ भदौमा देउवाले बोलाएपछि कोइराला बुढानीलकण्ठ पुगेका थिए। देउवा र कोइरालाबिच एक घण्टा वान टु वान कुरा भएको, तर के विषयमा भयो भनेर जानकारी नभएको कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले बताए। देउवा भेटेपछि कोइरालाले ८ भदौमा आफ्नो सम्पर्क कार्यालयमा आफूनिकट नेता र सांसदहरूलाई ब्रिफिङ गरेका थिए। ब्रिफिङमा सहभागी एक सांसदका अनुसार कोइरालाले देउवालाई अहिले उपसभामुखविरुद्ध प्रस्ताव ल्याउने र हटाउने उपयुक्त समय नभएको जवाफ दिएका थिए।

देउवाले उपसभामुखविरुद्ध हस्ताक्षर गराउँदा किन असन्तुष्टि भनेर सोधेपछि कोइरालाले रूपन्देही- ३ मा हुन लागेको उपनिर्वाचन, सरकारका कामकारबाहीप्रति नागरिकको असन्तुष्टिलगायत विषयहरू देखाएर समय उपयुक्त नभएको भन्दै ध्यानाकर्षण गराएका थिए। यसअघि विद्युत् प्राधिकरणबाट कुलमान घिसिङ हटाएको, कान्छाराम तामाङलाई विधिविपरीत मन्त्रीबाट बर्खास्त गरेको, बागमती प्रदेशमा बहादुरसिंह लामालाई मुख्यमन्त्रीबाट हटाएको घटनाले जनजातिहरूमाझ कांग्रेसको छवि कस्तो बनेको छ भनेर ख्याल गर्न सुझाव दिँदै कोइरालाले अब उपसभामुख रानालाई हटाउँदा व्यहोर्नुपर्ने क्षतिको हेक्का राख्न भनेका थिए।

'चुनावभन्दा अगाडि उपसभामुखलाई हटाउन खोज्दा परिस्थिति के होला ? कुलमान हटाएपछि जनजाति समुदायले कसरी हेरेको छ भन्ने ख्याल गर्नुस्,' कोइरालाले देउवालाई भनेका थिए। देउवाले पदाधिकारीसँग सल्लाह गर्छु भनेर जवाफ दिएको ती सांसदले बताए। 'शेखरदाले यो (उपसभामुखविरुद्ध प्रस्ताव) चाहनुभएको छैन। अब सिधै नो गर्दा मान्छे भड्किन्छन्। त्यसैले घुमाएर उपयुक्त समय होइन। सन्दर्भ ठिक होइन भनिरहनुभएको छ,' ती सांसदले नयाँ पत्रिकासँग भने।

राज्य व्यवस्था समिति सभापति कांग्रेसलाई नै

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समिति सभापतिमा कांग्रेसकै उम्मेदवार निर्विरोध हुने भएका छन्। विपक्षी दलहरूले उम्मेदवारी नदिने भएपछि कांग्रेसका उम्मेदवार निर्विरोध हुने निश्चित भएको हो।

कुलिङ अफ पिरियडमा भएको गडबडीको नैतिक जिम्मेवारी लिँदै सभापति रामहरि खतिवडाले २८ साउनमा राजीनामा दिएपछि प्रतिनिधिसभाका सचिव हर्कराज राईले सोमबार सभापतिको निर्वाचनका लागि सूचना निकालेका हुन्। सूचनाअनुसार मंगलबार दिउँसो १ बजेदेखि ४ बजेसम्म सभापति पदमा निर्वाचित गरियोस् भनेर प्रस्तावक र समर्थकसहित सूचना दर्ता गराउनुपर्नेछ। उम्मेदवारी दर्तासहितको सूचना अपराह्न ४:१५ मा सार्वजनिक गरिनेछ। बुधबार निर्वाचन हुनेछ। बुधबार दिउँसो ३ बजे समितिको बैठकमा प्रस्तावकले उम्मेदवारको प्रस्ताव राख्ने, समर्थकले समर्थन गर्ने र ज्येष्ठ सदस्यले निर्णयार्थ प्रस्तुत गर्नेछन्। निर्विरोध भएमा प्रस्तावकले प्रस्ताव राखेपछि ज्येष्ठ सदस्यले सभापति निर्वाचित भएको घोषणा गर्नेछन्।

हाल राज्य व्यवस्था समितिमा कांग्रेसबाट रामहरि खतिवडाबाहेक पूर्णबहादुर खड्का, गगन थापा, विश्वप्रकाश शर्मा, दिलेन्द्र बडू, हृदयराम थानी, ईश्वरीदेवी न्यौपाने, सरिता प्रसाईं, अम्बिका बस्नेत सदस्य छन्। समितिबाट बाहिरबाट सभापति बनाउन नमिल्ने अवस्था छ। समितिभित्रैबाट बनाउँदा चारजनाको नाममा चर्चामा छ। जसमा बडू, प्रसाईं, बस्नेत र खतिवडा छन्। यीमध्ये बडू र बस्नेतमध्ये एक सभापति बन्न सक्ने नेताहरू बताउँछन्। सहमति नभए खतिवडालाई नै दोहोर्‍याउने विकल्पमा पनि छलफल भइरहेको नेताहरूको भनाइ छ।

जडीबुटी राखिएको...

पृष्ठ १ बाट क्रमशः

टाँचा भएकाले यसमा वनका कर्मचारीको पनि शंकास्पद भूमिका देखिएको छ। साथै भन्सार नाकाबाट सो कन्टेनर कसरी पास भयो भन्नेमा पनि छानबिन भइरहेको छ। पक्राउ परेका व्यक्तिहरूको मोबाइलबाट राजस्व कार्यालयले गिरोहका नाइकेहरू पत्ता लगाउने प्रयास गरेको छ। विभागका महानिर्देशक चिलुवालका अनुसार हाल भन्सारबाट भेप आयात गर्न दिइएको छैन। तर, नेपालमा ठुलो मात्रामा भेप बरामद भइरहेको छ। यस्तो भेप धेरै चीनबाट तस्करी गरेर भारत लैजाने गरिएको छ। यसमा ठुलो समूह सक्रिय रहेको आशंका गरिएको छ। 'गिरोहका नाइके दुबईमा बस्छन्, उतै डिल हुन्छ भन्ने छ,' विभागका महानिर्देशक भन्छन्, 'भेप तस्करी रोक्न सबै भन्सार नाकामा कडाइ गर्न भनेका छौँ।' पछिल्लो केही समययता चीनसँगका मुख्य नाकाहरू केरुङ र तातोपानीबाट आयात अवरुद्ध छ। जसकारण चीनसँगका साना नाकाबाट ठुलो मात्रामा तस्करीका सामान आउन थालेको भेटिएको छ।

थुनाबाहिरै बसेर...

पृष्ठ १ बाट क्रमशः

लाख ३६ हजारको चार भागको एक भाग अर्थात् दुई करोड ७४ लाख ८४ हजारबराबरको बैंक जमानतसहित उनले निवेदन दिएका थिए। तर, रुपन्देही अदालतका न्यायाधीश नारायणप्रसाद सापकोटाको २६ साउनको इजलासले बिगो अस्वीकार गर्दै थुनामै पठाउन आदेश गरेको थियो। त्यही आदेशविरुद्ध लामिछाने उच्च गएका हुन्।

यसअघि सुप्रिम सहकारी ठगीमा मुद्दा चलेपछि रुपन्देही जिल्ला अदालतले गत १३ माघमा एक करोड धरौटी माग गरेको थियो। बैंक ग्यारेन्टी बुझाएर उनी रिहा भएका थिए। तर, पुनरावेदन मुद्दामा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई गत २२ चैतमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। लगत्तै सोही राति नै प्रहरीले उनलाई काठमाडौंबाट पक्राउ गरेको थियो। उच्च अदालतको आदेशविरुद्ध लामिछाने सर्वोच्च अदालत गएका थिए, तर सर्वोच्चले पनि गत ९ जेठमा उच्चको आदेश पनि सदर गरेको थियो। यसअघि रुपन्देही कारागार, भैरहवामा रहेका उनी ३१ साउनदेखि ललितपुरस्थित नक्खु कारागारमा अड्डासार भएका छन्।

आठ वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

समितिका अध्यक्षले वर्षौंदेखि हुन नसकेको लेखा परीक्षण सम्पन्न नगरी बजेट पारित गर्न दिनुहुँदैनथ्यो, यसमा सञ्चालक समिति नै बढी जिम्मेवार हुनुपर्ने हो,' उनले भने, 'कानुनले पनि महालेखा परीक्षकलाई पूर्णाधिकार दिएको छैन। हदै भए लेखा परीक्षण नगर्ने अधिकारीलाई विभागीय कारबाहीको सिफारिस गर्न सकिन्छ।'

तर, मैनाली भने आफू हालसालै पदबहाली भएकाले यस विषयमा बुझ्नै बाँकी रहेको बताउँछन्। 'म पदबहाली भएको हालसालै भएकाले यस विषयमा बुझ्न बाँकी नै छ,' उनले भने।

त्यस्तै, पर्यटन बोर्डका सिइओ जोशी भने एक महिनाभित्रै लेखा परीक्षण टुंगो लगाउन प्रयासरत रहेको दाबी गर्छन्। उनले भने, 'प्राविधिक कारणले हालसम्म लेखा परीक्षण हुन सकेको छैन। अब यसलाई एक महिनाभित्रै टुंगो लगाउन लागिपरेको छु।'

आर्थिक वर्ष ०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले बोर्डभित्र अनेकन बेथिति देखिएको अवस्था उजागर गरेको छ। तर, बोर्ड कार्यकारी समितिले त्यसलाई पारित नगर्दा अन्तिम लेखा परीक्षण हुन सकेको छैन। सुरुमा महालेखा परीक्षकको कार्यालयले संगठित संस्थाको लेखा परीक्षण गराउन नियुक्त गरी पठाएका लेखा परीक्षकले कैफियतसहित प्रारम्भिक प्रतिवेदन दिन्छन्। सो रिपोर्टलाई संस्थाको व्यवस्थापनले कार्यकारी समितिमा पेस गर्छ र समितिबाट पारित गरेपछि महालेखा परीक्षकको कार्यालयले त्यसलाई अन्तिम लेखा परीक्षण प्रतिवेदनको मान्यता दिन्छ। तर, पर्यटन बोर्ड व्यवस्थापनले प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनलाई कार्यकारी समितिमै पेस नै नगरी बेथितिलाई छोपिरहेको छ।

०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले उजागर गरेको छ बोर्डभित्रका यस्ता अनेक बेथिति

● **एयरलायन्स कम्पनीहरूलाई अवैध रूपमा पर्यटन सेवा शुल्कमा छुट** : पर्यटन बोर्डले एयरलाइन्स कम्पनीहरूबाट लिनुपर्ने पर्यटन सेवा शुल्कमा अवैधानिक रूपमा छुट दिएको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले देखाएको छ। बोर्डले पाँच वायुसेवा कम्पनीलाई ३५ लाख ७० हजार ९९० छुट दिएको भेटिएको हो। पर्यटन सेवा शुल्क संकलन प्रक्रिया, २०६६ अनुसार कुनै एयरलाइन्सले बीजक प्राप्त भएको १५ दिनभित्र पर्यटन सेवा शुल्क बुझाउनुपर्छ। सो अवधिभित्र शुल्क बुझाउने एयरलाइन्सलाई भ्याटबाहेकको कारोबारमा ३ प्रतिशत छुट दिने व्यवस्था छ। तर, नेपाल एयरलाइन्स, क्याथेई प्यासेफिक, इन्डिगो एयरलाइन्स, कोरियन एयर र कुवेत एयरवेजले ढिलो गरी शुल्क बुझाउँदा पनि छुट पाएका छन्।

● **बोर्डको पैसामा मदिरा मस्ती** : सार्वजनिक संस्थानको वित्तीय प्रक्रियामा नसालु पेयपदार्थलाई संस्थाको खर्चमा लेखांकन गर्न पाइँदैन। तर, बोर्डकै पैसामा मदिरामा १ लाख १७ हजार ५८३ खर्च भएको प्रतिवेदनले देखाएको छ। एम्बेसी अफ नेपाल, ढाका र होटेल एसोसिएसन अफ नेपालको प्रस्तावअनुसार बोर्डले ०८१ को असार १९ देखि २५ सम्म बंगलादेशको ढाका र चत्तोग्राममा नेपाल पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरेको थियो। सो कार्यक्रमका लागि १३ असारमा ढाकास्थित नेपाली दूतावासलाई पेस्कीस्वरूप ९ लाख ६० हजार उपलब्ध गराइएकोमा बिलमा भने ५१ हजार ८ रुपैयाँ (३८२ अमेरिकी डलर) मदिरामा खर्च भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, सन् २०२३ को ५ अक्टोबर मा होटेल याक एन्ड यतीबाट जारी बीजकमा बंगलादेशको टाइगर गोल्फ क्लबका प्रतिनिधिहरूसँग भएको अन्तर्क्रिया कार्यक्रमको खर्च विवरणमा बियर र वाइनमा खर्च समावेश गरिएको थियो। बीजकमा जम्मा खर्च दुई लाख ८९ हजार ५९१ मध्ये ४२ हजारको खर्च बियर, वाइनजस्ता मदिरामा भएको पाइएको प्रतिवेदनमा उल्लेख छ।

बुल्स इभेन्ट्स म्यानेजमेन्ट प्रालिबाट सोल्टी होटेलमा ०८० को कात्तिक १७ देखि १९ सम्म इन्डो-नेपाल वेडिङ २०२३ मा पनि बोर्डले मदिरामा खर्च गरेको पाइएको छ। १७ कात्तिकमा डिनर खुवाएबापत आठ लाख ६० हजार १५६ खर्च भएकोमा त्यसमध्ये २४ हजार ५७५ रुपैयाँ मादक पदार्थ सेवनमा सकाएको महालेखाको प्रारम्भिक प्रतिवेदनले औँल्याएको छ।

● **डेढ करोडको सम्पत्तिको छैन बिमा** : बोर्डको आर्थिक तथा खरिद विनियमावली, २०७२ को नियम २५(१) अनुसार बोर्डको कार्यालय भवन, सवारीसाधन, कम्प्युटर सफ्टवेयर, नगद तथा चल-अचल सम्पत्तिको सम्भावित हानि-नोक्सानीविरुद्ध सो सम्पत्तिको मोललाई थाम्ने गरी आगजनी, भूकम्प, विस्फोटन, दुर्घटना, चोरी डकैती, उपद्रो, हड्ताल आदि कारणबाट हुने क्षतिको प्रत्येक आर्थिक वर्षमा बिमा गर्नुपर्ने व्यवस्था छ। तर कम्प्युटर, कम्प्युटर सफ्टवेयर, विद्युतीय उपकरणहरू, फर्निचर र फिक्स्चर, टेलिफोन, अन्य कार्यालय उपकरण तथा नगदको बिमा नगरेको प्रतिवेदनमा उल्लेख छ। यस्तो अचल सम्पत्ति एक करोड ४२ लाख ७६ हजार १८५ बराबर रहेको उल्लेख छ।

● **नगरपालिकाहरूलाई दिएको १७ करोड ८८ लाखको पेस्की फर्स्योट भएन** : पर्यटन बोर्डले खप्तड राष्ट्रिय निकुञ्जको बिचपानी र खप्तडमा पर्यटक आवासगृह निर्माणका लागि ०७५/७६ मा पाँच करोड अग्रिम भुक्तानी गरेको थियो। यद्यपि, विश्रामगृह कार्यसम्बन्धी व्यवस्थापनबाट कुनै प्रकारको ठोस कदम नलिएको र पेस गरिएको कागजात पनि सम्पूर्ण कार्य पुष्टि हुने नदेखिएको प्रतिवेदनमा उल्लेख छ। निकुञ्जलाई भुक्तानी गरेको पेस्की रकमबापत काम कारबाही भए-नभएको आवश्यक अनुसन्धान गरी सम्बन्धित व्यवस्थापनका कर्मचारीहरूलाई जिम्मेवार बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, बोर्डले भारतको वनारसस्थित साम्राज्य शवर महादेव मन्दिरको पुरातात्त्विक पुनर्निर्माण कार्यक्रमका लागि पुरातत्त्व विभागसँग सम्झौता गरेको भए पनि काम अझै पूरा भएको छैन। बोर्डको कार्यकारी समितिको ३० मंसिर ०७७ मा भएको ३०२औँ बैठकको निर्णयअनुसार सोही वर्ष १६ चैतमा बोर्ड र पुरातत्त्व विभागबिच सम्झौता भएको थियो। सम्झौताअनुसार बोर्डले उक्त कार्यक्रम कार्यान्वयनका लागि विभागलाई एक करोड ५० लाख एकमुस्ट पेस्की उपलब्ध गराएको थियो। तर, यस किसिमको पूर्ण रकम अग्रिम उपलब्ध गराउनु उचित नभएको र काम पनि सम्पन्न नभएको लेखा परीक्षण प्रतिवेदनको निष्कर्ष छ।

त्यस्तै, ०८०/८१ को बोर्डको खर्चको भौचरबाट लेखा परीक्षकले झापाको अर्जुनधारा नगरपालिका, अध्यागमन विभाग, हुम्लाको नाम्खा गाउँपालिका, धादिङको नीलकण्ठ नगरपालिका र ओखलढुंगाको सिद्धिचरण नगरपालिका कार्यालयको ३९ लाख १० हजार पेस्की फर्स्योट नभएको उल्लेख छ। त्यस्तै, दोलखाको जिरी नगरपालिका, सिराहाको कर्जन्हा नगरपालिका, ललितपुर महानगरपालिका र धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाको २४ लाख १७ हजार ८२३ पेस्की फर्स्योट नभएको प्रतिवेदनको ठहर छ।

● **ठमेलमा २०२४ को न्यु इयर फेस्टिभल मनाउन जथाभावी भुक्तानी** : ५ पुस ०८० मा पर्यटन बोर्ड र ठमेल पर्यटन विकास परिषद्बिच ठमेल स्ट्रिट फेस्टिभल न्यु इयर २०२४ कार्यक्रम गर्न सम्झौता भएअनुसार बोर्डबाट चार लाख २५ हजार भुक्तानी गरेको थियो। सम्झौतापत्रअनुसार परिषद्ले संस्कृति झल्किने खालका पाँचवटा नृत्य, गीत-संगीत गराएबापत भुक्तानी गरिएको पाइयो। जसबापत भुक्तानी गरिएको रकमको कागजात संलग्न गरिएको, तर उक्त व्यक्तिहरूको पहिचान खुल्ने कागजात, प्यान नम्बर भौचरसँग संलग्न नरहेको प्रतिवेदनमा उल्लेख छ। भुक्तानीबापत १ प्रतिशत करकट्टी गरी राजस्व कार्यालयमा दाखिला गरिएको रसिद भौचर पनि नभएको उल्लेख छ। कार्यक्रमको प्रस्तुतिको लागि स्टेज निर्माणमा सहकार्यस्वरूप अधिकतम दुई लाख उपलब्ध गराउने सम्झौतामा थियो। यो खर्चको भुक्तानी माग गर्दा खर्चको बिलको प्रमाणस्वरूप पेस गर्नुपर्ने हुन्छ। तर, पेस गरिएको बीजकमा बिल नम्बर प्रस्ट नभएको र यस्तै प्रकारको कार्यका लागि सोही दिन दुईवटा बीजक जारी गरी रकम फरक पेस गरिएकाले वास्तविक खर्च यकिन गर्न नसकिएको प्रतिवेदनको ठहर छ। महालेखाले दुई लाख असुल गर्न भनेको छ। त्यस्तै, १८ पुस ०८० मा ठमेल पर्यटन विकास परिषद्बाट पर्यटन बोर्डको नाममा पाँच लाखबराबरको बीजक जारी गरिएको थियो। तर, उक्त खर्च पुष्टि हुने विवरणको अनुसन्धान गर्दा रकम तीन लाखको विवरण मात्र भौचरमा संलग्न रहेको पाइएको प्रतिवेदनको निष्कर्ष छ। त्यस्तै, दुई लाख रुपैयाँ डिजिटल प्रदर्शन र मिडिया ब्रान्डिङबापत खर्च गरिएको भनिए पनि सो खर्च पुष्टि हुने कुनै विवरण संलग्न नरहेको उल्लेख छ।

● **खर्च विवरण परीक्षण नगरी सात करोड ५८ लाखको भुक्तानी** : पर्यटन बोर्डको पर्यटन सम्पदा तथा संसाधन महाशाखाले बजेटको दिग्दर्शनविपरीत सात करोड ५८ लाखबराबर रकम नगरपालिकाहरूलाई भुक्तानी गरेको प्रतिवेदनमा खुलेको छ। बोर्डको बजेट तथा कार्यक्रम कार्यान्वयन दिग्दर्शन, २०७९ को परिच्छेद ३ को दफा ११ अनुसार १० लाखभन्दा बढी लागत भएका कार्यक्रमको अनुगमन बोर्डको अनुगमन तथा मूल्यांकन उपसमिति, कार्यकारी प्रमुखबाट खटाइएको कर्मचारी वा परामर्शदाता तथा सम्बन्धित निकायका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुपर्ने प्रावधान छ। महाशाखाले भने नगरपालिकाहरूसँग सम्झौताका आधारमा मात्र रकम हस्तान्तरण गरेको, तर आवश्यक अनुगमन नगरेको पाइएको प्रतिवेदनको ठहर छ। साथै, नगरपालिकाबाट प्राप्त खर्च विवरणको सम्बन्धित पदाधिकारीहरूबाट उचित परीक्षण नगरिकनै रकम भुक्तानी गरिएको पनि देखिएको उल्लेख छ।

● **सम्भाव्य नभएको संग्रहालय निर्माणमा १ करोड बजेट** : काठमाडौं उपत्यकाभित्र पर्वतीय संग्रहालय स्थापना गर्न स्थलगत अध्ययन गर्ने र प्राप्त जग्गाको आधारमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्न माउन्टेन म्युजियम नामक बजेट शीर्षकमा एक करोड विनियोजन गरिएको छ। यो बजेट स्रोत व्यवस्थापन एवं कार्यक्रम तथा बजेट तर्जुमा उपसमितिले प्रस्तुत गरेको १५ लाखको बजेटमा ८५ लाख थप गरेर जम्मा एक करोड बनाएको देखिएको महालेखाको प्रारम्भिक प्रतिवेदनले औँल्याएको छ। यति ठुलो बजेट विनियोजन गर्नुअघि उचित मूल्यांकन, सम्भाव्यता अध्ययन र योजनाको विस्तृत समीक्षा गरिएको नपाइएको उल्लेख छ। लेखा परीक्षणको क्रममा अनुसन्धान, योजना तथा अनुगमन विभागसँगको कुराकानीबाट यो परियोजना सम्भाव्य नरहेको र ०८१/८२ को बजेटका लागि प्रस्तावित नभएको थाहा पाइएको प्रतिवेदनको ठहर छ। बोर्डले बजेट विनियोजन गर्नुअघि पर्याप्त अध्ययन र विश्लेषण नगरी ठुलो रकम छुट्याउनु गम्भीर कमजोरी हुने उल्लेख छ।

चार महिनामै...

पृष्ठ १ बाट क्रमशः

सबैभन्दा घातक मानिन्छ। शाखा प्रमुख डा. गौतमका अनुसार यसको मृत्यु दर पनि धेरै छ। क्युलेक्स प्रजातिको लामखुट्टेले टोक्दा जापानिज इन्सेफ्लाइटिसको संक्रमण हुन्छ।

'जापानिज इन्सेफ्लाइटिस निकै घातक संक्रमण हो। यसबाट मृत्यु हुने दर पनि धेरै छ। क्युलेक्स प्रजातिको लामखुट्टेले टोक्यो भने यो संक्रमण हुने हो। असारदेखि असोजसम्मको मौसम यस्तो प्रकारको रोग सार्ने लामखुट्टेको लागि राम्रो मानिन्छ,' उनले भने, 'क्युलेक्स प्रजातिको लामखुट्टेले कुखुरा, गाई, भैंसी, सुँगुर र हाँस आदिलाई टोक्छ। त्यही लामखुट्टेले मानिसमा टोक्यो भने जापानिज इन्सेफ्लाइटिस हुन्छ। यस्तो प्रकारको लामखुट्टेले धान खेतमा बढी फुल पार्छ। त्यहीबाट बढी फैलिन्छ, त्यसैले सजग हुनैपर्छ।'

उनका अनुसार यस प्रजातिको लामखुट्टे बिहान र साँझको समयमा बढी सक्रिय हुन्छ। यस्तो प्रकारको लामखुट्टेको टोकाइबाट बच्न जाली तथा झुलको प्रयोग गर्न, पशुपक्षीलाई टोकाइबाट जोगाउने, धानखेतमा जाँदा बढी सजग हुने र शरीर छोप्ने गरी लुगा लगाउने गर्नुपर्छ।

नेपालमा जापानिज इन्सेफ्लाइटिस संक्रमणका कारण बर्सेनि मृत्युदर बढ्दो रहेको भन्दै विश्व स्वास्थ्य संगठन, नेपालले सचेत हुन अनुरोधसमेत गरेको छ। डब्लुएचओको तथ्यांकअनुसार जापानिज इन्सेफ्लाइटिसबाट विश्वमा वार्षिक १५ हजारको मृत्यु हुन्छ। यसको संक्रमणबाट सबैभन्दा बढी १५ वर्षमुनिका बालबालिका प्रताडित हुन्छन्।

क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट हुने जापानिज इन्सेफ्लाइटिसको संक्रमणबाट ३० प्रतिशतसम्मको मृत्युदर हुन्छ। यो डेंगुभन्दा निकै खतरा मानिन्छ। डेंगु गराउने एडिस प्रजातिको लामखुट्टेले टोक्दा ५ प्रतिशतसम्मको मृत्यु हुन्छ। तर, जापानिज इन्सेफ्लाइटिस भएकामध्ये ३० प्रतिशतको मृत्यु हुन सक्छ।

नेपालमा सन् १९७८ मा रुपन्देहीबाट पहिलोपटक जापानिज इन्सेफ्लाइटिसको पहिलो संक्रमण देखापरेको थियो। त्यसपछि सन् २०१३ मा कैलालीमा यसको संक्रमण देखियो। सन् २००६ देखि नेपालमा यसको खोप लगाउन थालिएको थियो।

Nepal Electricity Authority
Baglung Distribution Centre
Invitation for Electronic Bids :
(Date of publication 26th August, 2025 (10/05/2082))

Tender No./ Types of Bidding	Description of Works/Jobs
NEA-BDC-082/083-SQ-01	Relocation of HT/LT Line from Bangechaur to ATM Chowk of Baglung Bazar .(Estimated amount with VAT Nrs.5,21,753.23)

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED
रजिष्टर्ड कार्यालय : बिर्तामोड नगरपालिका वडा नं.४ झापा, नेपाल, फोन नं. : ०२३-५२०६४२
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट:www.jhapaenergy.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

झापा इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,०१,९०,०००/- बराबरको रु.१००/- अंकित दरको ३८,०१,९०० कित्ता साधारण मध्ये १०% अर्थात रु.३,८०,१९,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,८०,१९० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि मिति २०८२/०४/१४ गते देखि मिति २०८२/०४/२८ गतेसम्म निष्काशन गरिएको र जारी पूँजीको १५% अर्थात रु.५,७०,२८,५००/- रकम बराबरको रु.१००/- अंकित दरको ५,७०,२८५ कित्ता साधारण शेयरको १०% अर्थात ५७,०२९ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि मिति २०८२/०४/१४ गतेदेखि मिति २०८२/०४/१८ गतेसम्म सार्वजनिक निष्काशन गरिएकोमा सो अवधिभित्र रितपूर्वक अवेदन दिने आवेदकहरुलाई शेयर बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम मिति २०८२/०५/०९ गते सोमबारका दिन साधारण शेयर बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गराईन्छ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका आवेदकहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.himalayancapital.com बाट हेर्न सकिने व्यहोरा जानकारी गराउंदछौं। बाँडफाँडमा नपरेका शेयर वापतको बाँकी रकम नियमानुसार सम्बन्धित आवेदकहरुको बैंक खातामा रकमान्तरण गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ। साथै, वैदेशिक रोजगारी रहेका नेपाली नागरिकहरुको बाँडफाँडमा परेका आवेदकहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटःwww.himalayancapital.com वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको वेबसाइटः www.iporesult.cdsc.com.np बाट पनि हेर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

साथै, सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा रकमान्तरण गर्नुहुन र बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाताबाट फुकुवा गरिदिनु हुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रबन्धकः
Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com

रुबीकुमारी हत्या : अभियुक्तको पहिचान भइसकेको प्रहरीको दाबी

जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी **राजु कार्की** भन्छन्- रुबीकुमारीको हत्या विवाहेत्तर सम्बन्धकै कारण भएको हुन सक्ने अनुमान छ। मुख्य अभियुक्तको पहिचान भइसकेको छ, तर पक्राउ हुन बाँकी छ। हत्याको सम्भावित मोटिभमध्ये विवाहेत्तर सम्बन्ध पनि एक कारण देखिन्छ।

रौतहटमा **अशोक पहाडी**

रौतहट माधवनारायण नगरपालिका-६ की २६ वर्षीया रुबीकुमारी साहको हत्या विवाहेत्तर सम्बन्धका कारण हुन सक्ने प्रारम्भिक अनुमान प्रहरीले गरेको छ। घटनामा संलग्न मुख्य अभियुक्तको पहिचान भइसकेको भए पनि पक्राउ परिनसकेको भन्दै प्रहरीले नाम भने सार्वजनिक गरेको छैन।

अनुसन्धानको क्रममा प्रहरीले रुबीकुमारीको एउटा चप्पल लक्ष्मण पासवानको गौरस्थित डेराबाट बरामद गरेको छ। पासवान अहिले सम्पर्कविहीन छन्। प्रहरीका अनुसार पासवान केही दिनअघि मात्रै वैदेशिक रोजगारीबाट फर्किएका थिए। तर, उनी घर नगई गौरमा डेरा लिएर बसेका थिए।



मृतक रुबीकुमारी साह

● डिजिटल प्रमाण, पारिवारिक पृष्ठभूमि र सम्भावित सम्बन्ध केन्द्रित अनुसन्धान गर्दै प्रहरी

● शव व्यवस्थापनमा प्रयोग भएको ई-रिक्साचालक राजकुमार महरा पक्राउ

जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी राजु कार्कीले रुबीकुमारीको हत्या विवाहेत्तर सम्बन्धकै कारण हुन सक्ने संकेत गरेका छन्।

'मुख्य अभियुक्तको पहिचान भइसकेको छ, तर पक्राउ हुन बाँकी छ। हत्याको सम्भावित मोटिभमध्ये विवाहेत्तर सम्बन्ध पनि एक कारण देखिन्छ,' उनले नयाँ पत्रिकासँग भने।

शनिबार साँझ डेराबाट एक्लै सहर निस्किएकी रुबीकुमारी त्यसपछि घर फर्किइनन्। सोही रात रुबीकुमारीको शव निलो सुटकेसमा प्याक गरी गौरस्थित बरहवा पुलनजिकै सडकमा फेला परेको थियो। शवमा गम्भीर चोटपटक थिएन। तर, नाकबाट रगत बगेको तथा हातखुट्टा पट्याइएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

शव व्यवस्थापनमा प्रयोग भएको ई-रिक्साचालक राजकुमार महरा पक्राउ परेका छन्। प्रहरीका अनुसार पासवानले सुटकेस गंगापिप्रा गाउँसम्म लैजान महरासँग पाँच सय रुपैयाँमा ई-रिक्सा भाडामा लिएका थिए। तर, मुडलवा गेटनजिकै ई-रिक्सामा समस्या आएपछि सुटकेस सडकमै छाडेर उनी फरार भएको जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी नेत्रमणि गिरीको भनाइ छ।

रुबीकुमारीको माइती माधवनारायणमै भए पनि उनीहरू २५ वर्षअघि गौर सरेका थिए। त्यही क्रममा उनको बिहे भारत मुजफ्फरपुरका शिवसागर साहसँग भएको थियो। पाँच वर्षअघि विवाह बन्धनमा बाँधिएकी रुबीकुमारीका एक चार वर्षीय छोरा छन्। छोरा पढाउने उद्देश्यले रुबीकुमारी आमा मिथिला देवीसँगै गौरमा बस्दै आएकी थिइन्। व्यवसाय गरेर मुजफ्फरपुरमै बस्दै आएका उनका श्रीमान् वेला मौकामा गौर आउथे। केही दिन श्रीमतीसँगै बस्थे। र, पुनः मुजफ्फरपुर फर्कन्थे।

घटनास्थल नेपाल-भारत सीमाबाट करिब दुई किलोमिटर दूरीमा पर्छ। शव सीमानजिकै भेटिएपछि प्रहरीले अनुसन्धानका अरू आयाम पनि हेरिरहेको छ। प्रहरीले अहिलेसम्म वरपरका सिसिटिभी फुटेज संकलन गरिरहेको छ। प्रहरीले मृतककी आमा, श्रीमान् र भाइसँग बयान लिइसकेको छ।

डिजिटल प्रमाण, पारिवारिक पृष्ठभूमि र सम्भावित सम्बन्धकेन्द्रित गर्दै अनुसन्धानअगाडि बढाएको प्रहरीले जनाएको छ। 'प्रहरी मुख्य अपराधीको नजिक पुगेको छ। चाँडै नियन्त्रणमा लिने तयारी भइरहेको छ,' डिएसपी कार्कीले भने।

■ इम्बोस्ड नम्बर प्लेटको बहिष्कार अभियान

सार्वजनिक यातायात व्यवसायी महासंघद्वारा जडान नगर्न आह्वान

● **माधव तिमल्सिना**, अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च



इम्बोस्ड नम्बर प्लेटका लागि उर्दी जारी गर्नु आमनागरिकमाथिको अन्याय हो। जसरी पनि जडान गर्नुपर्छ भन्नु उपभोक्तामाथिको अन्याय हो। यसमा लिपिदेखि धेरै विषयमा प्रश्न उठिरहेको छ, अंग्रेजी भाषामा नम्बर प्लेट लेख्नु संविधानविपरीत छ, कसैबाट परिचालित भएर राज्यका निकाय लागेका छन् भन्ने देखिन्छ।

नयाँ पत्रिका

विवादित बनेको इम्बोस्ड नम्बर प्लेटको नागरिकस्तरबाट बहिष्कार अभियान सुरू भएको छ। महंगो भएको र संविधानविपरीत अंग्रेजी भाषा प्रयोग भएको भन्दै यसलाई संगठित रुपमा बहिष्कार गर्न अभियान नै सुरु भएको हो।

सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले पनि इम्बोस्ड नम्बर प्लेट जडान नगर्न सार्वजनिक आह्वान गरेको छ। यातायात व्यवस्था विभागले आगामी असोजदेखि सवारीको दर्ता, नवीकरण र नामसारी गर्दा अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न सार्वजनिक सूचना जारी गरेकोमा महासंघले त्यसलाई कार्यान्वायन गर्न नसकिने जनाएको छ।

पूर्वाधारविनै सर्वसाधारणलाई इम्बोस्ड नम्बर जडान गर्न दबाब दिएको भन्दै विरोधस्वरूप उसले यस्तो आह्वान गरेको हो।

३ भदौमा जारी विभागको सूचनामाथि सार्वजनिक आलोचनासमेत भइरहेको छ। आलोचनाकै बिच सोमबार विज्ञप्ति जारी गर्दै महासंघले अव्यावहारिक विषय संशोधन नगरेसम्म इम्बोस्ड नम्बर प्लेट जडान नगर्न आग्रह गरेको हो।

इम्बोस्ड नम्बर प्लेटमा प्रयोग गरिने भाषाप्रति पनि महासंघले आपत्ति जनाएको छ। प्लेटमा अंग्रेजी भाषा प्रयोग गरिने सम्झौतामा उल्लेख छ। सोहीअनुसार इम्बोस्ड नम्बर प्लेट जारी भएका छन्। इम्बोस्डमा अंग्रेजी भाषा प्रयोग गर्दा त्यसले नेपाली भाषा नै लोप हुन जाने विज्ञप्तिमा उल्लेख छ। यसले राष्ट्रिय स्वाभिमानमा नै आँच आउने महासंघको ठहर छ।

नेपाली भाषाको देवनागरी लिपि लोप हुने तथा आवश्यक पूर्वाधारविनै नागरिक र सिंगो यातायात व्यवसायमा आर्थिक भार हुने गरी एकपक्षीय रूपमा भएको सरकारको निर्णयका कारण नेपालीको सम्पूर्ण विवरण विदेशीको नियन्त्रणमा रहने र राष्ट्र नै कमजोर हुने महासंघको ठहर छ।

खारेजीको माग गर्दै विराटनगर र बर्दियामा विरोध



प्राज्ञिक विद्यार्थी परिषद्ले सोमबार विराटनगरमा निकालेको विरोध च्याली



बर्दियाका सर्वसाधारणले स्वतस्फूर्त रूपमा गरेको विरोध प्रदर्शन

बर्दिया/ इम्बोस्ड नम्बर खारेजीको माग गर्दै विराटनगर र बर्दियामा विरोध प्रदर्शन भएको छ। प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले पनि अंग्रेजी भाषा प्रयोग गरिएकोमा सोमबार विराटनगरमा विरोध च्याली निकालेको छ।

बर्दियामा सर्वसाधारणले प्रदर्शन गरेका हुन्। सरकारले आगामी १ असोजबाट अनिवार्य इम्बोस्ड नम्बर जडान गर्ने निर्णय गरेको छ। इम्बोस्ड नम्बर जडान गर्दा दुईपांग्रे सवारीसाधनले २५ सय, तीनपाग्रे २९ सय र साना तथा मझौला सवारीसाधनले ३२ सय र ठुला सवारीसाधनले ३६ सय राजस्व तिर्नुपर्ने हुन्छ। गुलरिया नगरपालिका- ६ का केशव रिजालले सरकारले यसरी इम्बोस्ड नम्बर अनिवार्य गर्दा सवारीधनी दोहोरो करको मारमा पर्ने बताए। उनले भने, 'सरकारले इम्बोस्ड नम्बर ल्याएर करमाथि कर थपेको छ। अर्कोतर्फ, इम्बोस्ड नम्बर सवारीसाधनमा जडान गर्दा नेपाली मौलिक भाषा मास्ने काम भएको छ। यसरी नम्बर परिवर्तन गर्दा सरकारले मौलिक संस्कृतिमाथि पनि प्रहार गरेको छ। कतिपय देशमा इम्बोस्ड नम्बर त्यही देशको भाषाअनुसार छ। तर, यहाँ भने भाषा सिध्याउने खेल भएको छ।'

गुलरिया नगरपालिका- ४ तुलापुरका राम भण्डारीले सरकारले अहिलेसम्म लाइसेन्स चेक गर्ने मेसिन ल्याउन सकेको छैन, यस्तो अवस्थामा इम्बोस्ड नम्बरको केही अर्थ नभएको बताए।

इम्बोस्ड नम्बर जडान व्यवसायीको हितविपरीत

तत्काल अनिवार्य रूपमा इम्बोस्ड नम्बर जडान गर्ने कुरा व्यवसायीको हितविपरीत भएको र व्यावहारिक पनि नभएको भन्दै त्यसप्रति गम्भीर हुन पनि महासंघले भनेको छ। महासंघको विज्ञप्तिमा भनिएको छ, 'सरकार, प्रत्यक्ष सरोकार पक्षहरूबिचको छलफल र संवादबिच देखिएका अव्यावहारिक विषयहरूको संशोधन सुधारविना सार्वजनिक, पर्यटन र ढुवानी, निजी प्राइभेट सम्पूर्ण यातायात क्षेत्रको तर्फबाट सो इम्बोस्ड नम्बर प्लेट जडान नगर्नुहुन सबैमा हार्दिक अनुरोध छ।'

जबर्जस्ती प्लेट जडान गर्न खोजिए हुने विरोध र दबाबका गतिविधिप्रति स्वयं यातायात मन्त्रालयमातहतका निकाय नै जवाफदेही हुने चेतावनी महासंघको छ।

उपभोक्ता अधिकारकर्मी, कानुन व्यवसायी तथा आम नागरिकले पनि इम्बोस्ड नम्बर प्लेट बहिष्कार गर्नुपर्ने बताएका छन्। उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिना यसरी इम्बोस्ड नम्बर प्लेटका लागि उर्दी जारी गर्नु आमनागरिकमाथि अन्याय भएको बताउँछन्। 'जसरी पनि जडान गर्नुपर्छ भन्नु उपभोक्तामाथिको अन्याय हो,' उनी भन्छन्, 'यसमा लिपिदेखि धेरै विषयमा प्रश्न उठिरहेको छ, अंग्रेजी भाषामा नम्बर प्लेट लेख्नु संविधानविपरीत छ, कसैबाट परिचालित भएर राज्यका निकाय लागेका छन् भन्ने देखिन्छ।'

यसप्रति नागरिक पनि रुष्ट छन्। सोमबार यातायात व्यवस्था कार्यालय, गुर्जुधारामा भेटिएकी सेवाग्राही सविता श्रेष्ठले इम्बोस्ड नम्बर प्लेटका कारण धेरै नै दुःख पाएको बताइन्। 'मान्छेलाई पैसा तिरेर सहयोग लिँदा पनि घन्टौं लाग्यो,' उनले भनिन्।

सो निर्णयविरुद्ध दिपेश केसीको नेतृत्वमा जाग नेपाली अभियानले पनि नम्बर प्लेट बहिष्कारको आह्वान गर्दै आन्दोलनको घोषणा गरेको छ।

सामाजिक सञ्जालमा पनि इम्बोस्ड नम्बर प्लेटविरुद्ध अभियान सुरु भएको छ।

संक्षेप

विप्लवलाई प्रचण्डको पार्टी एकता प्रस्ताव

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'लाई एकतामा आउन प्रस्ताव गरेका छन्। सोमबार विप्लवनिवास ललितपुरको हरिसिद्धिमै पुगेर प्रचण्डले एकताको प्रस्ताव गरेका हुन्। साउनमा सम्पन्न माओवादी स्थायी समिति बैठकले नेकपासँग एकता गर्ने निर्णयसमेत गरेको थियो। सोही निर्णयबारे औपचारिक जानकारी गराउँदै प्रचण्डले माओवादी र समाजवादी धारलाई बलियो बनाउनुपर्ने जोड दिएका छन्। कम्युनिस्ट एकता राष्ट्रिय राजनीतिको आवश्यकता भएको प्रचण्डले जोड दिए। विप्लवले एकताको विषयमा यही २२ भदौमा सुरु हुने पार्टीको केन्द्रीय समिति बैठकमा छलफल गरेर निर्णयमा पुग्ने बताएका छन्। 'मुख्य त पार्टी एकताको विषयमा छलफल भयो। पार्टी एकता अहिले नै हुन्छ भन्ने त होइन। तर, छलफल सकारात्मक भयो।' विप्लवको भनाइ उद्धृत गर्दै सचिवालयका सदस्य नारायण सीले भने। नेकपाले २२ भदौदेखि केन्द्रीय समिति बैठक बोलाएको छ।



नेपाली कम्युनिस्ट आन्दोलन संकटमा छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेपाली कम्युनिस्ट आन्दोलन संकटमा रहेको बताएका छन्। चुनौती पन्छाउँदै अघि बढ्नुपर्ने आवश्यकता पनि उनले औंल्याएका छन्। पार्टी पुनर्गठन दिवसका सन्दर्भमा सोमबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा नेपालले कम्युनिस्ट आन्दोलनका साथै राजनीतिक दलहरूमाथि नै चुनौती बढिरहेको बताए। सम्मानित नेता झलनाथ खनालले पार्टी निर्माणका लागि नयाँ संकल्प र अठोट आवश्यक पर्ने औंल्याए। वरिष्ठ नेता वामदेव गौतमले उत्साहका साथ लाग्दा पार्टी सदस्य २० लाख पुऱ्याउन सकिने बताए। पार्टी निर्माण र विस्तारका लागि आफू स्वयं पनि तल्लो तहमा गएर काम गर्न तयार रहेको उनले बताए।



ब्रह्मकुमारीले संकलन गऱ्यो तीन दिनमा १२ हजार पिन्ट रगत

काठमाडौं/ ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, सामाजिक सेवा प्रभागबाट आयोजना गरिएको बृहत् रक्तदान कार्यक्रमअन्तर्गत करिब १२ हजार पिन्ट रगत संकलन भएको छ। ६ देखि ९ भदौसम्म आयोजना गरिएको रक्तदान कार्यक्रममा ११ हजार ९१६ पिन्ट रगत संकलन गरिएको हो। दादी प्रकाशमणिजीको १८औं पुण्यतिथि तथा विश्वबन्धुत्व दिवसको अवसरमा काठमाडौं उपत्यका लगायत १५ जिल्लामा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। नेपालमा बिरामीका लागि रगत अभाव भइरहेका वेला ब्रह्मकुमारीले बृहत् अभियान सञ्चालन गरेर रगत संकलन गरेको सेवा केन्द्रले विज्ञप्तिमार्फत जानकारी दिएको छ।

■ निजी विद्यालयका शिक्षकको प्रदर्शन



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

काठमाडौं/ विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति असहमति जनाउँदै निजी विद्यालयका शिक्षकले प्रदर्शन गरेका छन्। ५ भदौदेखि आन्दोलनमा उत्रिएका उनीहरूले सोमबार पनि नयाँ बानेश्वर-बबरमहल हुँदै माइतीघरसम्म प्रदर्शन गरेका हुन्। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले ५ भदौमा मात्रै विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरेको छ। उक्त विधेयकमा निजी विद्यालयलाई कडाइ गर्ने गरी प्रावधान राखिएको भन्दै निजी विद्यालयका सञ्चालक र शिक्षक आन्दोलित बनेका छन्। विशेषगरी पूर्ण छात्रवृत्ति, गैरनाफामूलकजस्ता प्रावधानमा निजी विद्यालयहरूले आपत्ति जनाएका छन्। आन्दोलनको नेतृत्व प्याब्सन, एन प्याब्सन र हिसानलगायतले गरेका छन्। यसअघि ४ भदौमा पत्रकार सम्मेलन गर्दै निजी विद्यालयहरूले आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए।

उनीहरूले 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाइनुपर्ने, विद्यालयहरूमा उत्पादन नहुने सामग्रीहरू जस्तै पोसाक, स्टेसनरी, शैक्षिक सामग्री, खाना (खाजा उपलब्ध गराउने प्रावधान खारेज गर्नुपर्ने, कम्पनी ऐनअनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरूलाई गैरनाफामूलक बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने, छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्न सकिने व्यवस्था गरिनुपर्नेलगायत माग राखेका छन्। यसैबिच विद्यालय शिक्षा विधेयकलाई नै लिएर सामुदायिक विद्यालयका शिक्षक पनि आन्दोलनमै छन्। सोमबार नेपाल शिक्षक महासंघले विधेयकमा संशोधनको मागसहित प्रधानमन्त्री, शिक्षामन्त्री, दलका प्रमुख सचेतकलाई पत्राचार गरेको छ। शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट अघि बढिसकेको विधेयकमा थप संशोधन हुनुपर्ने महासंघको माग छ।

■ दीपक मनाडेको प्रदेश सभा सदस्य खारेज

खुल्यो उपनिर्वाचनको बाटो

नयाँ पत्रिका

गण्डकी प्रदेश सभा सदस्य राजीव गुरुङ (दीपक मनाडे) पदमा बस्न अयोग्य ठहर भएका छन्। सर्वोच्च अदालतको अन्तिम फैसलामा उनी अयोग्य ठहर भएसँगै उनी पदमुक्त भएका छन्। यससँगै मनाङ (ख)मा उपनिर्वाचनको बाटो खुलेको छ। यसअघि निर्वाचन आयोगले फैसलाको पूर्णपाठ नआएको भन्दै उपनिर्वाचन घोषणा गरेको थिएन।



प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित पाँच न्यायाधीशको संवैधानिक इजलासले दुई महिनाअघि गरेको फैसलाको पूर्णपाठ सोमबार सार्वजनिक भएको छ। जसमा मनोनयन दर्ताका समयमा उनी अयोग्य नरहे पनि सर्वोच्चबाट अन्तिम फैसला भएपछि भने उनको पद रिक्त हुने उल्लेख छ।

चक्रे मिलनको ज्यान लिने प्रयास गरेको आरोपमा मनाडे दोषी ठहर भई २० कात्तिक ०८१ मा सर्वोच्चले पाँच वर्ष कैद सजाय सुनाएको थियो। त्यसपछि उनी २७ कात्तिकदेखि डिल्लीबजार कारागारमा छन्। इजलासले सोही मितिबाट प्रदेश सभा सदस्यका लागि अयोग्य हुने ठहर गरेको हो।

उनको योग्यतामाथि प्रश्न उठाउँदै दायर रिटमाथि संवैधानिक इजलसले फैसला गरे पनि पूर्णपाठ तयार भएको थिएन। आयोगले उपनिर्वाचन गर्ने-नगर्नेबारे पूर्णपाठ कुरेर बसेको थियो। अन्य क्षेत्रमा उपनिर्वाचन घोषणा भए पनि मनाङ (ख) मा निर्वाचन घोषणा भएको थिएन।

अधिवक्ता वीरेन्द्रराज कार्कीले दायर गरेको रिटमा मनाडे उम्मेदवार हुनै अयोग्य भएको भन्दै पदबाट हटाउन माग गरेका थिए। तर, अदालतले उम्मेदवार दर्ताको वेला उनी अयोग्य नभएको ठहर गर्दै अन्तिम फैसला भएको मितिबाट मात्रै अयोग्य हुने भनेको छ। पूरा कैद काटेको मितिबाट ६ वर्षसम्म कुनै पनि निर्वाचनमा अयोग्य हुने ठहर संवैधानिक इजलासले गरेको छ।

फैसलामा भनिएको छ, 'ज्यान मार्ने उद्योग मुद्दामा पाएको पाँच वर्ष कैद सजाय भुक्तान गरिसकेपश्चात् थप ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य नै रहने देखियो।' सर्वोच्चले उच्चकै फैसला सदर हुने निर्णय गरेको थियो।

■ मनाङमा पनि रुपन्देहीसँगै उपचुनाव गर्ने योजना

सर्वोच्च अदालतले दीपक मनाडेको प्रदेश सभा सदस्य खारेजको फैसला गरेपछि निर्वाचन आयोगले मनाङ (ख)मा पनि रुपन्देही- ३ सँगै उपनिर्वाचन गर्ने योजना बनाएको छ। रुपन्देही- ३ मा प्रतिनिधिसभा सदस्यका लागि १७ कात्तिकमा उपनिर्वाचनको प्रक्रिया सुरु भइसकेको छ।

अब प्रदेश सभा सदस्य रिक्त रहेको मनाङ (ख)मा पनि १७ कात्तिकमै निर्वाचन गराउने प्रयास हुने निर्वाचन आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले बताइन्। समयका हिसाबले पनि रुपन्देही र मनाङमा सँगै निर्वाचन गर्न सम्भव भएको उनको भनाइ छ। 'सर्वोच्चको पूर्णपाठ प्राप्त भएपछि आयोगले बैठक बसेर छलफल गर्छ र निर्णयमा पुग्छ। कात्तिक १७ मै गराउने हाम्रो प्रयास हो। सबै परिवेश हेरेर तयारी थाल्छौं। रुपन्देही र मनाङमा सँगै चुनाव गर्न समयको हिसाबले सम्भव नै छ,' उनले भनिन्।

वीरगन्जमा अझै थपिए हैजाका बिरामी

सोमबार १५ जनामा हैजा संक्रमण पुष्टि भएसँगै बिरामीको संख्या ९३ पुगेको छ

वीरगन्जमा **तिवारी यादव**

वीरगन्ज महानगरपालिकामा थप १५ जनामा हैजा संक्रमण पुष्टि भएको छ। योसँगै सोमबार रातिसम्ममा हैजा संक्रमितको संख्या ९३ पुगेको छ। आइतबार ३६ नयाँ बिरामी थपिएसँगै संक्रमितको संख्या ७८ पुगेका थिए।

स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरका अनुसार हैजा संक्रमण पुष्टि भएका सबै वीरगन्ज महानगरपालिका- ३, ११, १२, १३ र १६ नम्बर वडाका हुन्। यस्तै, सुरुको दिन शनिबार ४१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ।

ठाकुरका अनुसार हैजा संक्रमण पुष्टि भएका ९३ सहित १२२ जना उपचाररत छन्। तीमध्ये २२ जनाको आइसियूमा उपचार भइरहेको छ। अहिलेसम्म अस्पतालमा भर्ना भएकामध्ये एक सय ७८ जना डिस्चार्ज भइसकेका छन्। ठाकुरका अनुसार नारायणी अस्पतालमा ४९, तराई हस्पिटलमा २५, नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा ११ जना, भवानी अस्पतालमा एकजना तथा वीरगन्ज हेल्थकेयर हस्पिटलमा नौजना, तराई अस्पतालमा १४ जना , सर्वोत्तम अस्पतालमा तीनजना उपचाररत छन्।

यस्तै, एडभान्स मेडिकेयर अस्पतालमा पाँचजना, प्रभु अस्पतालमा एकजना, भवानी अस्पतालमा एकजना, नीलकण्ठ अस्पतालमा एकजना र नेपाल मेडिसिटी बयोधामा दुईजना उपचाररत रहेको अवस्था छ।



खानेपानी मन्त्रालयअन्तर्गतको पानी गुणस्तर परीक्षण प्रयोगशाला जनकपुरले सोमबार साँझ सार्वजनिक गरेको परीक्षण रिपोर्टले भने वीरगन्जमा संस्थान वा डिप बोरिङको पानीबाट झाडापखाला र हैजाको संक्रमण नफैलिएको पुष्टि गरेको छ। संस्थान र डिप बोरिङ धाराको पानीको नमुना संकलन गरेर परीक्षणका लागि गत शनिबार पानी गुणस्तर परीक्षण प्रयोगशाला जनकपुरमा पठाइएको थियो। उक्त पानीको परीक्षण गर्दा त्यसमा झाडापखाला र हैजाको संक्रमण हुने कोलिफर्म नामक जीवाणु र तथा दिसामा भेटिने फिकल कोलिफर्म नामक जीवाणु नभेटिएको प्रयोगशालाका असिस्टेन्ट केमिस्ट मनोजकुमार अधिकारीले सोमबार साँझ सार्वजनिक गरेको रिपोर्टमा उल्लेख छ।

उपचारमा समस्या नहुने मन्त्री पौडेलको आश्वासन

हैजाको प्रकोप बढ्दै गएपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नारायणी अस्पतालमा भर्ना भएका बिरामीलाई भेटेका छन्। सोमबार प्रभावित क्षेत्रको स्थलगत अनुगमनका लागि वीरगन्ज आएका मन्त्री पौडेलले अस्पताल पुगेर हैजाका बिरामीको अवस्थाबारे जानकारी लिनुको साथै उपचारमा समस्या नहुने आश्वासन दिएका छन्। मन्त्री पौडेलले बिरामीहरूको स्वास्थ्य अवस्था र औषधि वितरणबारे चासो व्यक्त गरेका थिए। भर्ना भएका बिरामीका आफन्तले डाक्टरले तोकेको औषधि आफैंले किन्नुपरेको गुनासो राखेपछि मन्त्रीले तत्काल समस्याको समाधान गर्न सम्बन्धित पक्षलाई निर्देशन दिए। स्वास्थ्यकर्मीले स्लाइन र इन्जेक्सन निःशुल्क उपलब्ध हुने, तर अन्य केही औषधिका लागि शुल्क लाग्न सक्ने जानकारी गराएका थिए।

चिकित्सकसहितका टोली वीरगन्जमा

प्रादेशिक अस्पताल गौर रौतहटबाट दुईजना चिकित्सकसहितको स्वास्थ्यकर्मी टोली वीरगन्ज आएको छ। महानगरआसपासमा देखिएको झाडापखाला र हैजा नियन्त्रणका लागि सहयोग गर्न गौर प्रादेशिक अस्पतालका डा. परशुराम यादव र डा. विष्णुकुमार साह नेतृत्वको स्वास्थ्यकर्मीको टोली नारायणी अस्पतालमा आइपुगेको हो।

वीरगन्जमा झाडापखाला र हैजाका बिरामी देखापरेपछि आवश्यक सहयोग चिकित्सकसहितको टोली आइपुगेको नारायणी अस्पतालले जनाएको छ।

मौलिकतातिर फर्किंदै गरेको तिज

भड्किलो र विकृत बन्दै गएको तिज पर्व समाजको आलोचनासँगै अहिले बिस्तारै मौलिकमा फर्किन खोजिरहेको छ



● कल्पना धमला

अग्रलेख

हरितालिका अर्थात् तिजलाई पर्वका रूपमा किन मनाइयो भन्ने प्रश्नसँग नेपाली हिन्दु महिलाको भावना, वेदना र विद्रोह जोडिएको पौराणिक इतिहास छ।

पौराणिक पक्ष : तिज पर्व यही वेलादेखि सुरु भयो भन्ने यकिन छैन। तैपनि, यो पर्व उत्तर भारत एवम् नेपालमा पौराणिक कालदेखि नै चलिआएको बुझ्न सकिन्छ। तिज भारतमा भन्दा नेपालमै बढी महत्त्वसाथ मनाइन्छ। धार्मिक कथाअनुसार पर्वत राजा हिमालयपुत्री पार्वतीको विवाह प्रसंगबाट तिज पर्वको सुरुवात भएको किंवदन्ती सुनिन्छ। हिमालयले आफ्नी छोरी पार्वतीको विवाह भगवान् विष्णुसँग गरिदिने निर्णय गरे। तर, पार्वती महादेव (शिव) लाई मन पराउँथिन्। महादेव पति पाऊँ भनेर प्रार्थना, व्रत गरिहेकी हुन्थिन्। उनी महादेव (शिव) सँगै विवाह गर्न चाहन्थिन्। बाबुको निर्णय र आफ्नो इच्छा नमिलेपछि पार्वतीलाई ठुलो संकट पऱ्यो। यो परिस्थितिबारे पार्वतीले आफ्नो साथीसंगीलाई बताइन्। साथीसंगीले पार्वतीको इच्छा पूरा गरिदिन उनलाई घर र समाजबाट हरण गरेर लुकाए। त्यो दिन भाद्र शुक्ल तृतीया तिथि परेको थियो। पर्वत राजा हिमालयकी पुत्री पार्वतीलाई विष्णुसँग निश्चय गरिएको विवाहबाट जोगाउन उनका सखीहरूले हरण गरेर लुकाएको दिन पार्वतीले निराहार प्रार्थना र व्रत गरिन्। उनको पुकारका कारण महादेव प्रकट भए। साथीसंगीले महादेव (शिव) र पार्वतीको विवाह गराइदिए। नाचगान, भोजभतेर गरी खुसियाली मनाए। महादेव र पार्वतीको विवाह प्रसंगलाई हरितालिका अर्थात् यसको लोकप्रसिद्ध नाम तिज पर्वका रूपमा महिलाहरू निराहार व्रत बसी पार्वतीसहित भगवान् शिवको पूजा-आराधना गर्ने धार्मिक परम्परा छ। हरितालिकाको शाब्दिक अर्थ हो, हरित+आलिका। हरितको अर्थ हो हरण र आलिकाको अर्थ हो साथी। साथीले हरण गरेर लुकाएको किंवदन्ती नै हरितालिका हो। नेपालमा खासगरी हिन्दु समाजमा प्राचीनकालदेखि नै हरितालिका तिजलाई महत्त्वपूर्ण पर्वका रूपमा मनाइने गरेको पाइन्छ। विवाह भएर टाढा-टाढा पुगेका छोरीचेली, भान्जीलाई घर सम्झने, माइती लिन जाने, कुनै कारणवश आउन नमिल्ने परिस्थितिमा भेटघाट गरेर फर्किने परम्परा बस्यो। माइत आएका छोरीचेली, बाबुआमा, दाजुभाइ जम्मा भए रमाइलो भेटघाटबिच द्वितीयाका दिन मिठो एवम् स्वादिष्ट दर खाने, तृतीयाका दिन व्रत बसी पूजा गर्ने, नाचगानका माध्यमले आफ्ना सुखदुःख, पिरमर्का व्यक्त गर्ने अवसर तिजले नै जुराउँथ्यो। तिजमा विवाहित महिलाले आफ्ना पतिको दीर्घायुको कामना गर्दै र अविवाहितले सुयोग्य पति (वर) को आशा राखी व्रत गर्ने धार्मिक विश्वास छ। यस दिनमा पानी पनि नखाई व्रत गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास छ। तिज पर्व भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीको दिन ३६५ वटा दत्तिवनले दाँत माझी विभिन्न ठाउँका माटो शरीरमा लेपन गर्दै स्नान सकेपछि ऋषिमुनीको पूजा गरी तिज पर्वलाई बिदा गर्ने परम्परा रहेको छ।



सामाजिक पक्ष : मानव समाजको विकासक्रमसँगै हिन्दु धर्म र परम्परामा महिला (नारी) अस्तित्व/पहिचानविहीन हुन पुगे। हिन्दु नारी घरको चुलोचौका र समाजको चौघेराबाट बाहिर निस्किएर बोल्ने, आफ्नो इच्छा, चाहनाअनुसार काम गर्ने छुट थिएन। आफूमाथि परेको पिर, मर्का, अन्याय अत्याचारविरुद्ध बोल्ने र न्याय खोज्ने अवस्था थिएन। धर्म, संस्कार र संस्कृतिमा पुरुष बन्धनको घेरा नाघेर आफूखुसी निर्णय लिन सक्ने कुनै ठाउँ थिएन। सधैंभरि पतिको सम्पत्ति र वंश धान्ने साधनका रूपमा नारीलाई हेरियो। तर, उनको सहअस्तित्व स्वीकार गरिएन। केही बोल्यो भने पोथी बासेको भनियो। बोल्न बन्देज थियो। रजस्वला भएपछि कन्यादान गरेको फल प्राप्त हुँदैन भन्ने धार्मिक कानुनको डरले बालविवाह गरिन्थ्यो। कति त विवाह के हो ? श्रीमान् कस्ता थिए भन्नेसम्म थाहै नपाई 'बालविधवा' भएर जीवन बिताउन विवश हुन्थे। बहुविवाहको प्रचलन पनि उत्तिकै थियो। घृणा, हेला, अपमानको सीमा थिएन। महिलालाई बच्चा जन्माउने मेसिन र काम गर्ने दासका रूपमा व्यवहार गरिन्थ्यो। मुख्य पेसा कृषि (खेतिपाती र पशुपालन) भएकाले अत्यधिक श्रमयुक्त काम गर्नुपर्थ्यो। बुहारीलाई राम्रो लगाउन र मिठो खान दिने प्रचलन कमै थियो। यस्तो दर्दनाक जीवन जिउन विवश महिलाले हरितालिका तिज पर्वका वेलामा आफ्ना बाबु, दाजुभाइ लिन आएपछि माइत जान पाउँदा निकै स्वतन्त्र भएको महसुस गर्थे। घरको चर्को श्रमयुक्त कामले थाकेको शरीर, घोचपेच, अपमान, अन्याय र अत्याचारले भावनामा चोट पुगेको मन लिएर माइतमा बाबुआमा, दाजुभाइ, दिदीबहिनीको साथमा बसेर जेजस्तो सकिन्छ, सुखदुःख बाँड्ने, मिठोमसिनो खाने, राम्रो गहना, कपडा लगाउने आमा दिदीबहिनी, साथीसंगी र आफन्तसँग मन्दिरपरिसर, फराकिलो चौतारा वा चौरमा जम्मा भएर एक-अर्काका जीवनमा परेका सुखदुःख र समाजमा घटेका घटनालाई गीतसंगीतका माध्यमबाट अभिव्यक्त गरिन्थ्यो। नाचेर, गाएर, रमाएर एकदिन भए पनि आफू स्वतन्त्र भएको अनुभूति गर्ने, आनन्द महसुस हुने भएकाले हिन्दु महिलाले विशेष महत्त्वसाथ तीज पर्वलाई लिँदै आएका छन्।

> धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक कोणबाट हेर्दा पितृसत्तात्मक सामन्ती समाजविरुद्ध 'विद्रोह दिवस'का रूपमा मनाउनु नै साँचो अर्थमा तिज पर्वको सार्थकता झल्किन्छ

समयको परिवर्तन र संसारको विकासको गतिसँगै नेपाली हिन्दु महिलाको जीवनमा पनि परिवर्तन हुन थाल्यो। तिनले पनि पढ्ने, लेख्ने गर्न थाले। कामका लागि घरबाहिर आउन थाले। पेसा बदलिन थाल्यो। बालविवाह घट्न थाल्यो। महिलाको सहअस्तित्व स्विकार्न थालियो। राजनीतिकर्मी महिलाले तिजलाई महिला अधिकारका पक्षमा चेतना जगाउने माध्यमका रूपमा उपयोग गर्न थाले। अंशबन्डाको हकसहित समानताको मुद्दामा सचेत गराउने खालका राजनीतिक छलफल, बहस, अन्तर्क्रिया, गीत प्रतियोगिता हुन थाले। अहिले पनि हुने गरेका छन्।

राजनीतिक परिवर्तन र महिला अधिकारको स्थापनामा सचेत महिलाले तिज पर्व र परम्परालाई मौलिक ढंगले उपयोग गर्दै आउनु सकारात्मक पक्ष पनि हो। गणतन्त्र प्राप्तिपछि महिलाले न्याय, समानता र स्वतन्त्रताको पक्षमा प्राप्त अधिकारलाई केही हदसम्म तिजका माध्यमबाट पनि उच्शृंखलता प्रदर्शन गर्न पुगे। छाडा, अश्लील, संस्कार र संस्कृतिबाहिरका दोहोरी गीत रेकर्ड गर्ने, बजाउने, समाजलाई भड्किलो बनाउने, तारे होटल र पार्टी प्यालेसमा दर खाने नाममा महिनौं भड्किलो पोसाक, गरगहना प्रदर्शन गर्ने र चाडपर्वको मर्म र भावनाविपरीत भड्किलो र विकृत बनाउने कोसिस पनि भयो। यसबारे निकै ठुलो आलोचना भइरहेकै छ। अहिले बिस्तारै तिज पर्व लयमा फर्किन खोजिरहेको छ। यो वर्ष ढिलो तिज मनाउन सुरु गरियो र गीतहरू पनि धेरै हदसम्म मौलिक बनेका छन्। समूह-समूहका महिला सामान्य पोसाकमा तिज मनाउन निस्किएका छन्। केही राजनीतिक दलका महिलाले पनि तिजबारे बहस, छलफल गरिरहेका छन्। केही समयदेखि भड्किलो बन्दै गएको तिजलाई आआफ्नो गच्छेअनुसार घरमै जम्मा हुने, दर खानेतिर फर्काउन खोजिरहेको आभास भएको छ।

आर्थिक पक्ष : जुन वेला मानिसको पेसा कृषि थियो, मुद्रा कम र वस्तु विनिमयको प्रचलन बढी थियो। सूचना, सञ्चार र प्रविधिको विकास भएको थिएन। वैदेशिक क्षेत्रमा आवतजावत र सामान आयात, निर्यातको प्रचलन र माध्यम थिएन।

त्यतिवेला अत्यावश्यक मात्र लत्ताकपडाको प्रयोग गरिन्थ्यो। हातले निर्माण गरिएका गरगहना प्रयोग हुन्थे। कपडा सापेक्षित सबैको उस्तै नै हुन्थ्यो। धनीहरूले सुनको गरगहना लगाउँथे। गरिबले चाँदी र धातुका गहना लगाउँथे। समय र परिस्थितिको गतिअनुसार विज्ञान प्रविधिको विकासले छलाङ मार्दै संसारलाई साँघुरो बनाइदियो। संसारको जुनसुकै कुनामा बसेको मान्छे जुनसुकै कुनामा जान र बस्न सक्ने, जुनसुकै कुनामा उत्पादन भएको सामग्री जुनसुकै कुनामा पुऱ्याउन सकिने भएको छ। तिजकै सन्दर्भमा महिलाले लगाउने रातो चुरा, पोते, टीका, सिन्दुर, रातो साडी, कुर्ता, लेहेंगालगायत अर्बौं मूल्यका सामग्री विदेशबाट भित्रिन्छन्। त्यसैगरी, साउनमा पनि हरिया र पहेँला चुरा, पोते, कपडा उत्तिकै मात्रामा भित्रिन्छन्। यसले देशको अर्थतन्त्रमा गहिरो नकारात्मक प्रभाव पारिरहेको छ। कसैकसैले एकपटक लगाएका गहना, एकपटक लगाएका कपडा अर्कोपटक लगाएर अर्को ठाउँमा नजाने, डिजाइन र फेसनअनुसारका गहना र कपडा बदल्ने सोखका कारण पनि देशको आवश्यकताभन्दा बढी रकम बाहिरिने गरेको छ। एकपटक किनेको सामान प्रयोग गर्न मिल्दासम्म गर्ने, मितव्ययी चिन्तनमा सुधार गर्ने हो भने बिदेसिने रकम कटौती गर्न सम्भव हुन्छ।

निष्कर्ष : हरेक वस्तु र परम्पराको सकारात्मक र नकारात्मक गुण र विशेषता हुन्छ। तिज पर्वको पनि सकारात्मक र नकारात्मक पक्ष हुने नै भयो। तर, सारमा तिज हरितालिका पर्वलाई कसरी हेर्ने ? बुझ्ने ? यो पर्वले दिन खोजेको सन्देश के हो ? कसरी ग्रहण गर्ने ? भन्ने कुराको गहिराइमा पुग्न आवश्यक हुन्छ। अहिलेसम्म आउँदा यो पर्वलाई मुख्यगरी धार्मिक पर्वकै रूपमा बुझाइएको र बुझिएको छ।

पहिलो कुरा, धार्मिक आँखाले यो पर्वलाई हेर्दा पार्वतीले साथीसंगीको सहयोगमा समाजसँग विद्रोह गरेर आफ्नो मनोकांक्षा पूरा गरेको यथार्थलाई ओझेलमा पारेर धार्मिक कोणबाट मात्रै व्याख्या गरिएको छ। व्रत, पूजा, पाठ र प्रार्थनामा केन्द्रित गरिएको छ। दोस्रो, सामाजिक, सांस्कृतिक आँखाले हेर्दा आफूले जन्माएको सन्तान (छोरी) आफूबाट टाढा रहनुपर्ने परम्परामा बाबुआमाको साथमा माइत जाने, बाबुआमाको सेखपछि पनि दाजुभाइले यो सामीप्यलाई जीवन्त बनाउन बाबुआमा, दाजुभाइ र दिदीबहिनीको भेटघाट हुने, मिठोमसिनो खाने, राम्रो लगाउने, रमाइलो गर्ने, आनन्द लिएर सुखानुभूतिसहित सामीप्यमा बाँधिने राम्रो पक्ष निर्माण गरेको छ।

तेस्रो, राजनीतिक आँखाले हेर्दा तिज पर्वको एउटा पक्ष पितृसत्तात्मक सामन्ती समाज र संस्कृतिलाई पार्वती र पार्वतीका साथीसंगीले दह्रो झपाड हानेको पाइन्छ भने अर्कातर्फ पार्वतीले आफ्नो इच्छा विद्रोहका माध्यमबाट पूरा गरेकी हुनाले अधिकारका लागि विद्रोह गर्नुपर्ने सन्देश प्रवाह गरेको छ।

तिज पर्वको धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक पक्षलाई केलाउँदा पितृसत्तात्मक सामन्ती समाजविरुद्ध 'विद्रोह दिवस'का रूपमा मनाउनु नै साँचो अर्थमा तिज पर्व मनाउनुको सार्थकता रहन्छ।

(धमला नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य हुन्)

---

३ प्रश्न

उखु किसान संघर्ष समितिका अध्यक्ष **रामस्वार्थ राय**लाई



दुई दिनदेखि काठमाडौंमा गरिरहने आन्दोलनको केही प्रभाव परेको छ कि छैन ?

हामीले आइतबारदेखि थालेको आन्दोलनलाई सोमबार अलि बढी किसान भेला भएर थप कडा पारेका छौं। माग पूरा नहुन्जेल हामी हाम्रो आन्दोलनलाई दिनदिनै थप कडा बनाउँदै लान्छौं। हाम्रो आन्दोलनकै कारण कृषि मन्त्रालयले वार्तामा बोलाएको छ। सरकारले दिँदै आएको प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान घटाएर अघिल्लो आर्थिक वर्षमा ३५ रुपैयाँ कायम गरेको थियो। हुँदाहुँदा चालू आर्थिक वर्षदेखि त त्यो अनुदान पनि कटौती नै गरेको छ। हामी त्यसैको विरोधमा आन्दोलनमा छौं र हाम्रो आन्दोलन जारी छ। आन्दोलनमा उखु किसान जम्मा भएर आफ्ना माग पूरा गर्न सरकारलाई दबाब दिइरहेका छौं।

किसानका माग पूरा गराउन जहिल्यै काठमाडौं नै धाउनुपर्ने बाध्यता बन्यो, होइन त ?

त्यही त भन्या नि ! हामी किसान, श्रमिकले आफ्नो हक-अधिकार पाउन यसरी सधैं आन्दोलन नै गर्नुपर्ने र दुःख झेल्नैपर्ने स्थिति बनेको छ। गत वर्ष पनि सर्लाहीमा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेर हामीले आफ्ना माग राखेका थियौं। यसपटक त आफ्नो आवाज सुनाउन काठमाडौंसम्मै धाउनुपऱ्यो। यस्तो अवस्थामा हामी किसानले कसरी काम गर्ने ?

सरकारले तत्कालै प्रतिक्विन्टल ३५ रुपैयाँ अनुदानबापतको रकम दिने भनेको छ, त्यो रकम लिने कि नलिने ?

सरकारले दिएको पैसा नलिने भन्ने हुँदैन, लिन्छौं। तर, हामीलाई पूरा पैसा चाहिन्छ र साथमा यस वर्ष कटौती भएको अनुदानले पनि निरन्तरता पाउने ग्यारेन्टी हुनुपर्छ। समयसापेक्ष रूपमा अनुदान बढाउनुपर्नेमा उल्टै हामी किसानले पाउँदै आएको अनुदान कटौती गर्नु हामी किसानमाथि राज्यको गम्भीर प्रहार हो।

प्रेरक प्रसंग

शिक्षकको इमानदारी

प्रसिद्ध सहिद र वीर देशभक्त सूर्यसेनको नियुक्ति बंगालको एउटा विद्यालयमा भएको थियो। उनी स्वभावले निर्भीक र आदर्शवादी थिए। उनी आफ्नो आदर्शमा चल्ने एक अनुशासित शिक्षक थिए।



उनी नियुक्त भएर काम गर्ने समयमा विद्यालयमा वार्षिक परीक्षा चलिरहेको थियो। जुन कोठामा उनको ड्युटी थियो, त्यस कोठामा विद्यालयका अंग्रेज प्रधानाध्यापकका छोराले पनि परीक्षा दिइरहेका थिए। परीक्षा कक्षामा घुमिरहेका वेलामा उनले प्रधानाध्यापकको छोराले चिट सारिरहेको देखे। उनले ती चिटचोर विद्यार्थीलाई तुरुन्तै समाए र परीक्षा दिनबाट वञ्चित गरे।

जब परीक्षाको परिणाम घोषित भयो, तब ती विद्यार्थी सो दिनको परीक्षामा अनुत्तीर्ण भएका थिए। त्यसैले सबै शिक्षकले सूर्यसेनको नोकरीप्रति आशंका गरे। सायद अब उनको नोकरी खोसिन्छ भन्ने अनुमान धेरैले गरे।

एक दिन अचानक तिनै मास्टर सूर्यसेनलाई प्रधानाध्यापकले आफ्नो कार्यकक्षमा बोलाए। उनको सोचाइविपरीत प्रधानाध्यापकले मास्टर सूर्यसेनको स्वागत गरे र स्नेहपूर्वक भने, 'यो कुरा थाहा पाएर मलाई खुसी लाग्यो कि मेरो विद्यालयमा तपाईंजस्तो कर्तव्यनिष्ठ र आदर्शवादी अध्यापक पनि हुनुहुन्छ, जसले मेरो छोरालाई दण्ड दिनमा पनि हिच्किचाउनुभएन। यदि तपाईंले उसले चोरी गरेको देखेर पनि उत्तीर्ण गरिदिनुभएको भए म तपाईंलाई यो जागिरबाट अवश्यै बर्खास्त गर्ने थिएँ।'

प्रधानाध्यापकको भनाइ सुनेर सूर्यसेनले गर्वसाथ भने, 'यदि तपाईंले अझै पनि उसलाई उत्तीर्ण गराउन मलाई बाध्य बनाउनुभएको भए म आफ्नो राजीनामा गोजीमा राखेर आएको थिएँ सर !' उनको यस्तो जवाफ सुनेर प्रधानाध्यापक महोदयको दृष्टिमा उनीप्रतिको सम्मान झनै बढ्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चोरलाई चौतारो साधुलाई शूली !

यदि जिबी राईलाई पनि अदालत उपस्थित गराइयो भने उनलाई पनि धरौटीमा छोड्न बाध्य हुनेछ, किनभने जिबीले भन्दा धेरै रकम खानेहरू पनि तुलनात्मक हिसाबले सामान्य धरौटीमा रिहाई हुने नजिर स्थापित भइसकेको छ। तर, त्यसो बिल्कुलै हुँदैन, जहाँ रविलाई फसाइएको छ र जिबीलाई सम्भवतः यो सरकार छउन्जेल गायब बनाउने पक्कापक्की नै छ।



● मगर दाइ

हेर हेर थिनको नाटक रविचाहि न संस्थापक न सञ्चालक, त्यहीमाथि सहकारीसँग कते नजोडिएका व्यक्ति ! अनि भएभरका मुद्दा थुपारेर हुँदै नभएका कानुनमा पनि अध्यादेश ल्याई-ल्याई मुद्दा चलाएर जेलमा कोच्ने अनि जो प्रत्यक्ष संलग्न छ, उसलाई न मुद्दा लाग्छ न जेल नै बस्नुपर्छ। अनि तिमी भ्रष्टहरूले रवि ठग हो भन्दा पत्याइदिनुपर्ने। यही हो प्रतिशोध भन्ने झन् छर्लंग भइसक्यो। यो शतप्रतिशत प्रतिशोध नै हो। पालो आउँछ भ्रष्टहरू हो, तिमीहरूको पनि। रविलाई जस्तै प्रतिशोध साधेर होइन, कानुनअनुसार प्रमाण पुऱ्याएर जेल कोच्ने दिन कसो नआउला !

● सोमकुमार गुरुङ

सहकारी सञ्चालक र संस्थापकलाई छुट्ट देऊ, सहकारीसँग सम्बन्धै नभएको मान्छेलाई जेलमा कोच। पृथ्वी गोलो छ, पालो सबैको आउँछ। अहिले तिमेर्को पालो छ, अरूको समय आउँदा ऐयाआत्था गर्न पाउँदैनौ।

● कमल शर्मा

ठिकै छ त, सबैको साटो रवि भित्र छन्। यति भएपछि कांग्रेसका झोलाझ्याम्टा, एमालेका झोलाझ्याम्टा, राजाका केही थान झोलाझ्याम्टा र नक्कली सहकारीपीडित भनाउँदा नेताका झोलाझ्याम्टाले न्याय पाएकै होलान्। भैगो नि, अरू किन चाहियो ?

● सागर पौडेल

योभन्दा भद्दा मजाक र लज्जास्पद प्रतिशोध अरू कुनै हुन सक्दैन। चिर्कटो देखाएर संसद्मा दुई हात उफ्नेहरूको लाज कसरी छोप्ने अब ? रास्वपा बौद्धिक जमात हो, ८४ मा जनताको अभिमतले प्रतिवाद गर्छ।

● प्रशंसा खड्का

संसदीय छानबिन समितिको प्रतिवेदनमा सातवटा सहकारी उडाउने नाइके भनेर लेखिएको छ रे यिनलाई। अब सरकारी वकिलको कार्यालय यिनलाई थुनामा राखेर कारबाही गर्नुपर्छ भनेर उच्चमा जान्छ कि नाइँ होला ?

● शिखर खड्का

सहकारीपीडितले आफ्नो रकम फिर्ता पाउनु दिवास्वप्न हुने भो। मुख्य मान्छेलाई विनाकारबाही छोड्ने हो भने पीडितले कसरी पैसा पाउँछन् ? खोइ कहाँ गए आन्दोलन गर्ने सहकारीपीडितका नेता आजकाल ? पीडितका पक्षमा आन्दोलन देख्नै छोडियो त हो !

● गणेश कार्की क्षेत्री

ए सहकारीकै अध्यक्षचाहिँ १० लाख धरौटीमै छुट्ने, जसको सहकारीमा एउटा सदस्यतासम्म छैन ऊचाहिँ जेल जाने ?

● गणेश पाण्डे

नेपालमा न्याय पनि व्यक्ति, पहुँच र दलीय आधारमा हुने रहेछ भन्ने कुरा दिनानुदिन ओली सरकारको कार्यकालमा देखिने गरी, बुझिने गरी पुष्टि हुँदै गइरहेको छ।

● डिल्ली फेजोङ

संस्थापक अध्यक्ष उही दिन जम्मा दश लाख धरौटीमा छुट्छ अनि सदस्य पनि नभएकोसँग करोडौंको धरौटी राखेर पनि कारागारमा थुनिन्छ। तैपनि, पत्याइदिनुपर्ने यो प्रतिशोध होइन भनेर ?

● शीतल बाबु

(नयाँ पत्रिका फेसबुकबाट)

अफ्रिकालाई वास्तविक आकारमा देखाउन आवश्यक

विश्वको नक्सामा ग्रिनल्यान्डलाई करिब अफ्रिकाजत्रै देखाइए पनि वास्तविकतामा भने अफ्रिका ग्रिनल्यान्डभन्दा १४ गुणा ठुलो छ

देश / विदेश

अफ्रिकी संघले विश्वको सबैभन्दा लोकप्रिय नक्सालाई आफ्नो महादेशको आकारलाई वास्तविक रूपमा देखाउने नक्साबाट विस्थापित गर्नुपर्ने माग राखेको छ। यो माग सरकार प्रमुखबाट भन्दा भूगोल विभागबाट आउनुपर्ने हो जस्तो लाग्न सक्छ। तैपनि, राजनीतिमा, प्रतीकहरूले ठुलो अर्थ राख्छन्। हाल आम प्रचलनमा रहेको 'मारकाटोर प्रोजेक्सन' नक्सा १६औं शताब्दीमा बनाइएको थियो। यो नक्सा युरोपेली नाविकलाई विश्वका कुना-कुना गएर ती ठाउँमाथि विजय र व्यापार गर्ने बाटो पहिल्याउन उपयोगी रह्यो। साथसाथै, यसले शताब्दीयौंदेखि हामीले संसारलाई कसरी हेर्छौं भन्ने कुरालाई नजानिँदो गरी आकार दिएको छ।

उच्च अक्षांशहरूलाई वास्तविकताभन्दा बढि तन्काएर र भूमध्यरेखीय क्षेत्रलाई खुम्च्याएर देखाउने मर्केटर प्रोजेक्सनले पाँच महादेशलाई वास्तविकताभन्दा भिन्न आकारमा देखाउँछ। यस नक्साले युरोप र उत्तरी अमेरिका महादेशलाई यथार्थभन्दा बढी ठुलो देखाउँछ। जबकि अफ्रिका र दक्षिण अमेरिका भने तिनको आकारभन्दा साना देखिन्छन्। यस नक्सामा कुनै भूमिको आकार कति धेरै तोडमोड गरिएको छ भनेर ग्रिनल्यान्ड एउटा उदाहरण हो। मर्केटर प्रोजेक्सनमा ग्रिनल्यान्ड करिब अफ्रिकाजत्रै देखिन्छ। जबकि वास्तविकतामा भने अफ्रिका ग्रिनल्यान्डभन्दा १४ गुणा ठुलो छ। यो नक्साले उत्तरी क्षेत्रको जमिनलाई ठुलो र केन्द्रमा देखाउन खोज्दा दक्षिणको जमिन भने परिधीय रूपमा खुम्चेको छ।

नक्साको प्रयोग समुद्री ढुवानीमा मात्र सीमित भएको भए यस्तो तोडमरोड सायद क्षमायोग्य हुने थियो। तर, पुस्तौंदेखि नीति-निर्माता र बालबच्चाका लागि विश्वको प्रतिनिधित्व गर्ने यो नक्साले शक्तिशालीको बढाइचढाइ गर्ने र बाँकीलाई कमजोर देखाउने काम गरेको छ। शिक्षाविद् मार्क मोनमोनियरले आफ्नो पुस्तक 'रुम लाइन्स एन्ड म्याप वार्स'मा साम्राज्यहरू कक्षाकोठाका नक्साले भन्दा राजनीति र अर्थशास्त्रमार्फत सञ्चालित थिए भन्ने तर्क गरेका थिए। यही तर्कलाई समातेर आलोचकले पनि 'मर्केटर प्रोजेक्सन'लाई पश्चिमी साम्राज्यवादको हतियारका रूपमा 'अनावश्यक' बढी बहसमा ल्याइएको बताउने गर्छन्। हुन त औपनिवेशिक शक्तिलाई आफ्नो औचित्य पुष्टि गर्न नक्साको आवश्यकता पर्दैन।

तथापि, नक्साले यसको विश्वदृष्टिकोणलाई स्वीकार्य बनाउन निश्चित नै मद्दत गर्छ।

'मर्केटर प्रोजेक्सन'भन्दा राम्रा विकल्प पहिल्यैदेखि विद्यमान छन्। यसमा, सन् २०१८ मा पहिलोपटक सार्वजनिक भएको 'इक्वेल अर्थ प्रोजेक्सन' पछिल्लो उदाहरण हो। यसले मर्केटरको दृश्यात्मक विन्यासलाई कायम राख्दै भूमिहरूको सटिक क्षेत्रफल प्रदान गर्छ। त्यसअघि पनि वास्तविक क्षेत्रफल प्रस्तुत गर्ने प्रयास भएका थिए। तिनमा 'गुड होमोलोसिन' वा 'पिटर्स प्रोजेक्सन'ले मर्केटर प्राजेक्सनका गल्ती सम्बोधन गर्ने कोसिस गरेका थिए। तथापि, उल्लिखित कुनै पनि नक्सा पूर्ण भने छैनन्। हुन पनि गोलाकार पृथ्वीलाई समतल रूपमा प्रतिनिधित्व गर्न केही कुरामा सम्झौता गर्नैपर्ने हुन्छ। यसमा पूर्णता होइन, इमानदारी बढी महत्त्वपूर्ण हुन्छ। र, इमानदारीका लागि नक्सामा भएका विकृतिलाई स्विकारिनु आवश्यक हुन्छ।

मर्केटर प्रोजेक्सनले सटिक क्षेत्रफल प्रस्तुत नगर्ने विषय लामो समयदेखि बहस थियो। तर, सो बहस सानो प्राज्ञिक समूहमा सीमित थियो। आरोन सोर्किनको टिभी सो 'वेस्ट विंग'ले यस विषयलाई

Equal Earth projection



तस्बिर : द न्युयोर्क टाइम्स

आममानिसमाझ लोकप्रिय बनाइदियो। सन् २००१ मा पहिलोपटक प्रसारण भएको त्यस सोको एक चर्चित दृश्यमा नक्साकारको एक समूहले 'ह्वाइट हाउस'का प्रेस सचिवलाई 'मर्केटर प्रोजेक्सन'ले पुस्तौंदेखि मानिसलाई ग्रिनल्यान्ड झन्डै अफ्रिकाबराबर रहेको भ्रम सिर्जना गरिदिएको बताउँछन्। हुनत टिभी सोमा यसलाई हास्य रूपमा प्रस्तुत गरिएको छ, तैपनि यसले गम्भीर सत्य इंगित गर्छ।

गलत नक्साले कहिलेकाहीं हामीलाई गलत निष्कर्षमा पुऱ्याउने जोखिमसमेत हुन्छ। अर्थात्, यसको प्रभाव बृहत्तर हुन्छ। व्यवसायमा होस् वा राजनीतिमा, सत्यविनाको दृष्टिकोण काल्पनिक हुन्छ। 'वेस्ट विंग'को उल्लिखित दृश्य पनि नेतृत्वको चरित्रबारे नै केन्द्रित थियो। भनाइ नै छ, महान् नेताहरूको सफलताका लागि भविष्यको कल्पनाले मात्र पुग्दैन, वर्तमानको स्पष्टता पनि अवश्यक हुन्छ। र, स्पष्टता तथ्यहरूले ल्याउँछन्, पुरानो पूर्वाग्रहको विकृतिबाट होइन।

'मर्केटर प्रोजेक्सन' नक्सा निःसन्देह साम्राज्यवादी युगमा युरोपेली प्राथमिकताका आधारमा तयार गरिएको थियो। यसलाई सर्वस्वीकार्य नक्साका रूपमा प्रयोग गरिरहनु युरोपेली साम्राज्यवादी युगका प्राथमिकतालाई निरन्तरता दिनु हो। यसविपरीत 'इक्वेल अर्थ प्रोजेक्सन'लाई अपनाउनु भौगोलिक रूपमा मात्र राम्रो होइन कि प्रतीकात्मक रूपमा पनि महत्त्वपूर्ण छ। यसले अफ्रिका छापामा कम हुनेछैन जब, वास्तवमा, यो स्केल र प्रतिज्ञामा विशाल छ। आलोचकले नक्सा परिवर्तन गर्नु केवल प्रतीकात्मक हुने भन्दै खिल्ली उडाउन सक्छन्। तर, प्रतीकहरूले आमधारणालाई आकार दिन्छन्। र, धारणाले निर्णयलाई निर्देशित गर्छन्। अफ्रिकालाई सानो देखाउनु कालान्तरमा यसलाई सानो व्यवहार गर्ने बाटो खोल्नु हो। तर, यसको आकारलाई वास्तविक रूपमा चित्रण गरियो भने यसको भूगोल र सम्भावनालाई बेवास्ता गर्न गाह्रो हुन्छ। यस अर्थमा अफ्रिकी संघको माग ठिक छ।

(द गार्जियनको २२ अगस्टको सम्पादकीयबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बोलिभियामा समाजवादी पार्टी पतनको अन्तर्य

कुनै समय कोका खेती गर्ने किसान इभो मोरालेस लोकप्रिय समाजवादी आन्दोलनको बलमा देशको सबैभन्दा शक्तिशाली व्यक्ति हुँदै अहिले एक फरार अभियुक्त हुन्

बोलिभियामा थोरै व्यक्तित्वले मात्र इभोले जस्तै तीव्र ध्रुवीकरण जगाउन सक्छन्। तीन कार्यकालका राष्ट्रपति इभो कसैका लागि २० लाख मानिसलाई गरिबीबाट उकास्ने व्यक्ति हुन् भने अरूका लागि भ्रष्टाचारको आरोप लागेका एक अधिनायकवादी राजनीतिज्ञ।

यद्यपि इभो पदबाट बाहिरिएको ६ वर्षमा देश धेरै बदलिसकेको छ, जुन परिवर्तन उनी स्वयंले पनि भोगेका छन्। मुद्रास्फीति, घट् दो विदेशी मुद्रा भण्डारण र प्राकृतिक ग्यास उद्योग धराशायी हुँदाका संयुक्त प्रभावमा देश आर्थिक संकटमा फसेको छ। र, कुनै समय कोका खेती गर्ने किसान इभो लोकप्रिय समाजवादी आन्दोलनको बलमा देशको सबैभन्दा शक्तिशाली व्यक्ति हुँदै अहिले एक फरार अभियुक्त हुन्। साथै उनीमाथि सो आन्दोलनमा विभाजनको बिउ रोपेको आरोप पनि छ।



● मारिया सिल्भिया ट्रिगो

मारिया बोलिभियामा आधारित रहेर फ्रिलान्सिङ पत्रकारिता गर्छिन्।

अगस्ट १७ मा बोलिभियाका मतदाता नयाँ राष्ट्रपति र संसद् सदस्यको निर्वाचनमा सहभागी भए। निर्वाचनमा कुनै पनि राष्ट्रपतीय उम्मेदवारले आवश्यक ५० प्रतिशत मत हासिल गर्न सकेनन्। पहिलो र दोस्रो बढी मत हासिल गरेका मध्यपन्थी र दक्षिणपन्थीबिच अब अक्टोबर १९ मा दोस्रो चरणको निर्वाचन हुँदै छ। दुईमध्ये जसले जिते पनि २० वर्षपछि पहिलोपटक बोलिभियाले गैर-वामपन्थी राष्ट्रपति पाउने पक्का भएको छ।

यो मतपरिणामसँगै 'मुभमेन्ट फर सोसलिज्म (एमएएस)' भनेर चिनिने बोलिभियाली समाजवादी पार्टी २० वर्षपछि सत्ताबाहिर हुनेछ। केही विज्ञले यस मतपरिणामका लागि आंशिक कारण इभो रहेको बताएका छन्। पछिल्लो निर्वाचनमा राष्ट्रपतिको उम्मेदवार हुनबाट वञ्चित गरिएपछि इभोले आफ्ना समर्थकलाई चुनावमा मतदान नगर्न प्रोत्साहित गरे। कैयौंले यस रणनीतिले अन्ततः विपक्षीलाई फाइदा पुऱ्याएको ठम्याएका छन्। केही स्थानमा त इभोका कट्टर समर्थकले निर्वाचन भाँड्ने उद्देश्यले सडक अवरुद्ध गरेर 'इभोविना कुनै चुनाव नहुने' नारा लगाएका थिए।

राष्ट्रपति पदको चुनावमा मोरालेसको निर्णयको असर बुझ्न हामीले त्यहाँको वस्तुस्थिति बुझ्नुपर्छ। विशेषतः देशको विशाल आदिवासी र ग्रामीण मतदातामाझ उनको अझै ठुलो प्रभावलाई ख्याल गर्नुपर्छ। बोलिभिया ल्याटिन अमेरिकामा जनसंख्याको अनुपातमा सबैभन्दा ठुलो आदिवासी नागरिक भएको देश हो। झन्डै ४० प्रतिशतभन्दा बढी नागरिकले आफूलाई आदिवासीको रूपमा चिनाउँछन्। त्यसबाहेक एक चौथाइ नागरिक बसोवास गर्ने ग्रामीण इलाकामा मोरालेसप्रति अझै बलियो समर्थन देखिन्छ।

युनियन नेतादेखि राष्ट्रपतिसम्म

बोलिभियाको मध्यभागमा अवस्थित उच्च पहाडी क्षेत्रको आदिवासी 'आयमारा' परिवारमा जन्मिएका इभो सन् १९८० को दशकमा देशको कोका-उत्पादक मजदुरको संगठनमार्फत बलियो राजनीतिक नेताको रूपमा उदाएका थिए। त्यो समय कोका किसानहरूले आफूले उब्जाउने बाली उन्मूलन गर्न बोलिभियामाथि अन्तर्राष्ट्रिय दबाब रहेकोप्रति असन्तुष्टि र चिन्ता व्यक्त गरिरहेका थिए। कोका लागू पदार्थ कोकेनको कच्चा पदार्थको रूपमा समेत प्रयोग गरिने भएकाले अमेरिकाले त्यसको उत्पादन रोक्न ल्याटिन अमेरिकाभर दबाब दिइरहेको थियो।



पछिल्लो निर्वाचनमा राष्ट्रपतिका उम्मेदवार हुनबाट वञ्चित गरिएपछि मोरालेसले आफ्ना समर्थकलाई चुनावमा मतदान नगर्न प्रोत्साहित गरे। कैयौंले यस रणनीतिले अन्ततः विपक्षीलाई फाइदा पुऱ्याएको ठम्याएका छन्। केही स्थानमा त मोरालेसका कट्टर समर्थकले निर्वाचन भाँड्ने उद्देश्यले सडक अवरुद्ध गरेर 'इभोविना कुनै चुनाव नहुने' नारा लगाएका थिए।

तर, बोलिभियाली किसानको जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएको यस खेतीको प्रतिरक्षामा किसान आन्दोलन उठ्यो। राजनीतिज्ञको रूपमा आफ्नो प्रारम्भिक कालमा, इभोले कोका खेती जबर्जस्ती उन्मूलन गर्नुपर्ने दबाबविरुद्ध सार्वजनिक प्रतिरोधको नेतृत्व गरेका थिए। विज्ञहरूका अनुसार उनले युनियनको शक्तिलाई राजनीतिक दलमा परिणत गरे, जुन अन्ततः एमएएस बन्यो। एमएएसबाट उनी सन् १९९७ मा पहिलोपटक सांसद बने। तर, सांसद कार्यकाल सकिने वेलामा उनलाई कोका-कृषकले गरेको विरोध प्रदर्शनका क्रममा हिंसा भड्काएको आरोपमा सांसद पद खोसियो। तर, उनले त्यो सजायलाई थप उच्च तहमा पुग्ने टेको बनाउने प्रयोग गरे। सन् २००५ मा इभोले राष्ट्रपति पदको उम्मेदवारी दिए। र, पहिलो प्रयासमै उनी राष्ट्रपति निर्वाचित पनि भए। जितसँगै उनी बोलिभियाको आदिवासी मूलका पहिलो आधुनिक राष्ट्रपति बनेका थिए।

पदभार ग्रहण गरेपछि उनले देशको खनिज इन्धन उद्योगलाई राष्ट्रियकरण गरे। राज्यको राजस्व बढाए। आर्थिक वृद्धि उच्च कायम राखे। उनको कार्यकालमा सामाजिक खर्चमा भएको वृद्धिले बोलिभियाको असमानता दरमा उल्लेख्य गिरावट आयो। जस्तो, सन् २००५ मा देशमा चरम गरिबीको रेखामुनि रहेको जनसंख्या ६२.९ प्रतिशत रहेकोमा सन् २०१२ मा घटेर ४०.९ प्रतिशत पुगेको थियो।

इभोको ओरालो यात्रा

यस्ता सुधारले इभोलाई दुईपटक पुनः निर्वाचित गराउन सघायो। यद्यपि, तेस्रो कार्यकालको पछिल्लो समयदेखि उनी विभिन्न विवादमा फस्न थाले। साथै उनमा रहेको बलियो सत्तामोह प्रकट हुन थाल्यो। सन् २०१६ मा इभो सत्तामा रहँदा उनकी एक पूर्वप्रेमिका सत्तालाई प्रयोग गरेर फाइदा लिएको र अवैध धन आर्जन गरेको आरोपमा पक्राउ परिन्। त्यही वर्ष संविधानले बन्देज लगाएको चौथो कार्यकालमा इभोले उठ्न पाउने कि नपाउने भन्ने विषयमा जनमत संग्रह भएको थियो। जसमा उनले चौथो कार्यकालका लागि उम्मेदवार हुन पाउने गरी संविधान संशोधन गर्न नहुने पक्ष झिनो अन्तरले विजयी भयो।

तर, २०१७ को अन्त्यमा सत्तारुढ पार्टीले देशको सर्वोच्च अदालत, संवैधानिक न्यायाधीकरणलाई चौथो कार्यकालमा उम्मेदवार बन्ने बाटो खोलिदिन अपिल गऱ्यो। अदालतले सो माग सदर गरिदियो। फैसलाको विरोधमा ठुलो प्रदर्शन नै भएको थियो। 'एमएएस र सरकारको समस्या त्यही वेलादेखि सुरु भएको थियो,' सन् २०१५ देखि २०१८ बिच इभोको सरकारमा रक्षामन्त्री रहेका रेमी फेरोले भने, 'पाँच न्यायाधीशको बेन्चले गरेको फैसलासँगै जनमत संग्रहमा लाखौंको मतको अपमान भयो।'

संवैधानिक अदालतको फैसलापछि इभो सन् २०१९ को राष्ट्रपतीय चुनावमा उम्मेदवार बने। चुनावी मतपरिणाममा उनी विजयी भएको घोषणासमेत भयो। तर, लगत्तै चुनावमा व्यापक धाँधली भएको आरोपमा ठुलो विरोध प्रदर्शन भयो। देशको सेनाले समेत साथ छाडेपछि इभो आफैं देश छाडेर भागे। तर, आजको दिनसम्म उनी र उनका समर्थकले त्यस प्रकरणलाई 'कु'को संज्ञा दिँदै आएको छ। बिचमा एक वर्ष जेनिन एनेसको शासनपछि भएको निर्वाचनमा पुनः इभोको समर्थनमा उनको शासनमा अर्थमन्त्री रहेका लुइस आर्से राष्ट्रपति बने।

आर्सेको जितपछि इभो निर्वासनबाट बोलिभिया फर्किने बाटो खुल्यो। आर्सेले राष्ट्रपतिको रूपमा पदभार ग्रहण गरेको दुई दिनपछि इभो फर्किए। लगत्तै उनले देशको कोका-उत्पादन हुने क्षेत्रमा तीनदिने यात्रा गरे। उनको देश भ्रमणमा ८०० सवारीसाधनको लर्को देखिएको थियो, जसलाई ग्रामीण मतदातालाई परिचालन गरिएको थियो।

वामपन्थीबिच विभाजनको बिउ

जसरी पनि चौथोपटक राष्ट्रपति बन्ने इभोको महत्त्वाकांक्षा अझै मरेको थिएन। सोही महत्त्वाकांक्षाले सन् २०२५ को चुनावमा वामपन्थीबिच कलहको बिउ रोपेको थियो। सन् २०२३ मा संवैधानिक अदालतले सन् २०१७ को निर्णयलाई उल्ट्याउँदै कोही पनि व्यक्ति दुई-कार्यकालभन्दा बढी राष्ट्रपति बन्न पाउने सीमा तोक्यो। फैसलालाई लत्याउँदै इभो भने पार्टीले आफूलाई राष्ट्रपति उम्मेदवार बनाओस् भन्ने चाहन्थे। यसले आर्से र उनीबिच दरार उत्पन्न गऱ्यो। एक समय सन् २०२४ तिर एमएएसको अध्यक्ष पदमा इभो र आर्सेका सहयोगी ग्रोभर गार्सिया दुवैको दाबी रह्यो। मुद्दा अदालतसम्म पुग्यो। अदालतले अन्ततः गार्सियाको पक्षमा फैसला सुनायो। त्यसपछि इभोले आफैंले गठन गर्न सघाएको एमएएस छाडेर नयाँ राजनीतिक दल 'इभो प्युलो' स्थापना गरे। वामपन्थीहरू थप विभाजित भए।

इभोलाई यही समयमा राजनीतिक मात्र होइन, चारित्रिक संकट पनि आयो। जनवरीमा उनी सन् २०१५ मा पदमा हुँदा एक १५ वर्षे किशोरीलाई बलात्कार गरेको मुद्दामा दोषी ठहरिए। ती किशोरीले अर्को वर्ष एक बच्चालाई जन्म दिएको पनि अदालती सुनुवाइमा खुलासा भएको थियो। फैसलापछि उनी पक्राउ पर्नबाट बच्न भाग्दै हिँडिरहेका छन्। तथापि, फरार रहँदा पनि उनले आफ्नो राजनीतिक प्रभाव भने प्रयोग गर्न छाडेनन्। उनले विशेषतः वामपन्थीलाई आक्रमणको निसाना बनाइरहेका थिए। आफ्ना समर्थकलाई कुनै उम्मेदवारलाई मत नदिन भनिरहे।

उता, एमएएसमा प्रमुख नेताले उम्मेदवारी नदिएपछि ३६ वर्षीय पूर्वमन्त्री एड्आर्डो डेल क्यास्टिलोलाई राष्ट्रपति पदको उम्मेदवार बने। राष्ट्रपतीय उम्मेदवार घोषणा गरिएलगत्तै आफू उम्मेदवार हुन नपाएका इभोले वामपन्थी उम्मेदवारको आलोचना तीव्र बनाए। अगस्ट १७ को निर्वाचनमा क्यास्टिलोले दक्षिणपन्थी प्रतिस्पर्धीले भन्दा धेरै कम मत पाएका छन्। सबैभन्दा धेरै मत ल्याउने शीर्ष दुई उम्मेदवार रोद्रिगो पाज पेरेरा र होर्जे क्विरोगाले क्रमशः ३२ प्रतिशत र २६ प्रतिशत मत ल्याएका छन्। जबकि, दुई दशक एकछत्र शासन गरेका एमएएसका उम्मेदवार क्यास्टिलो ३.१७ मत पाउँदै छैटौं स्थानमा रहे। कयौंले यसमा इभोले समर्थन गर्नुको सट्टा निरन्तर आलोचना गर्नुको पनि भूमिका रहेको विश्वास गरेका छन्।

अलजजिराबाट

इतिहासमा आज अगस्ट २६



सन् १९२० : सन् १९२० को अगस्टअघिसम्म अमेरिकी महिलालाई पुरुषसरह मतदानको अधिकार थिएन। अर्थात्, यसअघि भएका निर्वाचनमा पुरुषले मात्र मतदान गर्थे। सन् १९२० अगस्ट २६ मा अमेरिकी संविधानमा १९औं संशोधन भएको थियो। संशोधनले आमचुनावमा महिलालाई पनि पुरुषसरह मतदान गर्ने अधिकार सुनिश्चित गरेको थियो। सिनेटर आरोन ए सर्जेन्टले १८८७ मा पहिलोपटक संसद्मा सो प्रस्ताव ल्याएका थिए।

सन् १९५५ : अमेरिकी टेलिभिजन च्यानल एनबिसीले सन् १९५५ को अगस्ट २६ मा पहिलोपटक टेनिस खेल देखाएको थियो। अमेरिका र अस्ट्रेलियाबिचको डेभिस कप म्याचलाई एनबिसीले प्रसारण गरेको थियो।

सन् १९६६ : अगस्ट २६ देखि नामिबियामा स्वतन्त्रताका लागि युद्ध सुरु भएको थियो। दक्षिण अफ्रिकी रक्षाफौजको हमलासँगै दक्षिण अफ्रिकी सरकारविरुद्धको २४ वर्ष लामो विद्रोह सुरु भएको थियो। नामिबियाले २१ मार्च १९९० मा स्वतन्त्रता पाएको थियो। त्यसपछि हरेक २६ अगस्टलाई उसले 'हिरो डे'का रूपमा स्मरण गर्छ।

सन् १९७८ : पूर्वी जर्मन हवाई फोर्सका चालक सिग्मन्ड जान आजकै दिन अन्तरिक्षमा पुगेका थिए। उनी सोयुज-३१ नामक यानको कारिन्दाको एक सदस्य बनेर सल्युट ६ अन्तरिक्ष स्टेसनमा गएका थिए।

सन् २०१५ : अमेरिकाको प्रख्यात नागरिक अधिकारवादी कार्यकर्ता ब्वाइन्टन रबिन्सनको मृत्यु। उनकै अगुवाइमा आयोजित सेल्मा मार्चले अमेरिकामा नागरिक अधिकार प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। सेल्मा मार्चले अमेरिकी सरकारलाई मतदान अधिकारसम्बन्धी कानुन ल्याउनसमेत दबाब दिएको थियो।

विश्व संक्षेप

रुसका लागि भारतीय राजदूत भन्छन् - भारतीय कम्पनीले राम्रो सम्झौता हुने ठाउँबाट तेल खरिद गर्छ

नयाँ दिल्ली / भारतीय कम्पनीले 'सबैभन्दा राम्रो सम्झौता' हुने ठाउँबाट तेल खरिद गर्ने भारतले जनाएको छ। रसियाका लागि भारतका राजदूत विनय कुमारले उक्त कुरा बताएका हुन्। नयाँदिल्लीले आफ्नो 'राष्ट्रिय हित'को रक्षा गर्ने कदमलाई निरन्तर जारी राख्ने दाबी गर्दै रुसको सरकारी समाचार एजेन्सी तासँगको अन्तर्वार्तामा नयाँदिल्लीको प्राथमिकता देशका १.४ अर्ब जनताको ऊर्जा सुरक्षा सुनिश्चित गर्नु रहेको कुमारले बताए। भारतले छुटमा रुसी कच्चा तेल खरिद गरेकोमा अमेरिकाको आलोचना सामना गरिरहेका वेला उनको टिप्पणी आएको हो। अमेरिकी आलोचनालाई भारतले कडाइका साथ अस्वीकार गरेको छ।

भारतीय कम्पनीले जहाँबाट उत्तम सम्झौता पाउँछन्, त्यहाँबाट निरन्तर तेल खरिद गर्ने कुमारले बताए। 'हामीले स्पष्ट रूपमा भनेका छौं कि हाम्रो उद्देश्य भारतका १.४ अर्ब जनताको ऊर्जा सुरक्षा हो र धेरै अन्य देशजस्तै रुससँगको भारतको सहकार्यले विश्वव्यापी तेल बजारमा स्थिरता ल्याउन मद्दत गरेको छ,' उनलाई उद्धृत गर्दै रिपोर्टमा भनिएको छ। डोनाल्ड ट्रम्प प्रशासनले भारतीय सामानमा शुल्क दोब्बर गरेर ५० प्रतिशत पुऱ्याएको पृष्ठभूमिमा उनको टिप्पणी आएको हो।

अमेरिकाले भारतले रुसी कच्चा तेल खरिद गरेर युक्रेनमा मस्कोको युद्धलाई आर्थिक सहयोग गरिरहेको आरोप लगाएको छ, जुन आरोपलाई भारतले कडाइका साथ अस्वीकार गरेको छ। वासिंटनको निर्णयलाई 'अनुचित' भन्दै कुमारले भारत सरकारले 'देशको राष्ट्रिय हितको रक्षा गर्ने उपाय जारी राख्ने' बताए। भारत र रुसबिचको व्यापार पारस्परिक हित र बजार कारकमा आधारित रहेको उनको भनाइ थियो।

ट्रम्पलाई भेट्दै दक्षिण कोरियाली राष्ट्रपति ली

सोल / दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेट्ने तयारी गरेका छन्। आफ्नो देशको सबैभन्दा नजिकको महत्त्वपूर्ण सहयोगीका रूपमा उनको पहिलो भ्रमण हो। टोकियोमा जापानी प्रधानमन्त्री सिगेरु इसिबासँगको एकदिने बैठकपछि राष्ट्रपति ली ट्रम्पसँगको भेटका लागि वासिंटनतर्फ प्रस्थान गरेका छन्। दुई नेताबिचको शिखर सम्मेलन जुलाईमा भएको व्यापार सम्झौतापछि भएको हो।

सम्झौतामा वासिंटनले दक्षिण कोरियामाथिको पारस्परिक भन्सार महसुल सुरुमा प्रस्ताव गरिएको २५ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा झार्ने सहमति जनाएको थियो।

यो बैठक दक्षिण कोरियाका लागि महत्त्वपूर्ण छ। कोरियाको घरेलु राजनीतिक उथलपुथलले ट्रम्प प्रशासनसँगको सम्बन्ध अवरुद्ध भएको थियो।

भियतनाममा आँधी, ६ लाखलाई सुरक्षित स्थानमा सारियो

हनोई / भियतनामले काजिकी आँधी आउनुअघि पाँच लाख ८६ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सार्ने आदेश दिएको छ। आँधीले १६६ किलोमिटर प्रतिघण्टा (१०३ माइल प्रतिघण्टा) को गतिमा आउने मौसम पूर्वानुमानकर्ताले बताएका छन्। जमिनमा पुग्नुअघि यो अझ बलियो हुने अनुमान गरिएको छ। मध्य प्रान्त थान होआ, क्वाङ ट्राई, ह्यु र दा नाङका मानिसलाई घर छाड्न आदेश दिइएको छ। त्यस्तै, आँधीलाई लक्षित गर्दै उडान रद्द गरिएका छन्। डुंगाहरू किनारमा राख्न भनिएको छ। आँधी चीनको हाइनान हुँदै बगिरहेको छ, जहाँ देशको मौसम एजेन्सीले ३२० मिमीसम्म वर्षा हुने पूर्वानुमान गरेको छ।

बिबिसीका अनुसार टाइफुन काजिकी भियतनामको भित्री भागमा सर्दै जाँदा कमजोर हुने अनुमान गरिएको छ, तर अझै पनि २०० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने र ३००-४०० मिमी वर्षा हुने अनुमान गरिएको छ। दुईदेखि चार मिटरको आँधीबेहरी पनि आउने अनुमान गरिएको छ।

गाजामा भयावह भोकमरी

गाजामा लगभग पाँच लाख १४ हजार मानिसहरू अनिकालको सामना गरिरहेका छन्। यो गाजाको जनसंख्याको लगभग एकचौथाइ हो। सेप्टेम्बरको अन्त्यसम्ममा यो संख्या बढेर ६ लाख ४१ हजार पुग्ने अनुमान गरिएको छ।

गाजामा मानव निर्मित अनिकाल फैलिएकोमा हामी गहिरो रूपमा चिन्तित छौं। अगस्ट २२ मा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपिसी) प्रणालीले आधिकारिक रूपमा गाजा सहर र नजिकैका क्षेत्रमा भोकमरी घोषणा गऱ्यो। भोकमरी सम्पूर्ण गाजामा फैलिन सक्ने आइपिसीले चेतावनी दियो। आइपिसीले अफ्रिकाबाहिर अनिकाल घोषणा गरेको यो पहिलोपटक हो। यस विश्वव्यापी भोकमरी अनुगमन गठबन्धनका अनुसार लगभग पाँच लाख १४ हजार मानिसहरू (गाजाको जनसंख्याको लगभग एकचौथाइ) पहिले नै अनिकालको सामना गरिरहेका छन्। सेप्टेम्बरको अन्त्यसम्ममा यो संख्या बढेर ६ लाख ४१ हजार पुग्ने अपेक्षा गरिएको छ।

यस अन्यायपूर्ण युद्धको पछिल्लो २२ महिनामा इजरायली सेनाले गाजाको महत्त्वपूर्ण पूर्वाधारअन्तर्गतको निकै महत्त्वपूर्ण क्षेत्र (अस्पताल र बेकरी) नष्ट गरेको छ, मानवीय सहायता अवरुद्ध गरेको छ र खाद्य सहायता खोजिरहेका हतास प्यालेस्टिनीलाई लक्षित गरी मारेको छ। तर, जानाजानी भोकमरी र सहायताको अवरोधको प्रमाणका बाबजुद प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आइपिसीको निष्कर्षलाई 'सरासर झुट' भएको दाबी गरेका छन्। यो अस्वीकार्य गम्भीर चिन्ताजनक विषय हो, तथापि आश्चर्यजनक होइन।

अन्तर्राष्ट्रिय आक्रोशका बाबजुद इजरायलले गाजा सहर कब्जा गर्ने आफ्नो योजना अगाडि बढाइरहेको छ। इजरायली सेनाको निरन्तरको बमबारीले दैनिकजसो गाजावासीको ज्यान लिइरहेको छ। अहिलेसम्म मारिएका अधिकांश प्यालेस्टिनी सर्वसाधारण रहेका इजरायली सैन्य तथ्यांकले रिपोर्ट गरेको छ। रिपोर्टर्स विदाउट बोर्डर्सका अनुसार यस युद्धको क्रममा लगभग २०० पत्रकार पनि मारिएका छन्। २८ वर्षीय अनास अल-सरिफसहित चार अलजजिरा पत्रकारहरूको हालैको मृत्युले फेरि विश्वव्यापी आक्रोश निम्त्याएको छ। इजरायलले आफ्नो युद्ध अपराधको प्रमाण लुकाउन पत्रकारहरूलाई जानाजानी निशाना बनाएको यी लक्षित हत्याले यो स्पष्ट पारेको छ। नेतन्याहूले आइयपिसीको भोकमरी रिपोर्ट अस्वीकार गर्नुले मानवीय संकटको विश्वव्यापी जागरुकतालाई रोक्ने प्रयासलाई थप संकेत गर्दछ र इजरायलले जे भए पनि गाजामा आफ्नो आक्रमण विस्तार गर्न चाहन्छ भन्ने संकेत गर्दछ।

संयुक्तराष्ट्र संघका सहायता प्रमुख टम फ्लेचरका अनुसार फैलिरहेको अनिकाल पूर्ण रूपमा रोक्न सकिने थियो, तर 'इजरायलको योजनाबद्ध अवरोधका कारण', अभावमा रहेका प्यालेस्टिनीसम्म खाना पुग्न सकेन। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले युद्धविरामको माग गर्दै जारी संकटलाई निरन्तरता दिन नहुने बताएका छन्। त्यसकारण, विश्व नेताहरूले एकताबद्ध भएर आफ्नो आवाज उठाउनुपर्छ र गाजामा तत्काल र निर्बाध मानवीय सहायता पुऱ्याउन आवाज उठाउनुपर्छ।

गाजामा भएको अनिकाललाई कुनै पनि हालतमा रोक्नुपर्छ। सीमानाकामा खाना र औषधि निष्क्रिय हुँदा बालबालिकासहित निर्दोष नागरिकले घातक परिणामको सामना गर्छन्। जुन २०२६ सम्ममा पाँच वर्षमुनिका एक लाख ३२ हजारभन्दा बढी बालबालिका तीव्र कुपोषणबाट मृत्युको जोखिममा पर्न सक्ने आइपिसीको प्रक्षेपण अन्तर्राष्ट्रिय समुदायले अब कदम चाल्नुपर्छ भन्ने कडा चेतावनी हो। यसले इजरायललाई आफ्नो सैन्य कारबाही बढाउनुको सट्टा इजिप्ट र कतारको युद्धविराम प्रस्तावमा सहमत हुन दबाब बढाउनुपर्छ। गाजाका जनता उचित पहलको हकदार छन् न कि सहानुभूति।

द डेली स्टारबाट



तस्बिर : अल जजिरा

युद्धविराम प्रस्ताव अनुमोदन

जेरुसेलम / हमासले पछिल्लो युद्धविराम प्रस्तावलाई अनुमोदन गरेको मध्यस्थकर्तालाई जानकारी गराएको छ। साथै उसले गाजामाथिको इजरायली युद्ध अन्त्य गर्ने सम्बन्धमा वार्ता पुनः सुरु गर्न पनि तयार भएको बताएको छ। कतारी विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले यसको पुष्टि गरे। कतारका विदेशमन्त्रीसमेत रहेका प्रधानमन्त्री सेख मोहम्मद बिन अब्दुल रहमान बिन जसिम अल थानीले कायरोमा इजिप्टका राष्ट्रपति अब्दुल फताह अल-सिसीसँग वार्ता गरेपछि हमासको यो घोषणा आएको हो।

दोहामा एक पत्रकार सम्मेलनमा बोल्दै कतारी विदेश मन्त्रालयका प्रवक्ता अल अन्सारीले प्रस्तावबारे जानकारी दिए। प्रस्तावमा ६० दिनको अस्थायी युद्धविराम समावेश रहेको र त्यस अवधिमा ५० इजरायली बन्दीलाई प्यालेस्टिनी कैदीसँग आदानप्रदान गर्ने मुख्य विषय रहेको छ। युद्धविराम अवधिमा गाजामा इजरायली सेना पछाडि हटाएर गाजामा सहायता बढाइनेछ।

इजरायली पत्रिका 'द टाइम्स अफ इजरायल' र 'च्यानल १२' टिभीले हमासको प्रतिक्रिया इजरायलले पनि प्राप्त गरेको रिपोर्ट गरेका छन्। हमासको प्रतिक्रिया प्राप्त भएको समय इजरायल भने गाजापट्टीको कुनै समयको सबैभन्दा ठुलो र सम्पन्न बस्ती गाजा सहर कब्जा गर्ने योजनामा अगाडि बढाइरहेको छ। सहरमा व्यापक बमबारीबिच लाखौं प्यालेस्टिनी घाइते भएका छन्।

हमासको जवाफबारे टिप्पणी गर्दै इजरायली रक्षामन्त्री इजरायल काट्जले 'आफूहरू गाजा सहर कब्जा गर्न गम्भीर रूपमा अघि बढेपछि हमास डराए 'बन्दीहरूको रिहाइका लागि सम्झौतामा छलफल गर्न इच्छुक भएको' जवाफ दिए।

यसैबिच, नेतन्याहुको सरकारका उग्र-दक्षिणपन्थी अर्थमन्त्री बेजालेल स्मोट्रिचले अब गाजामा कुनै युद्धविराम सम्झौता नहुने बताए। 'गाजाको अभियानले आफू समूल नष्ट हुने हमासलाई थाहा छ। त्यसैले, ऊ आंशिक सम्झौतामा फर्केर आफ्नो विनाश रोक्न खोजिरहेको छ। हामीले शत्रुलाई जीवनदान दिनुहुँदैन,' स्मोट्रिचले भने। अल-अन्सारीका अनुसार हमासको भनाइमा इजरायलले कहिलेसम्म जवाफ दिने सम्बन्धमा कुनै समयसीमा नरहेको बताए।

इजिप्टका पूर्व सहायक विदेशमन्त्री हुसेन हरिदीका अनुसार हाल हमासले सहमति जनाएको प्रस्ताव डेढ महिनाअघि इजरायलले समर्थन जनाएकै हुबहु प्रस्ताव हो। तर, डेढ महिनाअघि हमासले प्रस्ताव समर्थन जनाएको थिएन। त्यसपछि इजरायल हमासलाई पराजित गर्ने भन्दै गाजा सहरमाथि आक्रमण योजना घोषणा गरेर अघि बढेको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १० भदौ ०८२

■ खासामा अड्किए १५ सय कन्टेनर

दसैँलक्षित सामान बोकेका ४५० गाडी समयमै आउन मुस्किल

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**



तातोपानीको कोदारीस्थित इको क्षेत्रमा नियमित गइरहने पहिरोले नेपालको आयातमा ठुलो असर परेको छ। २४ असारको बाढीले रसुवा-केरुङ सम्पर्कविच्छेद भएपछि त्यसको चाप स्वाभाविक रूपले तातोपानी नाकामा परेको हो।

तीन सातादेखि बन्द इको क्षेत्रमा नयाँ ट्र्याक निर्माण गरेर केही दिनदेखि कन्टेनर पास गरिएको थियो। तर, आइतबारको वर्षाले फेरि सोही क्षेत्रमा पहिरो गएकाले सडक अवरुद्ध छ। सडक डिभिजन कार्यालय चरिकोटले बन्द सडक खुलाउन प्रयत्न जारी राखे पनि साँघुरो भूगोल र वर्षाले समस्या थपिएको जानकारी दिएको छ। इको क्षेत्रमा रहेको एउटा अप्ठ्यारो उकालो चढ्न नसकेर कन्टेनर जाम हुने गरेका छन्।

नजिकिँदै गरेको दसैँ र तिहारका लागि ल्याइएका सामग्री लगभग चार सय ५० चिनियाँ कन्टेनर मितेरीपुलदेखि न्यालमसम्म लाइनमा छन्। नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीका अनुसार दसैँका लागि ल्याइएका फलफूल, लत्ताकपडा र जुत्ता-चप्पल बोकेका चिनियाँ कन्टेनर चार सय ५० जति खासा क्षेत्रमा छन्। चिनियाँ कन्टेनर एउटामा नेपाली दुई कन्टेनर सामान हुन्छ। वाणिज्य संघले ल्हासास्थित महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलासँग कुरा गरेर चिनियाँ पक्षलाई नेपाल पठाउने कन्टेनर संख्या वृद्धि गर्न अनुरोध गरेको कार्कीले बताए। खासा भन्सारले कन्टेनर संख्या बढाउने भने पनि नेपालतर्फ तातोपानीमा पहिरोले सडक अवरुद्ध भएकाले आयातमा समस्या देखिएको उनले प्रस्ट्याए। 'हामीले संख्या बढाऊ त भन्यौँ। तर, नेपालतर्फ नै समस्या छ,' उनले भने। कार्कीका अनुसार बाढी जानुअघि केरुङमा आएका चार सय कन्टेनर रेडिमेड र इलेक्ट्रोनिक्स सामग्री अहिलेसम्म गोदाममै रहेका छन्। टिमुरेबाट प्रवेश गरेका दुई सय नेपाली कन्टेनर पनि केरुङमा अड्किएका छन्। त्यसैगरी, जाडोका लागि ल्याइएका लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान र ठुला आयोजनाका लागि ल्याइएका सामान बोकेका एक हजार कन्टेनर खासादेखि ल्हासासम्म रहेका छन्।

तातोपानी भन्सारका सूचना अधिकृत सूर्य काफ्लेले इको पहिरो ठिक हुनासाथ चिनियाँ पक्षले कन्टेनर संख्या बढाउने तयारी गरेको बताए। 'हामीले खासा भन्सारसँग वी-च्याटमा नियमित कुराकानी गरिरहेका छौँ। पहिरो पन्छिनासाथ दैनिक २० वटासम्म कन्टेनर पठाउने कुरा भएको छ,' उनले भने। यद्यपि, दैनिक २० वटा पठाउँदा पनि दसैँलक्षित सामान समयमा नआइपुग्ने उनले प्रस्ट्याए। दसैँको १० दिनअघि मालसामान काठमाडौं पुगे मात्रै ती सामग्री उपभोक्तासम्म पुग्न सक्छ। पहिरोले सडक बन्द हुँदा झन्डै एक सय कन्टेनर फलफूल भरियाले बोकेर भन्सार ल्याइएको थियो। अब करिब २० कन्टेनर फलफूल खासामा छन्। भूकम्पपछिको पुनर्निर्माण, कैलाशमान सरोवरबाट फर्केका तीर्थयात्रु बोक्ने बसको चाप र विद्युतीय गाडीको जामका कारण खासा क्षेत्र अस्तव्यस्त छ। गत वर्षजस्तै यस वर्ष पनि नेपाली व्यापारीले दुःख पाएका छन् भने मूल्यवृद्धिले उपभोक्ता मारमा पर्ने निश्चित छ।

निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन अध्ययन समितिको प्रस्ताव

नियमावली संशोधन गरेर विद्युत् व्यापारको लाइसेन्स ६ भागमा वर्गीकरण गर्ने प्रस्ताव, न्यूनतम सीमा १५ करोड युनिट

मिलन विश्वकर्मा/नयाँ पत्रिका



ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको विद्युत् व्यापार अध्ययन तथा सुझाव समितिले प्रचलित विद्युत् ऐन, २०४९ लाई नै व्याख्या गरी निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन प्रस्ताव गरिएको छ। पूर्वऊर्जा सचिव दिनेशकुमार घिमिरेको संयोजकत्वमा गठित १० सदस्यीय समितिले सोमबार मन्त्रालयलाई अध्ययन प्रतिवेदन बुझाएको छ। त्यसमा निजी क्षेत्रलाई प्रचलित ऐनको व्याख्या गरी विद्युत् नियमावली, २०५० संशोधन गरेर निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन प्रस्ताव गरेको हो।

प्रचलित विद्युत् ऐनले निजी क्षेत्रलाई विद्युत् उत्पादन गर्न दिने व्यवस्था गरेको छ, तर विद्युत् व्यापारको परिकल्पना गरेको छैन। अहिले संसद्मा विचाराधीन विद्युत् विधेयक, २०८० मा पनि निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने प्रस्ताव छ। तर, त्यसले पूर्णता पाइसकेको छैन। यस्तो अवस्थामा अध्ययन समितिले प्रचलित ऐनकै व्याख्या गरी विद्युत् नियमावली संशोधन गरेर निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न सुझाव दिएको हो। नियमावलीमा नयाँ नियम थपेर निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिन प्रस्ताव गरिएको हो।

ऐनको दफा २१ मा 'कसैले यस ऐनबमोजिम उत्पादन गरेको विद्युत् एकमुस्ट बिक्री गर्न चाहेमा राष्ट्रिय ग्रिडमा समावेश हुने गरी नेपाल सरकारले खरिद गर्न-गराउन सक्नेछ,' भनिएको छ। त्यसमा 'गराउन सक्नेछ' भन्ने शब्दको व्याख्या गरी नियमावली संशोधन गर्न प्रस्ताव गरिएको छ।

यस्तै, दफा २२ को उपदफा २ मा 'अनुमतिपत्रप्राप्त व्यक्तिले आफूले उत्पादन गरेको विद्युत् विदेशमा निर्यात गर्न चाहेमा सो सम्बन्धमा नेपाल सरकारसँग सम्झौता गरी निर्यात गर्न सक्नेछ,' भनिएको छ। यसैगरी, दफा ४० मा 'यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ,' भनिएको छ। त्यसलाई समेत टेकेर नियमावली संशोधन गर्न प्रस्ताव गरिएको छ। प्रतिवेदनअनुसार विद्युत् व्यापारको लाइसेन्सका लागि विद्युत् विकास विभागमा आवेदन दिनुपर्नेछ। तर, लाइसेन्स वितरण गर्ने अधिकार भने ऊर्जा सचिवलाई दिइएको छ।

समितिले विद्युत् व्यापारलाई व्यवस्थित र दीर्घकालीन रणनीतिसँग जोड्न आन्तरिक तथा अन्तरदेशीय व्यापारमा छुट्टै कम्पनीमार्फत कार्य सञ्चालन गर्नुपर्ने, आवश्यक नीति तथा प्रचलित कानुन परिमार्जन गर्ने, प्रसारण पूर्वाधारको सुदृढीकरण र क्षेत्रीय बजार पहुँच सुनिश्चित गर्नेजस्ता विषयमा सुझाव दिएको छ।

प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशकसमेत रहेको समितिका सदस्य प्रबल अधिकारीले निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन प्रस्ताव गरेको बताए। नयाँ ऐन नआउने वेलासम्मका लागि अन्तरिम व्यवस्थास्वरूप यस्तो प्रस्ताव गरेको उनको भनाइ छ। 'मूलतः कानुनबाटै विद्युत् व्यापारलाई व्यवस्थित गर्न प्रस्ताव गरेका छौँ। तर, नयाँ ऐन नआउने वेलासम्मका लागि प्रचलित ऐनमै टेकेर विद्युत् व्यापारको लाइसेन्स निजी क्षेत्रलाई पनि दिन प्रस्ताव गरेका छौँ,' उनले भने, 'तर, यसलाई कसरी कार्यान्वयन गर्ने, त्यो सरकारको हातमा छ।'

अहिलेको अवस्थामा विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिता अपरिहार्य रहेको उनले बताए। 'सरकारले सन् ०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। त्यसमा साढे १३ हजार मेगावाट आन्तरिक खपत र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य लिइएको छ। अहिले नेपालमा विद्युत्का जडित क्षमता ३६ सय मेगावाट हुँदा आन्तरिक उच्च माग २३ सय मेगावाट हाराहारी छ।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM
8.25%p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

६ प्रकारका लाइसेन्स दिन प्रस्ताव, कुनलाई कस्तो मापदण्ड ?

प्रस्तावअनुसार निजी क्षेत्रले पनि आन्तरिक तथा बाह्य दुवै बजारमा विद्युत् व्यापार गर्न पाउने गरी प्रस्ताव गरिएको छ। साथै, निजी क्षेत्रलाई क, ख, ग, घ, ङ र च गरेर ६ वर्गको लाइसेन्स दिन प्रस्ताव गरिएको छ।

त्यसमा 'क' वर्गको लाइसेन्स पाएका कम्पनीले वार्षिक न्यूनतम तीन अर्ब युनिटबराबरको विद्युत् व्यापार गर्नुपर्छ। उनीहरूको नेटवर्थ भने दुई अर्ब रुपैयाँको हुनुपर्नेछ। 'ख' वर्गका कम्पनीले भने वार्षिक एक अर्ब ८० करोड युनिटदेखि तीन अर्ब युनिटसम्मको विद्युत् व्यापार गरेको हुनुपर्ने प्रस्ताव गरिएको छ।

'ग' वर्गका कम्पनीले वार्षिक ६० करोड युनिटदेखि एक अर्ब ८० करोड युनिटसम्मको विद्युत् व्यापार गरेको हुनुपर्ने प्रस्ताव गरिएको छ।

यस्तै, 'घ' वर्गका कम्पनीले वार्षिक ३० करोड युनिटदेखि ६० करोड, 'ङ' वर्गका कम्पनीले वार्षिक १५ करोड युनिटदेखि ३० करोड युनिटसम्म र 'च' वर्गका कम्पनीले वार्षिक १५ करोड युनिटसम्मको विद्युत् व्यापार गर्न पाउने प्रस्ताव गरिएको छ।

समितिका सदस्यसमेत रहेका स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का उपाध्यक्ष आनन्द चौधरीले निजी क्षेत्रलाई विद्युत् व्यापारमा निजी क्षेत्रको आवश्यकता बढ्दै गएको बताए। 'समितिले निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिन प्रस्ताव गरेको छ। यो यथाशीघ्र छिटो कार्यान्वयन हुनुपर्छ,' उनले भने, 'निजी क्षेत्र आएपछि यसको नतिजा पनि राम्रो आएको छ। अहिले विद्युत् उत्पादनमा निजी क्षेत्रकै योगदान उच्च छ। व्यापारको लाइसेन्स पायौँ भने आन्तरिक खपतसँगै निर्यात पनि बढाउन सक्छौँ।'

ऊर्जामन्त्री दीपक खड्काले विद्युत् व्यापारमा अब निजी क्षेत्रको समेत सहभागिता सुनिश्चित हुने बताए। नेपालको जलविद्युत् क्षमता सदुपयोग गर्न निजी क्षेत्रलाई पनि आन्तरिक तथा अन्तरदेशीय विद्युत् व्यापारमा समान अवसर दिनुपर्ने उनको भनाइ छ। विद्युत् निर्यात र आयातमा निजी क्षेत्रको सहभागिताले प्रतिस्पर्धा, दक्षता र लगानी बढाउनेछ।

लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/१० गते

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न मिति २०८२/०२/०५ र २०८२/०१/३० गतेको "आर्थिक अभियान" र नेपाल समाचारपत्र दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना साथै मिति २०८२/०३/२२ र २०८२/०३/२२ गते "आर्थिक अभियान" दैनिक पत्रिकामा लिलाम बिक्री सम्बन्धि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्दा समेत ऋण कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदि) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिल

महेन्द्रनगर शाखा :

१) ऋणी : कमला देवी बागचन, ना.प्र.नं. ७५–०१–७३–००४६१, जारी मिति : २०७३–०१–१६, कञ्चनपुर)
बुबा : मोहन नेपाली, पति : धिरेन्द्र बागचन, ससुरा : जितेन्द्र बहादुर बागचन
ठेगाना : भिमदत्त न.पा. वडा नं.- १८, गोबरीया कञ्चनपुर।

व्यक्तिगत जमानीकर्ताहरु:
क) कमला देवी बागचन, बुबा : मोहन नेपाली, ससुरा : जितेन्द्र बहादुर बागचन, पति : धिरेन्द्र बागचन
ख) राधा देवी बागचन, बुबा : धर्मै दमाई, ससुरा : काले बहादुर बागचन, पति : जितेन्द्र बहादुर बागचन
ग) धिरेन्द्र बागचन, बाजे : काले बहादुर बागचन, बुबा : जितेन्द्र बहादुर बागचन
ठेगाना : भिमदत्त न.पा. वडा नं.- १८, कञ्चनपुर

कर्जा शिर्षक : महालक्ष्मी होम ईक्युटी टर्म

धितो सुरक्षणको विवरण :
श्री मोहन नेपालीको छोरी, काले बहादुर बागचनको बुहारी, जितेन्द्र बहादुर बागचनको पत्नि भिमदत्त न.पा. वडा नं. १८ कञ्चनपुर बस्ने राधा देवी बागचनको नाममा मालपोत कार्यालय महेन्द्रनगर कञ्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १८ स्थित कि.नं. ११४७१ क्षे.फ. ३४७.१८ वर्ग.मि. भएको जग्गा, सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापात समेत।

वौनिया शाखा :

२) ऋणी : लल्ता प्रसाद साइकल स्टोर, (प्रो. लल्ता प्रसाद कठरिया, ना.प्र.नं. : ३९१३-६१०, जारी मिति : २०४६/०३/२०, कैलाली)
दर्ता नं. : २३७८०/०७३/७४, दर्ता मिति : २०७३।११।२३, (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी कैलाली)
पा.न : ६०५८०६०५०
ठेगाना : जोशीपुर गा.वि.स. वडा नं. ०१, लक्कड कैलाली, हाल : जोशीपुर गाउँपालिका वडा नं. ०३, लक्कड कैलाली

व्यक्तिगत जमानीकर्ताहरु:
क) लल्ता प्रसाद कठरिया, बाबु : माल पोतीया कठरिया, बाजे : बालु कठरिया
ख) जमुना देवी कठरिया, बाबु : बभना कठरिया, पति : लल्ता प्रसाद कठरिया, ससुरा : माल पोतीया कठरिया

कर्जा शिर्षक : व्यापार कर्जा टर्म

धितो सुरक्षणको विवरण :
श्री बालु कठरियाको नाती, माल पोतीया कठरियाको छोरा, कैलाली जिल्ला जोशीपुर गा.वि.स. वडा नं. ०१, लक्कड कैलाली, हाल कैलाली जिल्ला जोशीपुर गाउँपालिका वडा नं. ०३, लक्कड टोल बस्ने लल्ता प्रसाद कठरियाको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली लालपुरवाणी गा.बि.स. वडा नं. ५ स्थित कि.नं. ६९३ क्षेत्रफल ०-१-५ कट्ठा (वि.क.धु.) भएको जग्गा तथा सोको लिगलगापात समेत।

(१) शिलबन्दी बोलपत्र पेश गर्ने स्थान महालक्ष्मी विकास बैंक लि.को शाखा कार्यालयहरु
(२) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०५/१६ (सोमबार कार्यालय समय भित्र)
- खोलिने मिति : २०८२/०५/१७ (मंगलबार दिनको ३ बजे)
- स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्वन्धीत शाखा कार्यालय

(३) शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) शिलबन्दी बोलपत्र पेश गर्नेले आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी वापत बैंक दाखिला गर्नु पर्नेछ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले ७ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ। बाँकी रकम जम्मा भए पश्चात् बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा. नामसारीको लागि सम्वन्धीत कार्यालयलाई पत्राचार गरि दिनेछ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलबन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ। एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कबोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदि) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदि समेत कबोलकर्ताले नै व्यहोर्नु पर्नेछ। घरबाटो सिफारिसको लागि सम्वन्धीत कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछ:-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित)।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि।
(४) कर चुक्ता गरेको प्रमाणपत्र।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र
(६) शिलबन्दी बोलपत्र फारम बैंकको सम्वन्धीत शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

नेपालको क्रेडिट रेटिङ २४ भदौबाट

गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले बिबी माइनस ग्रेड पाएको थियो

नयाँ पत्रिका

अर्थ मन्त्रालयले नेपालको क्रेडिट रेटिङ गराउन गृहकार्य अघि बढाएको छ। नेपालमा रेटिङ गर्न आगामी २४, २५ र २६ भदौमा अन्तर्राष्ट्रिय रेटिङ एजेन्सी फिचको टोली नेपाल आउने भएपछि मन्त्रालयले आवश्यक प्रक्रिया अघि बढाएको हो। सहज रूपले रेटिङको प्रक्रिया सम्पन्न भएमा मंसिरको मध्यसम्ममा ग्रेडसहितको प्रतिवेदन प्राप्त गर्ने अर्थ मन्त्रालयको अनुमान छ।

नेपालले यो वर्षको सार्वभौम क्रेडिट रेटिङको गृहकार्य सुरु गरेको छ। क्रेडिट रेटिङको तयारीका लागि सोमबार अर्थ मन्त्रालयमा बसेको बैठकमा नेपालले हासिल गरेका उपलब्धिलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने निर्णय गरेको छ। बैठकमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालले एक वर्षमा उल्लेखनीय प्रगति गरेको सन्देश जाने गरी तयारी गर्न निर्देशन दिए। बैठकमा अर्थतन्त्र, नीति तथा कानुनी क्षेत्र र सुशासनका क्षेत्रमा भएका सुधारका साथै राजनीतिक स्थायित्व, सडक, पर्यटन, जलविद्युत्लगायतमा हासिल भएका उपलब्धिलाई प्राथमिकता दिनेबारे छलफल भएको छ।

गएको वर्ष फिचले नेपालको रेटिङ गरेको थियो। फिचसँग नेपालले दुई वर्षको रेटिङका लागि सम्झौता गरेको थियो। फिचको टोलीले रेटिङका क्रममा सरोकारवाला निकायसँग अन्तर्वार्ता लिने भएकाले त्यसको आवश्यक तयारी गरिरहेको मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराईले जानकारी दिए। उनले भने, 'फिचको टोलीले नेपाल आएपछि रेटिङका लागि आवश्यक विषयसँग सम्बन्धित सबै निकायका अधिकारीसँग अन्तर्वार्ता लिन्छ। त्यसका लागि आवश्यक तयारी भइरहेको छ। फिचले रेटिङका क्रममा आवश्यक कागजातसमेत मगाउन सक्छ।'

गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले बिबी माइनस ग्रेड पाएको थियो। विगतको तुलनामा सूचकहरू सुधारोन्मुख रहेकाले यसपालिको रेटिङमा स्वाभाविक रूपमा ग्रेडमा स्तरोन्नति हुने अनुमान गरिएको भट्टराईको भनाइ छ। फिचले इन्भेस्टमेन्ट ग्रेड र स्पेक्युलेटिभ ग्रेड गरी रेटिङका ग्रेडलाई दुई भागमा विभाजित गरेको छ। इन्भेस्टमेन्ट ग्रेडमा पर्ने रेटिङले कर्जाको जोखिम न्यून रहेको अवस्थालाई जनाउँछ भने स्पेक्युलेटिभ ग्रेडले कर्जाको उच्च जोखिम वा कर्जा नतिरेको अवस्थालाई देखाउँछ। इन्भेस्टमेन्ट ग्रेडअन्तर्गत एएए, एए, ए र बिबिबी ग्रेड छन्। कर्जाको जोखिम न्यून रहेको उच्चतम अवस्थालाई एएएले इंगित गर्छ। बिबिबीले इन्भेस्टमेन्ट ग्रेडको तल्लो सीमामा रहेको देखाउँछ। स्पेक्युलेटिभ ग्रेडअन्तर्गत बिबी, बी, सिसिसी, सिसी, सी, आरडी र डी पर्छन्। इन्भेस्टमेन्ट ग्रेडबाट खस्किएर एक स्थान तल रहेको अवस्थालाई बिबी ग्रेडले जनाउँछ। डी ग्रेडले कर्जाको उच्चतम जोखिमलाई जनाउँछ।

सार्वजनिक ऋण पौने २७ खर्ब पुग्यो

काठमाडौं/ नेपाल सरकारले भुक्तानी गर्नुपर्ने सार्वजनिक ऋण पौने २७ खर्ब पुगेको छ। चालू आव ०८२/८३ को पहिलो महिना साउन मसान्तसम्ममा सरकारले तिर्न बाँकी कुल ऋण २६ खर्ब ८३ अर्ब ६० करोड रुपैयाँबराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ।

गत असार मसान्तसम्म सरकारले तिर्न बाँकी ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड थियो। साउन महिनामा मात्र १४ अर्ब दुई करोड रुपैयाँ ऋण बढेको हो। सो अवधिमा सरकारले तिर्न बाँकी आन्तरिक ऋण १२ खर्ब ८१ अर्ब १२ करोड पुगेको छ। बाह्य ऋण १४ खर्ब दुई अर्ब ४७ करोड रुपैयाँ पुगेको छ। कुल ऋणमा वैदेशिक ऋणको हिस्सा ५२.२६ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.७४ प्रतिशत पुगेको छ। देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा ऋणको हिस्सा ४३.९४ प्रतिशतबराबर पुगेको हो। साउनमा सरकारले कुल ४४ अर्ब ५७ करोड ४८ लाख रुपैयाँ ऋण परिचालन गरेको छ। जसमा ४० अर्ब आन्तरिक ऋण र चार अर्ब ५७ करोड ४८ लाख बाह्य ऋण रहेको छ। सरकारले चालू आवमा कुल पाँच खर्ब ५९ अर्ब ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। त्यस्तै, ऋण सेवामा कुल चार खर्ब ११ अर्ब खर्च हुने अनुमान गरिएको छ।

■ साँवा-ब्याज साढे ३६ अर्ब भुक्तानी

सरकारले साउन महिनामा ऋण सेवामा साढे ३६ अर्ब रुपैयाँ खर्चिएको छ। यस अवधिमा सरकारले ऋण सेवाअन्तर्गत साँवा भुक्तानीमा ३० अर्ब ५५ करोड ११ लाख र ब्याज भुक्तानीमा ६ अर्ब १३ करोड ३१ लाख खर्चिएको हो। सरकारले आन्तरिकतर्फ २७ अर्ब १० करोड साँवा र पाँच अर्ब १३ करोड ब्याज गरी कुल ३२ अर्ब २३ करोड ७३ लाख रुपैयाँ खर्चिएको छ। त्यस्तै, बाह्यतर्फ तीन अर्ब ४५ करोड ११ लाख साँवा र ९९ करोड ५८ लाख ब्याज गरी कुल चार अर्ब ४४ करोड ६९ रुपैयाँ खर्चिएको हो। सरकारले साउनमा ऋण सेवामा गरेको कुल खर्च जिडिपीको तुलनामा ०.६ प्रतिशतबराबर हो।

उखु किसानको आन्दोलन थप कडा

'प्रतिक्विन्टल ७० रुपैयाँ सरकारी अनुदान सुनिश्चित नभएसम्म आन्दोलन नरोकिने'

नयाँ पत्रिका

उखु किसानले प्रतिक्विन्टल ७० रुपैयाँ सरकारी अनुदान माग गर्दै थालेको आन्दोलनलाई थप सशक्त बनाएका छन्। आइतबार माइतीघर मण्डलामा भेला भई आन्दोलन सुरु गरेका किसानले सोमबार १२ बजेबाट माइतीघर धर्ना दिनुको सट्टा नयाँ बानेश्वरसम्म र्‍याली गरेका छन्।

उखु उत्पादक महासंघका संयोजक श्यामबाबु रायले सरकारलाई दबाब दिन आन्दोलन थप कडा पारिएको बताए। 'लामो समयदेखि पाइरहेको सरकारी अनुदान यो वर्षदेखि कटौती गर्ने सरकारको निर्णयबाट सबै उखु किसान निराश छौँ,' उनले भने, 'त्यसैले किसानहरू सोमबार आक्रोशित मुद्रामा प्रस्तुत भएका हुन्।' माइतीघर-बानेश्वर रुटमा र्‍याली गर्दा किसानले 'भिख होइन, अधिकार चाहिन्छ, उखु कृषकको शोषण बन्द गर, सरकारको लापरबाही स्वीकार छैन, विगतको अनुदान अविलम्ब भुक्तान गर, किसान मार्न पाइँदैन,'लगायतका नारा लगाएका थिए।

महासंघका अनुसार मोरङ, सुनसरी, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी र कञ्चनपुरका करिब ६ सय किसान आन्दोलनका लागि काठमाडौंमा भेला भएर १५ भदौभित्र माग पूरा गर्न सरकारलाई दबाब दिएका छन्। आन्दोलनका लागि आएका उखु किसान संघर्ष समिति, सर्लाहीका अध्यक्ष रामस्वार्थ रायले श्रमिकको अधिकार पाउन दुःख भोग्दै आउनुपरेको गुनासो गरे। 'हामीले अधिकार लिन पटक-पटक आन्दोलन गर्नुपर्ने बाध्यता बनेको छ,' उनले भने, 'अहिले पनि सरकारी अनुदान खोसिएकोमा निरन्तरता हुनुपर्छ भन्ने माग राखेर आन्दोलनमा छौँ।' उनले माग पूरा नभएसम्म आन्दोलन नरोकिने बताए।

उखु किसानले कृषिमन्त्रीसँग गरे वार्ता



किसान प्रतिनिधिले सोमबार करिब ११ बजे सिंहदरबारमा कृषिमन्त्री रामनाथ अधिकारीसँग भेट गरेका थिए। भेटमा मन्त्री अधिकारीले किसानका समस्या समाधानका लागि अधिकतम पहल भइरहेको आश्वासन दिए। 'मन्त्रीज्यूले प्रतिक्विन्टल ७० रुपैयाँ नै किसानले पाउनुपर्छ भनेर वकालत गरिरहेको छु भन्नुभयो,' संयोजक रायले भने, 'सोमबारको मन्त्रिपरिषद्बाट पनि केही समाधान निकाल्न आश्वस्त पार्नुभएको छ।'

पाँच वर्षअघि पनि काठमाडौंमा गरेका थिए आन्दोलन

पाँच वर्षअघि ०७७ मंसिरमा किसानले उद्योगीबाट ९० करोड रुपैयाँ भुक्तानी नपाएको भन्दै काठमाडौंकेन्द्रित आन्दोलन गरेका थिए। त्यसपछि सरकारको समन्वयमा उद्योगीबाट किसानको पैसा असुल गरिएको थियो। अहिले उद्योगीले दिने बक्यौता नरहेको, तर सरकारले नै किसान ठग्न लागेकाले बाध्य भएर आन्दोलनमा उत्रनुपरेको सर्लाहीको गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवले बताए। उनी पनि आइतबारदेखि किसानसँगै आन्दोलनमा छन्। सर्लाही सबैभन्दा बढी उखुखेती हुने जिल्ला हो। सर्लाहीको पनि गोडैतामा धेरै उखुखेती हुने गरेको छ।

मेयर यादवले पाँच वर्षअघि उद्योगीविरुद्ध आन्दोलन गरेर पैसा असुलेकाले अहिले फेरि सरकारविरुद्ध आन्दोलन गरेर खोसिएको अनुदान फिर्ता पाउने अपेक्षा राखेको बताए। 'उखुखेती फस्टाएर चिनीमा आत्मनिर्भर हुन लागेका वेला सरकारी अनुदान कटौती गर्नु राम्रो होइन,' उनले भने, 'बरु थपिदिनुपर्छ।'

उनले गत आवको प्रतिक्विन्टल ३५ रुपैयाँका दरले भए पनि तत्कालै रकम निकासा गरिदिनुपर्ने पनि बताए। 'अहिलेलाई आधा रकम मात्रै निकासा गरे पनि किसानले दसैँ, तिहार र छठ मनाउने थिए,' उनले भने, 'थप रकमका लागि फेरि पहल गर्दा हुने थियो, तर सरकाले यो पनि मानेको छैन।'

राष्ट्रिय वाणिज्य बैंकले घर किन्न पाँच करोडसम्म कर्जा दिने

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकले चाडपर्वलक्षित विभिन्न कर्जामा अफर सार्वजनिक गरेको छ। जसअनुसार बैंकले घरकर्जा २० वर्ष अवधिका लागि ६.३० प्रतिशतमा पाँच करोडसम्म प्रदान गर्ने जनाएको छ। त्यसैगरी, विद्युतीय सवारीसाधन खरिद गर्न सात वर्ष अवधिको ६.१० प्रतिशत ब्याजदरमा एक करोडसम्म र इन्धन प्रयोग हुने सवारीसाधन खरिद गर्न ६.८० प्रतिशत ब्याजदरमा सात वर्षसम्मका लागि एक करोडसम्म कर्जा प्रवाह गर्न सकिने बताइएको छ।

चाडपर्वको समयमा सवारीसाधन तथा घर खरिद गर्नेहरूको संख्या अधिक रहने भएका कारण सेवाग्राहीलाई सहज होस् भन्ने उद्देश्यका साथ चाडपर्व विशेष कर्जा अफर ल्याएको बैंकको भनाइ छ।

एनआइसी र ल्यान्डमार्कबिच सम्झौता



काठमाडौं/ एनआइसी एसिया बैंक र ल्यान्डमार्क होटेल्स एन्ड रिसोर्टबिच छुटसम्बन्धी समझदारी भएको छ। यससँगै बैंकका ग्राहकले देशका विभिन्न ठाउँमा सञ्चालनमा रहेको ल्यान्डमार्क रिसोर्टमा सेवा लिएर डिजिटल भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यस्तो छुट खाना तथा पेय पदार्थमा १० प्रतिशत र आवास सेवा लिँदा १५ प्रतिशतसम्म हुनेछ। पोखरा, तनहुँ, काठमाडौं, भैरहवा, भरतपुर र चितवनमा सञ्चालनमा रहेको उक्त रिसोर्टमा छुट उपलब्ध हुने बताइएको छ।

आइएमई लाइफको वार्षिकोत्सवमा फुटसल प्रतियोगिता



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो आठौं वार्षिकोत्सवको अवसरमा मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजन गरेको छ। कम्पनीले कर्पोरेट कार्यालय, शाखा कार्यालय र व्यवस्थापन समूहका कर्मचारीबिच फुटसल प्रतियोगिता आयोजना गरेको हो। कम्पनीद्वारा 'खेलकुदमार्फत स्वास्थ्य, एकता र ऊर्जा' भन्ने नाराका साथ आयोजित प्रतियोगितामा कम्पनीका विभिन्न विभाग र शाखाका कर्मचारीको उत्साहपूर्ण सहभागिता रहेको थियो।

कार्यक्रमको उद्देश्य कर्मचारीबिच आपसी समन्वय, टिमवर्क र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्नुका साथै कार्यस्थलमा ऊर्जा र उत्साह थप्नु रहेको कम्पनीले जनाएको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलरक्षक र शीर्ष गोलकर्तालाई पुरस्कार प्रदान गरिएको थियो।

करेन्ट प्वाइन्टको तेस्रो शाखा शंखमूलमा



काठमाडौं/ हट एन्ड स्पाइसी नुडल्स सेग्मेन्टमा छुट्टै पहिचान बनाउन सफल करेन्ट नुडल्सको उत्पादक यशोदा फुड्सले 'करेन्ट प्वाइन्ट'को तेस्रो शाखा शंखमूलमा सञ्चालनमा ल्याएको छ। कम्पनीले यसअघि बुटवल र अनामनगरमा शाखा सञ्चालनमा ल्याइसकेको छ। हिन्दु नारीको चाड हरितालिका तिजको दर खाने दिन पारी कम्पनीले शाखा सञ्चालनमा ल्याएको जनाएको छ।

कार्यक्रममा बोल्दै यशोदा फुड्सका अध्यक्ष चुन्नप्रसाद पौडेलले अनामनगर र बुटवलमा करेन्ट प्वाइन्टले पाएको माया र सफलताले आफूहरूलाई शंखमूलमा पनि शाखा विस्तार गर्न प्रेरित गरेको बताए। उनले भने, 'काठमाडौंका नुडल्स पारखीहरू, विशेष गरी पिरो र चटपटे स्वाद मन पराउनेका लागि शंखमूललाई एउटा उत्कृष्ट गन्तव्य बनाउने हाम्रो लक्ष्य हो।'

त्यसैगरी, कम्पनीका ग्लोबल सिइओ जिपी शाहले करेन्ट प्वाइन्ट र करेन्ट स्न्याक्स तथा नुडल्स रेन्जबारे प्रकाश पारेका थिए।

करेन्ट प्वाइन्टमा करेन्ट नुडल्सका विभिन्न परिकार उपलब्ध हुनेछन्। विशेष गरी यहाँ ग्राहकले नुजा, यम्मी स्लर्प, क्रिस्पी रोल्स र चिज पकेटजस्ता नयाँ र आकर्षक परिकारको स्वाद लिन पाउने कम्पनीको भनाइ छ। साथै, ग्राहकले आफ्नो रुचिअनुसारको मसला र स्वाद पनि रोज्न सक्नेछन्। नयाँ आउटलेटले काठमाडौंवासीलाई नौलो र स्वादिलो स्वादको अनुभव प्रदान गर्ने विश्वास कम्पनीले लिएको छ।

Announcement of Name Change

Simran Jaiswal resident of Bagbazar-28, Kathmandu, Nepal, hereby declares that my father's name has been incorrectly mentioned as **Shambhu K Jaiswal** in my CBSE Class 10 and 12 Board Certificates. The correct name is **Shambhu Kumar Jaiswal**. Affidavit sworn on 25 August, 2025 before Jaymangal Prasad, Regd. No. 1814.

नेपाल निर्माण व्यवसायी महासंघ

अनामनगर, काठमाडौं
फोन नं. : ५७०५६११, ५७०६१५९, ५७०६१८७

कोटेशन आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१०

यस महासंघको मिति : २०८२/०५/१३ गते राजधानीमा हुने विशेष साधारण सभाको दिन ८ सय जनालाई विहानको ब्रेकफास्ट, दिउँसोको खाना र रातीको खानाका लागि क्याटरिङ सेवा उपलब्ध गराउन इच्छुक कम्पनीहरूले कम्पनीको आवश्यक कागजात सहित तीन दिन अर्थात् मिति : २०८२/०५/१२ गतेको कार्यालय समय भित्र यस महासंघमा कोटेशन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि महासंघको सचिवालयमा सम्पर्क गर्न हुन समेत अनुरोध छ।

रोशन दाहाल
महासचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

कामना सेवा विकास बैंक लिमिटेडको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०५/१०

कामना सेवा विकास बैंकको स्वामित्वमा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८२/०५/२४ गते दिनको ४:३० बजे (सो दिन सार्वजनिक बिदा परेमा सो लगते बैंक खुलेको दिन) भित्र तपशिलमा उल्लेखित अचल सम्पत्ति खरिद गरिलिन इच्छुक महानुभावहरुलाई बोलपत्र फारममा उल्लेखित शर्तको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र कामना सेवा विकास बैंक लिमिटेडको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरु वा कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा पेश गर्नु हुन आव्हान गरिन्छ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात २०८२/०५/२५ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्ते बैंक खुलेको दिन) दिनको ठीक ४:३० बजे यस बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा खोलिने हुँदा उक्त दिन बोलपत्रदाता वा प्रतिनिधिलाई उपस्थित हुन सूचित गरिन्छ तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

तपसिल

क्र.सं.	जिल्ला	गा.पा/न.पा	सिट नं.	कित्ता नं.	क्षेत्रफल/(वर्गमिटर)	कैफियत
१	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	दुम्कीबास-०३	३	४०५	५२१०	सम्पूर्ण लिगलगापात समेत
		दुम्कीबास-०३	३	४०६	९२०	सम्पूर्ण लिगलगापात समेत
		अर्ग्यौली-०६	६ग	६०६	०-५-१५-० (१९४६.८५)	सम्पूर्ण लिगलगापात समेत
		अर्ग्यौली-०६	६ग	५७३	०-४-४-० (१४२२.०५)	सम्पूर्ण लिगलगापात समेत
२	मकवानपुर	हटिया-०१	१	८९७६	०-०-५-० (८४.६५)	सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	८९७८	०-०-३-० (५०.७९)	सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११४	०-०-८.७५-० (१४८.१४)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११६	०-०-६.५-० (११०.०५)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११८	०-०-४.७५-० (८०.४२)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
३	लमजुङ्ग	रम्घा-०७	७	९६३	०-१२-०-१ (३८३.५४)	सम्पूर्ण लिगलगापात समेत
		रम्घा-०७	७	२१६९	०-५-२-० (१७४.८८)	सम्पूर्ण लिगलगापात समेत
४	महोत्तरी	औरही-०३	३क	८०६	०-३-११.५-० (१२१०.६४)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०३	३क	७७६	०-४-६-० (१४५६.१५)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०९	९क	२८४	०-२-४.५-० (७५३.४७)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०३	३क	१६०३	०-४-९-० (१५०६.९५)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०६	६	२२	०-५-५-० (१७७७.८६)	सम्पूर्ण लिगलगापात समेत
५	प्यूठान	बाङ्गेसाल-०५	५	११५२	१४	सम्पूर्ण लिगलगापात समेत
		बाङ्गेसाल-०५	५	११५१	१६३	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		बाङ्गेसाल-०५	५	१२१०	६६०	घर लगायत सम्पूर्ण लिगलगापात समेत
६	झापा	दमक-१४	१७९००१५२५	१११	३५४.४८	सम्पूर्ण लिगलगापात समेत
		शिवगंज-०९	९	१४२८	०-१२-१५-० (४३१७.६५)	सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७३३	०-२-४-० (७४४.९८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७३५	०-०-१६-० (२७०.८८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७४५	०-१-६-० (४४०.२१)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		बहुनडाँगी	४	१०६६	१-०-०-० (६७७२.६३)	सम्पूर्ण लिगलगापात समेत
		बहुनडाँगी	४	५१२	०-६-०-० (२०३१.७८)	सम्पूर्ण लिगलगापात समेत
७	मोरङ	मधुमल्ला-०५	५ढ	३४	०-०-६-० (१०१.५९)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५च	२९१	०-१-०-० ३३८.५८	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५च	८३२	०-१-०-० (३३८.५८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०८	८ङ	३०८	०-३-०-० (१०१५.९२)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०८	८ङ	४०५	०-२-१२-२ (८८८.८८)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०१	१ङ	६४४	०-०-१५-० (२५३.९४)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५घ	४९०४	०-१०-१६-० (३६५७.१८)	सम्पूर्ण लिगलगापात समेत
		वयरवन-०९	९ओ	५१६	०-१८-०-० (६०९५.३४)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		डाङ्गीहाट-०९	९क	४५२	०-७-१०-० (२५३९.३७)	सम्पूर्ण लिगलगापात समेत
				४५३	०-७-१०-० (२५३९.३७)	सम्पूर्ण लिगलगापात समेत
		कदमाहा-०१	१७८०७१०	४३६	१३४८०	सम्पूर्ण लिगलगापात समेत
८	रुपन्देही	आनन्दवन-०८	८ख	८८९	०-०-१६-० (२७०.९१)	सम्पूर्ण लिगलगापात समेत
		गंगोलिया-०२	२क	९९८	०-१-०-० (३४७.०५)	सम्पूर्ण लिगलगापात समेत
		केरवानी-०५	५ख	७०६	०-४-९-० (१५०६.९५)	सम्पूर्ण लिगलगापात समेत
		केरवानी-०५	५ख	७०८	०-३-११-० (१२०२.१७)	सम्पूर्ण लिगलगापात समेत
		गंगोलिया-०२	२क	७	०-२-३-० (७२७.९५)	सम्पूर्ण लिगलगापात समेत
९	स्याङ्जा	वालिङ्ग-०४	४	२०६०	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६१	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६२	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६३	०-३-०-२ (९९.३६)	सम्पूर्ण लिगलगापात समेत
१०	धनुषा	जनकपुर-०८	१३१५१७	३१८	०-१-९-२ (४९९.४९)	सम्पूर्ण लिगलगापात समेत
११	सिराहा	नैनपुर-०५	५ ख	३५३	०-३-०-० (१०१५.८९)	सम्पूर्ण लिगलगापात समेत
		नैनपुर-०५	५ ख	८४२	०-०-७-० (११८.५१)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		नैनपुर-०६	६ ख	४०७	०-४-०-० (१३५४.५२)	सम्पूर्ण लिगलगापात समेत
		असनपुर-०७	७ ख	२०८	०-६-१२-० (२२३४.९४)	सम्पूर्ण लिगलगापात समेत
१२	बाँके	चटार-०१	१ क	६३३	०-१-०-० (३३८.६३)	सम्पूर्ण लिगलगापात समेत
		चटार-०१	१ क	७७२	०-०-१०-० (१६९.३०)	सम्पूर्ण लिगलगापात समेत
		चटार-०१	१ क	३३३	०-०-१०-० (१६९.३०)	घर लगायत सम्पूर्ण लिगलगापात समेत

थप जानकारी:

- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली बिभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- माथि उल्लेखित क्र.सं.अनुसार खरिद गर्न चाहेको सम्पत्तिको लागि कित्ता नं. अनुसारको छुट्टा छुट्टै मूल्य उल्लेख गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बैंकलाई स्वीकार्य हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टा छुट्टै रुपमा बिक्री गर्न सकिनेछ।
- अन्य शर्त बन्देजहरु बोलपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०५/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।
साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

असन शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०९९७०/०७५/०७६ अन्तर्गत मिति २०७५/११/२१ मा दर्ता कायम भएको **जी.एन.एल.एफ.ग्रुप अफ कम्पनीज प्रा.लि.** कम्पनी दर्ता ठेगाना : कीर्तिपुर न.पा. -४, तल्लो गाम्चा, काठमाडौं स्थायी लेखा नं. ६०६७३३२३०, मिति २०७५/१२/०१ **संचालकहरु : सरोज कुमार पौडेल, सलिन बाचे मगर, कल्पना गुरुङ्ग, दिपक गुरुङ्ग र आर्या श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**यम बहादुर बाचे मगर** ना.प्र.नं. ९३७७, जारी मिति २०४८/०४/१० जि.प्र.का. नवलपरासी (ब.सु.पू) बाबुको नाम : प्रताप सिं वाचे मगर बाजेको नाम : जुद्ध वीर वाचे मगर स्थायी ठेगाना : देवचुली न.पा.-९, नवलपरासी (ब.सु.पू)

व्यक्तिगत जमानत दिनेको विवरण

दिपक गुरुङ्ग ना.प्र.नं. २७०३४, जारी मिति २०६२/०९/१३ जि.प्र.का. काठमाडौं बाबुको नाम : वीर बहादुर गुरुङ्ग बाजेको नाम : लक्ष्मण गुरुङ स्थायी ठेगाना : कीर्तिपुर न.पा. -७, काठमाडौं	**जसिना गुरुङ** ना.प्र.नं. २७-०१-७१-०२८०६ जारी मिति २०७१/०५/२६ जि.प्र.का. काठमाडौं बाबुको नाम : टिका बहादुर खड्का पतिको नाम : दिपक गुरुङ ससुराको नाम : वीर बहादुर गुरुङ्ग स्थायी ठेगाना : कीर्तिपुर न.पा. -७, काठमाडौं	**आर्या श्रेष्ठ** ना.प्र.नं. २७-०१-७५-०४७१३ जारी मिति २०७५/०३/१८ जि.प्र.का. काठमाडौं बाबुको नाम : अनिश श्रेष्ठ बाजेको नाम : बाबुराम श्रेष्ठ स्थायी ठेगाना : कीर्तिपुर न.पा. -६, काठमाडौं	**कल्पना गुरुङ्ग** ना.प्र.नं. ३८२९८, जारी मिति २०६३/०५/०८ जि.प्र.का. काठमाडौं बाबुको नाम : वीर बहादुर गुरुङ्ग बाजेको नाम : लक्ष्मण गुरुङ स्थायी ठेगाना : कीर्तिपुर न.पा. -७, काठमाडौं
रण कुमारी गुरुङ ना.प्र.नं. ६४६/०४५ जारी मिति २०४५/०२/०३ जि.प्र.का. काठमाडौं बाबुको नाम : सन्त सिं गुरुङ पतिको नाम : बिर बहादुर गुरुङ ससुराको नाम : लक्ष्मण गुरुङ स्थायी ठेगाना : देउराली -९, गोर्खा हालको ठेगाना : कीर्तिपुर न.पा. -७, काठमाडौं	**सरोज कुमार पौडेल** ना.प्र.नं. १५८८३७१० जारी मिति २०६०/०७/१२ जि.प्र.का. पर्सा बाबुको नाम : दुर्गा प्रसाद पौडेल बाजेको नाम : एकदेव पौडेल स्थायी ठेगाना : बिरुवागुठी -१, पर्सा हालको ठेगाना : ललितपुर म.न.पा.-२१, ललितपुर	**सलिन बाचे मगर** ना.प्र.नं. ३६२०११/४५७ जारी मिति २०६७/१२/२१ जि.प्र.का. नवलपरासी बाबुको नाम : यम बहादुर बाचे मगर बाजेको नाम : प्रताप सिं वाचे मगर स्थायी ठेगाना : देवचुली -१, नवलपरासी हालको ठेगाना : देवचुली न.पा.-९, नवलपरासी (ब.सु.पू.)	**पदम माया वाचे मगर** ना.प्र.नं. ५१६-२९१ जारी मिति २०४४/११/०६ जि.प्र.का. नवलपरासी बाबुको नाम : छविलाल पतिको नाम : यम बहादुर वाचे मगर ससुराको नाम : प्रताप सिं वाचे मगर स्थायी ठेगाना : डाँडाझेरी -८, नवलपरासी हालको ठेगाना : देवचुली न.पा.-९, नवलपरासी (ब.सु.पू.)

चारआली शाखा, झापा

ऋणीको विवरण

१. बाह्रदशी गाउँपालिका, ०६ नं वडा कार्यालय, साधुकूटी झापा १ नं. प्रदेशमा दर्ता नं. ०६ अन्तर्गत मिति २०७५/०८/२० मा दर्ता कायम भएको **होटल बाह्रदशी ईन** फर्म दर्ता ठेगाना : बाह्रदशी गा.पा. -६, झापा स्थायी लेखा नं. ६०८९४६२९२, मिति २०७५/०९/१० **प्रोप्राइटर तथा जमानतकर्ता : जस बहादुर राई** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	२. **जस बहादुर राई** ना.प्र.नं. १८२४११७७, जारी मिति २०५९/१०/०८, जि.प्र.का. झापा बाबुको नाम : सेर ब. राई बाजेको नाम : हाङदीमान राई स्थायी ठेगाना : चकचकि -७, झापा हालको ठेगाना : बाह्रदशी गा.पा. -६, झापा **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

प्रतिमा राई ना.प्र.नं. ०४३०१७/६२६, जारी मिति २०६३/११/०२ जि.प्र.का. झापा बाबुको नाम : राम बहादुर राई पतिको नाम : जस बहादुर राई ससुराको नाम : सेर ब. राई स्थायी ठेगाना : बाह्रदशी गा.पा. -६, झापा	**छत्रमाया राई** ना.प्र.नं. १८२४/३०६, जारी मिति २०४६/०३/२४ जि.प्र.का. झापा बाबुको नाम : रुपध्वज राई पतिको नाम : सेर कुमार राई ससुराको नाम : हाङदीमान राई स्थायी ठेगाना : चकचकि -७, झापा हालको ठेगाना : बाह्रदशी गा.पा. -६, झापा	**सेर कुमार राई** ना.प्र.नं. १८२४१३९९, जारी मिति २०३६/११/२४ जि.प्र.का. झापा बाबुको नाम : हाङदीमान राई स्थायी ठेगाना : चकचकि -७, झापा हालको ठेगाना : बाह्रदशी गा.पा. -६, झापा

गोलबजार शाखा, सिरहा

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. १११६२/२०७६/०७७ अन्तर्गत मिति २०७६/०७/२५ मा दर्ता कायम भएको **साक्षी कलेक्सन** फर्म दर्ता ठेगाना : धनगढीमाई न.पा. -१०, सिरहा स्थायी लेखा नं. ६१२३९०७४६, मिति २०७६/०७/२५ **प्रोप्राइटर तथा जमानतकर्ता : प्रज्ञा सिंह** **कर्जा शिर्षक : आवधिक कर्जा**	२. **प्रज्ञा सिंह** ना.प्र.नं. १५२००५/४८३, जारी मिति २०६६/०९/२३, ई.प्र.शा. लहान, सिरहा बाबुको नाम : संजय कुमार सिंह पतिको नाम : विजय कुमार महतो ससुराको नाम : राम पुत महतो स्थायी ठेगाना : लहान -३, सिरहा हालको ठेगाना : धनगढीमाई न.पा.-१०, सिरहा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

विन्दा देवी कोइरीन ना.प्र.नं. ५२६०-७००४-१३३१, जारी मिति २०४६/०३/१७ जि.प्र.का. सिरहा पतिको नाम : राम पुत महतो ससुराको नाम : पति लाल महतो स्थायी ठेगाना : फुल्कहाकट्टी -४, सिरहा हालको ठेगाना : धनगढीमाई न.पा.-१०, सिरहा	**विजय कुमार महतो** ना.प्र.नं. १५१००५/४३०, जारी मिति २०६५/०८/०३ जि.प्र.का. सिरहा बाबुको नाम : राम पुत महतो बाजेको नाम : पति लाल महतो स्थायी ठेगाना : लहान -३, सिरहा हालको ठेगाना : धनगढीमाई न.पा.-१०, सिरहा	**राम पुत महतो** ना.प्र.नं. ५२६०१७१९/७५६०, जारी मिति २०३५/१२/२१ जि.प्र.का. सिरहा बाबुको नाम : पति लाल महतो बाजेको नाम : महगु महतो स्थायी ठेगाना : लहान -३, सिरहा हालको ठेगाना : धनगढीमाई न.पा.-१०, सिरहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
३. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, लहान, सिरहामा प्रा.फ.र.नं. ७४३०/०७४/७५ अन्तर्गत मिति २०७४/१०/१४ मा दर्ता कायम भएको **शिव गंगा कलेक्सन** फर्म दर्ता ठेगाना : मिर्चैया न.पा. -९, सिरहा स्थायी लेखा नं. ६०७४४१७१०, मिति २०७४/१०/१५ **प्रोप्राइटर : आनन्द कुमार सिंह** **कर्जा शिर्षक : आवधिक कर्जा**	**सुमित्रा कुमारी महतो** ना.प्र.नं. १५-०१-७३-०७७७१ जारी मिति २०७३/०९/१४, जि.प्र.का. सिरहा बाबुको नाम : हरि नारायण महतो पतिको नाम : आनन्द कुमार सिंह ससुराको नाम : रोहित महतो स्थायी ठेगाना : गोलबजार न.पा. -७,सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा	**आनन्द कुमार सिंह** ना.प्र.नं. १५-०१-७१-०५५४१ जारी मिति २०७१/०८/०१ जि.प्र.का. सिरहा बाबुको नाम : रोहित महतो बाजेको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रलालपुर -७, सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा

व्यक्तिगत जमानत दिनेको विवरण

शशि कुमार सिंह ना.प्र.नं. १९६५४०१० जारी मिति २०६२/०५/२६ जि.प्र.का. सिरहा बाबुको नाम : रोहित महतो बाजेको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रलालपुर -७, सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा	**सुनिता सिंह** ना.प्र.नं. १५१०२२/११० जारी मिति २०६५/०७/०१ जि.प्र.का. सिरहा बाबुको नाम : सुकदेव महतो पतिको नाम : शशि कुमार सिंह ससुराको नाम : रोहित महतो स्थायी ठेगाना : धनगढी -२, सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा	**रोहित महतो** ना.प्र.नं. १०५९/९५६ जारी मिति २०४४/१२/२४ जि.प्र.का. सिरहा बाबुको नाम : गजाधर महतो बाजेको नाम : रामफल महतो स्थायी ठेगाना : चन्द्रोदयपुर -५, सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा	**मिना देवी महतो** ना.प्र.नं. ५९३ जारी मिति २०५४/०४/०८ जि.प्र.का. सिरहा बाबुको नाम : कुशेश्वर प्र. महतो पतिको नाम : रोहित महतो ससुराको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रोदयपुर -५, सिरहा हालको ठेगाना : गोलबजार न.पा.-८, सिरहा

बालाजु चोक शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
संजय के. सी ना.प्र.नं. १/३५४४० जारी मिति २०६७/०२/२६, जि.प्र.का. धादिङ्ग बाबुको नाम : बालकृष्ण के. सी. बाजेको नाम : यम बहादुर के. सी. स्थायी ठेगाना : जीवनपुर -७, धादिङ्ग हालको ठेगाना : नागार्जुन न.पा.-२, काठमाडौं **कर्जा शिर्षक : घर कर्जा**	**सुष्मीता थापा** ना.प्र.नं. ३१३०३७/६२८, जारी मिति २०६३/१०/१३, जि.प्र.का. मकवानपुर बाबुको नाम : कृष्ण बहादुर थापा पतिको नाम : संजय के. सी. ससुराको नाम : बालकृष्ण के. सी. स्थायी ठेगाना : दामन -२, मकवानपुर हालको ठेगाना : नागार्जुन न.पा.-२, काठमाडौं

बनेपा शाखा, काभ्रे

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
रुपक कुमार श्रेष्ठ ना.प्र.नं. ८६९२९, जारी मिति २०५६/०७/१५, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबुको नाम : ध्रुव कुमार श्रेष्ठ बाजेको नाम : बिष्णु कुमार श्रेष्ठ स्थायी ठेगाना : छत्रेवाझ -१, काभ्रे हालको ठेगाना : बनेपा न.पा. -५, काभ्रे **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**सनम शाक्य (बुद्धाचार्य)** ना.प्र.नं. १४८९७८, जारी मिति २०६२/१२/२०, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबुको नाम : ब्रतकाजी बुद्धाचार्य पतिको नाम : रुपक कुमार श्रेष्ठ ससुराको नाम : ध्रुव कुमार श्रेष्ठ स्थायी ठेगाना : शंखुपाटीचौर -७, काभ्रे हालको ठेगाना : बनेपा न.पा. -५, काभ्रे

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

महिला लिग छनोटमा ह्याट्रिक गर्ने चार खेलाडी

राष्ट्रिय महिला लिग छनोटमा २० खेल सकिँदा चार खेलाडीले ह्याट्रिक गरेका छन् । लिगमा अहिलेसम्म ७० गोल पूरा भएको छ ।

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भइरहेको राष्ट्रिय महिला लिग छनोटको आधा चरण सकिँदै छ । राष्ट्रिय महिला लिग खेल्ने लक्ष्यका साथ छनोट चरणमा १४ क्लब सहभागी छन् । छनोट खेलमा अहिलेसम्म ४३ मध्ये २० खेल सकिँदा चार खेलाडीले ह्याट्रिक गरेका छन् । लिगमा स्टुडेन्ट्स फुटबलकी सविना तामाङ, झापा एएफसीकी इमा राई, न्युरोड टिम (एनआरटी)की सजिना स्याङ्तान र आरएस रिसोर्टकी सरिता विकले ह्याट्रिक गरेका छन् ।

पहिलो चरणमा ७० गोल भएको छ । प्रतिखेल औसत ३.५ रहेको छ । यो लिगबाट पाँच टिम महिला लिगमा छनोट हुनेछन् । दुई समूहका दुई विजेता र उपविजेता सीधै महिला लिगमा छनोट हुनेछन् । दुई समूहका तेस्रोबिचको विजेताले महिला लिगमा स्थान बनाउने एन्फाले जनाएको छ । यसपटक महिला लिगमा सहिद स्मारक 'ए' डिभिजन लिगमा आबद्ध संकटासहित न्युरोड टिम (एनआरटी) र चर्च ब्वाइज युनाइटेडले पनि प्रतिस्पर्धा गरिरहेका छन् । नेपाल सुपर लिगको फ्रेन्चाइज क्लब झापा एफसी र बुटवल लुम्बिनीको सहभागिता रहेको छ । राष्ट्रिय लिगमा छनोटका लागि सञ्चालन भइरकेको प्रतियोगितामा अहिलेसम्म ह्याट्रिक गरेका खेलाडी यस्ता छन् ।

▸ सविना तामाङ (स्टुडेन्ट्स फुटबल)



महिला लिग छनोटमा सविना ह्याट्रिक गर्ने पहिलो खेलाडी हुन् । काठमाडौंको स्टुडेन्ट्सबाट खेलिरहेकी सविनाले सिन्धुपाल्चोक फुटबल क्लबविरुद्ध पाँचौं खेलमा लिगकै पहिलो ह्याट्रिक गरिन् । यस खेलमा स्टुडेन्ट्सले सिन्धुपाल्चोकलाई ३-१ ले हराएको थियो । स्टुडेन्ट्सको जितमा तीनै गोल सविनाले गरेकी थिइन् । उनले पहिलो हाफमा एक तथा दोस्रो हाफमा दुई गोल गरिन् । उनले पहिलो हाफको इन्जुरी समयमामा एक गोल गरेकी थिइन् । त्यसपछि खेलको ७४औं र ८८औं मिनेटमा गोल गर्दै प्रतियोगिताकै उनी पहिलो ह्याट्रिक खेलाडी गर्ने खेलाडी बनिन् । उनले समग्रमा लिगमा पाँच गोल गरेकी छिन् । उनले छहारी युवा क्लब र रियलेविरुद्ध समान एक गोल गरेकी थिइन् ।

▸ इमा राई (झापा एफसी)



झापा एफसीकी इमा महिला लिग छनोटमा ह्याट्रिक गर्ने दोस्रो खेलाडी हुन् । उनले कास्कीको नेपाल वेस्ट म्यानेजमेन्ट महिलाविरुद्ध एक्लै तीन गोल गरेकी थिइन् । उनले खेलको २५औं, ५७औं र ९०औं मिनेटमा गोल गरी ह्याट्रिक पूरा गरिन् । लिगको छैटौं खेलमा झापा ७-० ले विजय हुँदै महत्त्वपूर्ण तीन अंक बटुलेको थियो । इमा मोरङकी खेलाडी हुन् । झापा नेपाल सुपर लिग क्लबको क्लब हो । पुरुष फुटबलपछि झापाले महिला टोली बनाएको हो ।



▸ सरिता विक (आरएस रिसोर्ट)



आरएस रिसोर्ट एन्ड बिच क्लबबाट सरिताले महिला लिग छनोट खेलिरहेकी छिन् । यो क्लब पहिलोपटक महिला लिग छनोट खेलिरहेको हो । छनोट चरणको १९औं खेलमा आरएसले सिन्धुपाल्चोकविरुद्ध ८-३ ले हराएको थियो । जसमा सरिताले ह्याट्रिक पूरा गरेकी हुन् । सगम्रमा लिगको यो चौथो ह्याट्रिक हो । उनले सिन्धुपाल्चोकविरुद्ध पहिलो हाफमा एक गोल गरेकी थिइन् । दोस्रो हाफमा उनले तीन गोल गरिन् । सरिताले खेलको ३९औं, ७०औं, ८५औं र ८८औं मिनेटमा गोल गरिन् । यस खेलमा इशा चौधरीले दुई गोल गर्दा सलिना सरु र तुलसी शाहीले समान एक गोल गरेका थिए ।

▸ सजिना स्याङ्तान (एनआरटी)

सजिना महिला लिग छनोटमा तेस्रो ह्याट्रिक गर्ने खेलाडी हुन् । एनआरटीले कैलालीको लम्की ट्रेनिङ सेन्टलाई ७-२ ले हराउँदा सजिनाले ह्याट्रिक गरेकी थिइन् । उनले अहिलेसम्म प्रतियोगितामा चार गोल गरेकी छिन् । लम्कीविरुद्ध सजिनाले पहिलो हाफमा एक तथा दोस्रो हाफमा दुई गोल गरेकी थिइन् । खेलको ११औं मिनेटमा पहिलो गोल गरेकी उनले ६७औं र ८५औं मिनेटमा गोल गर्दै ह्याट्रिक लगाइन् । लम्कीविरुद्ध प्रतीक्षा ठकुरी र टासी लामा शेर्पालेसमान दुई गोल गरेका थिए । नेपाल खेलकुदविरुद्ध ३-१ को जित निकाल्दा सजिनाले एक गोल गरेकी थिइन् । ए डिभिजन लिगमा आबद्ध एनआरटी क्लब महिला लिग खेल्ने दोस्रो क्लब हो । संकटाले लगातार दोस्रोपटक लिग खेलेको छ ।

■ भारतमा अनलाइन गेमिङको नयाँ कानुन

बिसिसिआईको ६ अर्ब १७ करोडको प्रायोजन रद्द

कानुन लागू भएसँगै भारतीय राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रायोजकबाट ड्रिम ११ पछि हट्यो

एजेन्सी

भारतमा अनलाइन गेमिङसम्बन्धी नयाँ कानुन लागू भएसँगै यसको ठुलो असर क्रिकेटमा परेको छ । फ्यान्टेसी स्पोर्टस् कम्पनी ड्रिम ११ र भारतीय क्रिकेट बोर्ड (बिसिसिआई) बिचको मुख्य प्रायोजकको सम्झौता रद्द भएको छ । ड्रिम ११ ले भारतको क्रिकेटसँग कुनै पनि किसिमको प्रायोजन नगर्ने जनाएको छ । ड्रिम ११ ले बिसिसिआईसँग सन् २०२३ देखि २०२६ सम्मका लागि ६ अर्ब १७ करोड नेपाली रुपैयाँको सम्झौता गरेको छ ।

कानुन लागू भएसँगै ड्रिम ११ ले पैसा लिएर दिने आफ्ना सबै सेवा बन्द गरिसकेको छ । यसैकारणले ड्रिम ११ ले भारतीय टोलीको मुख्य प्रायोजकबाट पछि हटेको भारतीय सञ्चारमाध्यमले जनाएको छ । बिसिसीआईका सचिव देवजित सैकियाले अनलाइन गेमिङसम्बन्धी नयाँ ऐन लागू भएपछि ड्रिम ११ सँगको साझेदारी तोडेको बताएका छन् । अब भारतीय टोली ९ सेप्टेम्बरदेखि सुरु हुने एसिया कपमा प्रायोजकविहीन हुनेछ । 'नयाँ ऐन लागू भएपछि बिसिसीआईले ड्रिम ११ सँगको साझेदारी तोडेको छ । भविष्यमा यस्ता संस्थासँग कुनै सम्बन्ध राखिनेछैन,' देवजितले भने ।

ड्रिम ११ र अर्को फ्यान्टेसी स्पोर्टस् कम्पनी माई ११ सर्कलले मिलेर भारतीय क्रिकेट टोली र आइपिएलको प्रायोजनमार्फत बिसिसिआईलाई एक हजार करोड भारतीय रुपैयाँ दिँदै आएका छन् । भारतको केन्द्र सरकारले हालै संसद्का दुवै सदनबाट 'अनलाइन गेमिङको प्रवर्द्धन तथा नियमन ऐन २०२५' पारित गरेपछि पैसा राखेर खेलिने अनलाइन गेमिङलाई प्रतिबन्ध लगाएको हो । नयाँ कानुनले सामाजिक गेमिङ र शुल्क तिरेर खेल्नेलाई अनुमति दिए पनि वास्तविक पैसाको बाजी राख्ने खेलमाथिको प्रतिबन्ध लगाएको हो ।

भारतीय सञ्चारमाध्यमका अनुसार नयाँ कानुनसँगै ड्रिम ११ को आम्दानीको सबैभन्दा ठुलो हिस्सा गुमेको छ । 'हामी कानुनको पालना गर्ने कम्पनी हौं । हामीले आफ्नो व्यापार सधैं कानुनको दायरामा रहेर गरेका छौं,' ड्रिम ११ ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रगतिशील कानुन ल्याएको भए अझ राम्रो हुन्थ्यो । तर, पनि हामी कानुनको सम्मान गर्नेछौं र अनलाइन गेमिङको प्रवर्द्धन तथा नियमन विधेयक, २०२५ को पूर्ण रूपमा पालना गर्नेछौं ।'

९० प्रतिशत आम्दानी अनलाइनबाटै

फ्यान्टेसी बजारका सबै ठुला कम्पनीको कम्तीमा ९० प्रतिशत आम्दानी यसै अनलाइनबाट आउँछ । आइपिएलको आधिकारिक फ्यान्टेसी पार्टनरका रूपमा माई ११ सर्कल हो । उसले बिसिसिआईलाई वार्षिक एक सय २५ करोड रुपैयाँ तिर्छ ।

'कुनै पनि व्यक्तिले अनलाइनमा पैसा राखेर खेल्ने खेलका लागि सेवा दिन, सहयोग गर्न, उक्साउन वा त्यसमा संलग्न हुन पाउनेछैन,' नयाँ सरकारी ऐनमा भनिएको छ, 'साथै, यस्ता खेल खेल्नका लागि प्रोत्साहन गर्ने कुनै पनि किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष विज्ञापन गर्न पनि पाइनेछैन ।' ड्रिम ११ ले सम्झौता तोडेबापत ठुलो जरिवाना तिर्नुपर्दैन । ड्रिम ११ र बिसिसिआईको सम्झौतामा विशेष प्रावधानमा सरकारले कुनै नयाँ नियम वा कानुन ल्याएमा जरिवानामा छुट मिल्ने लेखिएको छ ।

खेल संक्षेप

राखेपले वार्षिकोत्सवमा १८ विधामा पुरस्कृत गर्ने

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आफ्नो ६२औं वार्षिकोत्सवमा पाँचजना खेलाडीसहित विभिन्न १८ विधामा सम्मान गर्ने भएको छ । १३ भदौमा राखेपकै हातमा हुने वार्षिकोत्सवमा सिनियर र जुनियरमा समान एक-एक पुरुष र महिला गरी चार र एक पाराखेलाडीलाई नगदसहित सम्मान गरिने राखेपले जनाएको छ । सिनियरमा सम्मानित हुने पुरुष र महिलाले समान एक लाख रुपैयाँ पाउनेछ ।

ज्ञानोदयको दोहोरो जित

काठमाडौं/ आयोजक ज्ञानोदय बालवाटिका माविले ३१औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबलमा सोमबार दोहोरो जित हात पारेको छ । ज्ञानोदयको पुरुष र महिलातर्फ जित निकालेका हुन् । पुरुषमा ज्ञानोदयले ओएसिसलाई ३५-३२ ले पराजित गऱ्यो । महिलामा ज्ञानोदयले मल्पी सिटीलाई २६-७ ले सहजै हरायो । पुरुषतर्फ मल्पी सिटीले क्रिएटिभ एकेडेमीलाई ४१-१५ ले पाखा लगायो ।

रिब्स फाइनलमा

काठमाडौं/ स्वर्णिम र रिब्स तेस्रो न्यु जेनिथ कपअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ सोमबार फाइनलमा प्रवेश गरेका छन् । स्वर्णिमले ग्यालेक्सी पब्लिक स्कुललाई ४१-११ ले पराजित गऱ्यो । रिब्सले राराहिललाई २७-१७ ले हरायो । प्रतियोगिताको पुरुषतर्फ ज्ञान निकेतन र कन्स्टलेसनले उपाधि भिडन्त पक्का गरेका छन् । ज्ञान निकेतनले पुष्पसदनलाई ६७-५१ ले पाखा लगायो ।

जेभियर्स अन्तिम आठमा

काठमाडौं/ काठमाडौं जेभियर्स पब्लिक स्कुल दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ । जेभियर्सले इस्टपोललाई २२-७ ले पराजित गऱ्यो । सिनियर महिलामा पर्ल्स एकेडेमीले आकाशदीपलाई २६-१० ले हरायो । लोर्डस् लाइटले नेमोनिकलाई २५-२४ र भेनसले मनकामनालाई १५-७ ले हराए । सिनियर पुरुषमा यङ हाट्सले भेनस पब्लिकलाई ३५-१३ ले पराजित गरेको छ । काठमाडौं जेभियर्सले क्रिस्टिएनलाई ६२-४० ले हरायो ।

लुम्बिनीले छान्यो ट्यालेन्ट हन्टबाट खेलाडी

काठमाडौं/ लुम्बिनी लाभाजले दोस्रो एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल)का लागि ट्यालेन्ट हन्टबाट जानकी केसीलाई छनोट गरेको छ । मुख्य प्रशिक्षक भरत यादव र कप्तान अरुणा शाहीलगायतको प्राविधिक टोलीले केसीलाई छनोट गरेको हो । लुम्बिनीकी म्यानेजर स्तुति निरौलाले ट्यालेन्ट हन्टबाट आएकी खेलाडी केसीसँग सम्झौता गरेकी छिन् ।

म्यानेजर निरौलाले स्थानीय खेलाडीको छनोटले टोलीको प्रदर्शन र हौसला बढाउन सहयोग पुग्ने बताइन् । लुम्बिनीले अक्सनबाट राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुण शाहीसहित कमला विष्ट, अलिसा मानन्धर, शान्तिकला तामाङ, अनुशा चौधरी, रोमा महतो, जेनिसा विश्वकर्मा र रिकजना माझीलाई अनुबन्धन गरेको छ ।

यसैगरी, साबिक विजेता कर्णाली यसभिसले ब्राजिलियन खेलाडी मायरा भिक्टोरियालाई अनुबन्धन गरेको छ । यसअघि कर्णालीले ब्राजिलकै चर्चित महिला भलिबल खेलाडी आना फ्लाभियालाई भित्र्याएको थियो । लिगका लागि काठमाडौं र ललितपुरले विदेशी खेलाडीको कोटा पूरा गरेका छन् । मधेश र लुम्बिनीले पनि विदेशी खेलाडी भित्र्याइरहेका छन् । कर्णाली उपाधि रक्षा गर्ने उद्देश्यका साथ ब्राजिलका अनुभवी खेलाडी अनुबन्ध गरेको जनाएको छ ।

■ लामाचौर कप भलिबल

जिएम समाज र ढुंगेदेउराली फाइनलमा



कास्की/ जिएम समाज र ढुंगेदेउराली क्लबले सोमबार पोखरामा चलिरहेको लामाचौर कप खुला पुरुष भलिबल प्रतियोगिताको फाइनल स्थान पक्का गरेका छन् । नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा भइरहेको प्रतियोगिताको पहिलो सेमिफाइनलमा समूह 'बी'को उपविजेता जिएम समाजले समूह 'ए'को विजेता आयोजकलाई ३-० को सोझो सेटमा हराउँदै अन्तिम दुई स्थान सुरक्षित गरेको हो ।

जिएम समाजले पहिलो सेट २५-१३, दोस्रो सेट २५-२० र तेस्रो सेट २५-२० स्कोर गरेको हो । खेलमा विजयी टोलीका विश्वास अधिकारी म्यान अफ दी म्याच भइन् । अर्को सेमिफाइनलमा स्याङ्जाको ढुंगेदेउराली क्लबले नेपाल एपिएफ क्लबलाई ३-० ले निराश बनाउँदै जिएम समाजसँगको उपाधि भिडन्त पक्का गरेको हो । समूह 'बी'को विजेता एपिएफमाथि समूह 'ए'को उपविजेता ढुंगेदेउरालीले २५-१९, २५-२३ र २५-१९ ले पाखा लगाएको हो ।

विजेताले तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ हात पार्नेछन् । यसैगरी, प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले १० हजार रुपैयाँ जित्नेछन् ।

टी-२० क्रिकेटमा साकिबले बनाए कीर्तिमान

बंगलादेशका अलराउन्डर साकिब अल हसन टी-२० फर्म्याटमा पाँच सय विकेट लिनुका साथै सात हजार रन पूरा गर्ने विश्वकै पहिलो बायाँहाते बलर बने



टी-२० फर्म्याटमा पाँच सय विकेट लिने

बलर	राष्ट्र	विकेट
रसिद खान	अफगानिस्तान	६६०
डवाने ब्राभो	वेस्ट इन्डिज	६३१
सुनील नारिन	वेस्ट इन्डिज	५९०
इमरान ताहिर	द.अफ्रिका	५५४
सकिब अ.हसन	बंगलादेश	५०२

एजेन्सी

बंगलादेशका बायाँहाते अलराउन्डर साकिब अल हसनले टी-२० क्रिकेटमा पाँच सय विकेट पूरा गरेका छन् । उनी यो सफलता प्राप्त गर्ने विश्वकै पाँचौं बलर हुन् ।

पाँच सय विकेट लिने पहिलो बाँयाहाते स्पिनरका रूपमा साकिबले कीर्तिमान पनि बनाएका छन् । उनले टी-२० फर्म्याटमा सात हजार रन जोड्ने पहिलो बायाँहाते खेलाडी हुन् । क्यारेबियन प्रिमियर लिग (सिपिएल)मा एन्टिगुवा एन्ड बरबुडा फाल्कन्सबाट खेल्दै उनले आइतबार राति टोलीलाई जित दिलाउने क्रममा दुईवटा रेकर्ड राखे । उनले सेन्ट किट्स एन्ड नेभिस प्याट्रियट्सविरुद्ध ११ रन मात्र दिएर तीन विकेट लिएका थिए ।

यसअघि, अफगानिस्तानका रासिद खान (६६०), वेस्ट इन्डिजका ड्वेन ब्राभो (६३१) र सुनील नारिन (५९०) र दक्षिण अफ्रिकाका इमरान ताहिर (५५४)ले सफलता प्राप्त गरेका थिए । साकिब पहिलो बायाँहाते स्पिनरका रूपमा ५०० विकेटको क्लबमा प्रवेश गरेका हुन् । प्याट्रियट्सले पहिले ब्याटिङ गर्दै एक सय ३३ रन बनाएको थियो । फाल्कन्सले निर्धारित ओभरअगाडि नै लक्ष्य पूरा गऱ्यो । लक्ष्य पछ्याएको इनिङ्समा साकिबले १८ बलमा २५ रन जोडेका थिए । बलिङ क्रममा साकिबलाई पाँच सय विकेट संख्या पूरा गर्न एक विकेटको खाँचो थियो ।

उनले पाकिस्तानका मोहम्मद रिजवानलाई १५औं ओभरमा कट एन्ड बोल्ड गर्दै पाँच सय विकेटको कीर्तिमान पूरा गरे । त्यसपछि अर्को ओभरमा उनले दुई विकेटका रूपमा मायर्स र नवीन बिडासलाई आउट गरे । खेलमा उनले ११-३ को रेकर्ड राखे । वेस्ट इन्डिजका ब्राभोले टी-२० खेलमा ६ हजार ९७० रन र ६३१ विकेट लिएका छन् । वेस्ट इन्डिजकै एन्ड्रे रसेल रेकर्ड पछ्याइरहेका छन् । उनले नौ हजार ३६१ रन र ४८७ विकेट लिएका छन् ।

साकिबले टी-२० मा नौपटक प्लेयर अफ द सिरिजको अवार्ड जितेका छन् । टी-२० फर्म्याटमा सर्वाधिक म्यान अफ दी सिरिज हुने खेलाडीमा उनी पर्छन् । भारतका विराट कोहली दोस्रो स्थानमा छन् ।

"आठबीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली, दैलेख
कर्णाली प्रदेश, नेपाल

राष्ट्रिय दैनिक पत्रिकामा सूचना एंव विज्ञापन प्रकाशन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०५/१०)

यस आठबीस नगरपालिकाको बिभिन्न सूचनाहरू राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरू बीच प्रतिस्पर्धा गरी सबैभन्दा बढि छुट कबोल गर्ने वा न्युनतम दर कबोल गर्ने विज्ञापन एजेन्सीबाट सूचना प्रकाशनको कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्नका लागि ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सीले तपशिलको कागजपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. सिलबन्दी दरभाउपत्र साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, प्यान भ्याट दर्ता लगायतका अन्य आवश्यक कागजातहरू पेश गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फाराम (BOQ) यस कार्यालयको वेबसाइट www.aathabismun.gov.np बाट download गर्न सकिनेछ, BOQ साथ रु १,०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं.०६३०१४००२५००८५ (नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.) मा दाखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ र उक्त रकम फिर्ता हुने छैन ।

३. नियमानुसार सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८२/०५/२४ गते) कार्यालय समयभित्र यस नगर कार्यपालिकको कार्यालयमा दररेट पेश गरी सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६औं दिनको १:०० बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४. दररेट पेश गर्ने फर्म वा व्यवसायीले रु १,००,०००/- (अक्षरुपी एक लाख रुपैया मात्र) यस नगरपालिकाको धरौटी खाता नं. ०६३०१४००२५००३० (नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.) मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन मान्य अवधी भएको कार्यसम्पादन जमानत शिलबन्दी प्रस्ताव साथ पेश गर्नुपर्नेछ, ।

५. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखि पेश भएको प्रस्तावहरू स्वीकृत गरिने छैन ।

६. प्रस्ताव पेश गर्ने फर्म तथा विज्ञापन एजेन्सीहरूले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ । अन्य अधिकार नगरपालिकामा निहित हुनेछ ।

७. यस सूचनामा उल्लेखित शर्तहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

(बिनोद कुमार माझी)
प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com